२६२

# भक्तपुर मासिक

Bhaktapur Monthly

कार्तिक २०७५



# नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता

- भक्तपुर नपा निर्वाचन घोषणापत्रकै आधारमा काम गर्दैछ
- आफ्नो पिता (मार्क्स) बारे छोरीको संस्मरण
- भक्तपुर नपाको सहकारी ऐन-२०७४ का मुलभूत व्यवस्थाहरु
- सम्पदा संरक्षण गर्न भक्तपुर नगरपालिकासँग सिकौं
- Making Bhaktapur a rain-efficient city
- भक्तपुर नगरपालिकाका गतिविधिहरु

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{ #%⭑cÆ !@⭑g];⁼!#(⭑lj⁼;⁼@)&%sflt§⭑A.D.2018

कार्यालय : कमलविनायक (पुरानो जनस्वास्थ्य भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : कृतिका प्रजापति

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : राजु

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


नेपाल संवत् ११३९

न्हू दँया

भिन्तुना !



eQmk'/ gu/kflnsf kl/jf/

(तस्बिर : इन्टरनेट)

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

# ‘समय र सागरको लहरले कसैको प्रतीक्षा गर्दैन ।’ – रिचर्ड ब्रेथकेट

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | ‘खेलकुद शारीरिक व्यायामको निम्ति मात्र नभई मित्रताको निम्ति पनि हो’ | का.रोहित– | ३ |
| २) | खेलकुद प्रतियोगिताको पुरस्कार वितरण र समापन | – | ६ |
| ३) | ३८ औं नेपालभाषा साहित्य त:मुंज्या सम्पन्न | – | १८ |
| ४) | दुई दिने नेपाल–चीन फोटोग्राफी प्रदर्शनी | – | २१ |
| ५) | भक्तपुर नपाद्वारा नेपालभाषामा ‘ख्वप पौ’ प्रकाशन | – | २२ |
| ६) | धनगढी माई नगरपालिका, सिराहाका प्रमुख भक्तपुरमा | – | २२ |
| ७) | पाठेघर तथा स्तन परीक्षणसम्बन्धी शिविर | – | २३ |
| ८) | भनपा वडा नं. १० मा पाठेघर र स्तन क्यान्सरसम्बन्धी परीक्षण | – | २३ |
| ९) | भक्तपुरका जनप्रतिनिधि पुन:निर्माण प्राधिकरणमा | – | २४ |
| १०) | राष्ट्रिय पुन:निर्माण प्राधिकरणका प्रतिनिधि भक्तपुरमा | – | २४ |
| ११) | ‘चिकित्सकहरूले सेवाको भावनाले उपचार गर्नुपर्छ’ | – | २५ |
| १२) | धरान उपमहानगरपालिकाका प्रतिनिधिमण्डल भक्तपुर अध्ययन भ्रमणमा | – | २६ |
| १३) | फलेबासका जनप्रतिनिधि भक्तपुर नपामा | – | २७ |
| १४) | भनपामा स्थानीय पाठ्यक्रमसम्बन्धी कार्यशाला गोष्ठी | – | २८ |
| १५) | दसैंको अवसरमा शुभकामना आदान–प्रदान | – | २९ |
| १६) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ३५ |
| १७) | दिपावलीको शुभकामना आदानप्रदान | – | ५१ |
| १८) | भक्तपुर नपा निर्वाचन घोषणापत्रकै आधारमा काम गर्दैछ | सुनिल प्रजापति | ५२ |
| १९) | ‘सिद्धान्त बेचेर खानेमा पर्दिनँ’ | सुनिल प्रजापति | ५४ |
| २०) | आफ्नो पिताबारे छोरीको संस्मरण | एलिनर मार्क्स | ५६ |
| २१) | Making Bhaktapur a rain-efficient city | Rajani, Sunil, Suman | ५७ |
| २२) | भक्तपुर नगरपालिकाको सहकारी ऐन–२०७४ का मुलभूत व्यवस्थाहरू | हरिराम सुवाल | ६६ |
| २३) | सम्पदा संरक्षण गर्न भक्तपुर नगरपालिकासँग सिकौं | राममणि भट्टराई | ७५ |
| २४) | भक्तपुरको मल्लकालीन वंशावली | ओम धौभडेल | ८० |
| २५) | लिच्छवि र तिनको राज्य व्यवस्था : सन्दर्भ प्राचीन नेपालको इतिहास | सह प्रा.डा. बलराम कायस्थ | ८३ |
| २६) | SKETCHES FROM NIPAL (30) | Henry Ambrose Oldfield | ९२ |
| २७) | अटेरीलाई कारवाही आवश्यक (सम्पादकको पृष्ठ) | – | ९६ |


**साथमा**


हनुमानघाट सुधार गुरुयोजना बन्दै–२५/गड्यौला मल र कौशी खेती तालिम सम्पन्न–२६/वडा नं. ९ मा उपभोक्ता समिति गठन–२७/भक्तपुरका पसल व्यवसायीहरूको भेला–३३/खेलकुद प्रतियोगिताका केही झलक (रंगीन) –४७/चिनियाँ नीतिकथा:दुई जना भिक्षुको तीर्थ यात्रा–७९/तपाईंको भान्सा: मस्तिष्कको क्षमता बढाउन बेसार–८५/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७५ असोज महिनाको प्रतिवेदन–८६/पाटी विवरण–हाल वडा नं. ५(साविक वडा नं.८ र ११) –८७/ बसिबियाँलो–८८/जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ–८८/चाँगुनारायण नगरपालिकाको मत विवरण–८८/ नेपालको संविधान २०७२, भाग–२७, अन्य आयोगहरू (३७)–९३/असोज महिनाको पर्यटक तथ्याङ्क–९५ ।

## नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता

# 'खेलकुद शारीरिक व्यायामको निम्ति मात्र नभई मित्रताको निम्ति पनि हो '- का. रोहित



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा २०७५ कार्तिक ११ गतेदेखि १७ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको उद्घाटन कार्यक्रम एक समारोहबीच शहीद स्मृति खेलमैदानमा कलात्मक पानसमा दीप प्रज्ज्वलन गरी कार्तिक ११ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेंले खेलकुद शारीरिक व्यायामको निम्ति मात्र नभई मित्रताको निम्ति पनि भएको बताउनुभयो । खेलकुद प्रतियोगिताले विद्यार्थीको शारीरिक, मानसिक र बौद्धिक विकास उकास्न मद्दत पुग्ने बताउँदै विद्यार्थीहरूमा अनुशासनको विकास हुने बताउनुभयो । उहाँले आफूभन्दा कमजोरलाई सिकाउने र अरुबाट पनि सिक्ने भावना अभिवृद्धि गर्नुपर्ने बताउँदै स्वास्थ्यलाई बलियो पार्न मात्र नभई समाजको निम्ति उल्लेखनीय कार्य गर्न पनि खेलकुद प्रतियोगिता आवश्यक रहेको औंल्याउनुभयो ।

प्रमुख अतिथि बिजुक्छेले श्यामसुन्दर मातांलाई पोर्ट बल हस्तान्तरण गरी प्रतियोगिताको पहिलो खेल शुभारम्भ गर्नुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले खेलकुदलाई नेपालको संविधानमा मौलिक हकअन्तर्गत राखिनुपर्ने माग नेपाल मजदुर किसान पार्टीको रहेको बताउँदै खेलाडीहरूलाई उत्साहित गर्न भक्तपुर नगरपालिकाले विभिन्न खेलहरूको प्रशिक्षण र प्रतियोगिताहरू






प्रमुख अतिथि नेमकिपाका अध्यक्ष का.नारायणमान बिजुक्छें (रोहित), प्रमुख सुनिल प्रजापति, प्रदेश सदस्य सुरेन्द्रराज गोसाई र प्रजिअ नारायणप्रसाद भट्ट




आयोजना गर्दै आएको बताउनुभयो ।

उहाँले प्रतियोगितामा हार-जित भन्दा पनि खेलाडीहरूको अनुशासन महत्त्वपूर्ण पक्ष रहेको बताउँदै नेपालको सार्वभौमिकतामा हस्तक्षेप हुँदा त्यसको विरोधमा आवाज उठाउने विद्यार्थीहरू तयार गर्नतिर विद्यालयहरूले सोच्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा प्रदेश नं. ३ का सदस्य सुरेन्द्रराज गोसाईंले भन्नुभयो – 'समाज तबमात्र सुन्दर हुन्छ जब सुसंस्कृत हुन्छ । खेलकुद विनाको जीवन अपूरो हुन्छ । खेलकुदलाई प्राथमिकतामा राख्नु हरेक स्थानीय सरकारको दायित्व हो ।'

उहाँले खेलकुदलाई जीवनको अभिन्न अंगको रूपमा विकास गर्नुपर्ने र देशलाई अखण्डित बनाइराख्न जागरुक, देशभक्तिपूर्ण भावना भएका नागरिकको खाँचो भएको औंल्याउनुभयो ।

भक्तपुर नगरपालिकाका उपमेयर रजनी जोशीले युवालाई अग्रतामा ल्याउन खेलकुदले महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै महिला खेलाडीहरूलाई पनि आफ्नो आत्मरक्षाको निम्ति विभिन्न खेलहरूको प्रशिक्षण आवश्यक भएको बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रजिअ नारायणप्रसाद भट्टले हरेक व्यक्तिको शारीरिक, मनोवैज्ञानिक र सामाजिक विकासको निम्ति खेलकुद आवश्यक रहेको बताउँदै खेलकुदको विकासको निम्ति भक्तपुर नगरपालिकाको प्रयास उल्लेखनीय रहेको बताउनुभयो ।

कार्यक्रममा शुभकामना मन्तव्य दिंदै भक्तपुरका प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले खेल जीवनले विद्यार्थीको व्यक्तित्व विकास र अनुशासनलाई कायम राख्ने र त्यसैमार्फत् राष्ट्रलाई चिनाउन मद्दत पुग्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाअध्यक्ष श्यामकृष्ण खत्री, वडा नं. ७ का वडाअध्यक्ष उकेश कवां र वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा निर्णायकहरूको तर्फबाट कबड्डीका निर्णायक विनोद प्रजापति, प्रशिक्षकको तर्फबाट टेबुलटेनिसका प्रशिक्षक मुना बासुकला र खेलाडीको तर्फबाट भलिबल खेलका मञ्जु लागेजुले शपथ ग्रहण गर्नुभएको थियो ।

भक्तपुर नपाले आयोजना गरेको उक्त कार्यक्रममा भक्तपुरका ९२ वटा स्कूलमध्ये ६७ वटा विद्यालयबाट १८१४






प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठ, उपप्रमुख रजनी जोशी, वडाअध्यक्षहरू श्यामकृष्ण खत्री र उकेश कवां




भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको समुद्घाटनको लागि दत्तात्रयबाट निकालिएको र्‍याली

जना विद्यार्थीहरूले प्रतियोगितामा सहभागिता जनाएको नपा स्रोतले जानकारी दिएको छ ।

प्रतियोगिताको समुद्घाटनको लागि दत्तात्रयबाट र्‍याली गरिएको थियो। र्‍यालीमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, पूर्वजनप्रतिनिधि, कर्मचारी तथा विभिन्न विद्यालयका विद्यार्थीहरूको उल्लेख्य सहभागिता थियो।

नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा पोर्टबल, ब्याडमिन्टन, एथलेटिक्स, फुटसल, टेबलटेनिस, खो खो, कसिमला पांय, कराते, बुद्धिचाल, कबड्डी, भलिबल, उसु र तेक्वाण्डो खेलहरूको प्रतियोगिता भएको थियो।




कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेंद्वारा पोर्टबल हस्तान्तरण






वडाध्यक्ष हरिप्रसाद बासुकला, निर्णायकको तर्फबाट शपथ लिंदै विनोद प्रजापति, प्रशिक्षकको तर्फबाट मुना बासुकला र खेलाडीको तर्फबाट मञ्जु लागेजु

# खेलकुद प्रतियोगिताको पुरस्कार वितरण र समापन



भक्तपुर नगरपालिकाको आयोजनामा कार्तिक ११ देखि १७ गतेसम्म सञ्चालित भक्तपुर नगरव्यापी विद्यालयस्तरीय टेबुलटेनिस, भलिबल, फुटसल, कबड्डी, खोखो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराते, उसु, तेक्वान्डो, पोर्टबल र कसिमला पाँच प्रतियोगिताको पुरस्कार वितरण तथा समापन कार्यक्रम कार्तिक १७ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले खेल प्रतियोगिता अनुशासित र मित्रवत् तरिकाले खेलिनुपर्ने र खेल प्रतियोगिताहरूले राष्ट्रिय/अन्तराष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्न मद्दत पुग्ने बताउनुभयो ।

देशलाई अन्तराष्ट्रिय रूपमा चिनाउने काम खेलाडीले गर्ने हुँदा विद्यार्थीको शारीरिक र मानसिक विकासको निम्ति खेलकुदलाई अनिवार्य संवैधानिक व्यवस्थाको रूपमा उल्लेख गर्न संसदमा संघर्षरत रहेको उहाँले बताउनुभयो ।

संविधान संशोधनमा वंशजको आधारमा नागरिकताको बन्दोबस्त र हिमाल, पहाड, तराई समावेश प्रदेश निर्माणको निम्ति संसदमा आवाज उठाउँदै आएको चर्चा गर्दै सांसद सुवालले देशको सार्वभौमिकता रक्षा गर्ने नयाँ पुस्ताको आवश्यकता रहेको औंल्याउनुभयो ।







कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवाल, प्रमुख सुनिल प्रजापति र प्रदेश नं. ३ का प्रदेशसभा सदस्य सृजना सैंजु

निर्मला पन्तका हत्यारालाई सरकारको संरक्षण भएको हुनसक्ने आशङ्का व्यक्त गर्दै उहाँले रक्षक नै भक्षक हुने किसिमले सरकारले कार्य गरिरहेको बताउनुभयो ।

समारोहका सभापतिको आशनबाट भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आजका विद्यार्थी भविष्यका कर्णधार हुन्, खेलकुद प्रतियोगिताले विद्यार्थीहरूमा अनुशासनको विकास गर्ने र समाजप्रति जिम्मेवार हुन सिकाउने बताउनुभयो । उहाँले खेलाडीहरू आर्थिक प्रलोभनमा पर्ने, विदेश पलायन हुने खतरा भएको बताउँदै सरकारको खराब नीतिकै कारण खेलाडीहरू ओझेलमा परेको बताउनुभयो ।

खेलकुद र शिक्षालाई समान रूपमा अगाडि लानुपर्ने बताउँदै प्रमुख प्रजापतिले नगरपालिकाको हरेक काममा नगरवासीहरूको साथ र सहयोग रहेको हुँदा काम गर्न सजिलो भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका प्रदेश नं. ३ का प्रदेशसभा सदस्य सृजना सैंजुले भक्तपुर नगरपालिकाले खेलकुदमार्फत अन्य नगरपालिकाको लागि उदाहरणीय शिक्षा दिइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, ‘खेल आत्मसुरक्षाको निम्ति हो । सामूहिक कार्यको अग्रसरताको निम्ति पनि खेल आवश्यक छ ।’

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. १ का वडा अध्यक्ष श्यामकृष्ण खत्रीले स्वागत मन्तव्य दिनुभएको थियो । वडा नं. ७ का वडा अध्यक्ष उकेश कवां र वडा नं. ९ का वडा अध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

भक्तपुर जिल्ला भलिबल संघका अध्यक्ष विनोदचरण रायले विभिन्न खेलका प्रतियोगीहरू मध्ये उत्कृष्ट खेलाडीहरूको नाम घोषणा गर्नुभयो ।

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा भक्तपुरका ९२ वटा स्कूलमध्ये ६७ वटा स्कूलले सहभागिता जनाएका थिए । प्रतियोगिताका विजयी खेलाडी र विद्यालयलाई प्रमाणपत्र, ट्रफी र खेल सामग्री कार्यक्रमका अतिथिहरू र सभापतिबाट वितरण गरिएको थियो ।



## प्रतियोगितामा सहभागी विद्यालयहरू

भक्तपुर नगरपालिकाको आयोजनामा २०७५ कार्तिक ११-१७ गतेसम्म भएको भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा सहभागी विद्यालयहरू

| क्र.सं. | विद्यालयको नाम | वडा नं. |
|---|---|---|
| १ | ज्ञान विजय आधारभूत विद्यालय | १ |
| २ | सूर्यविनायक ईङ्गलिस स्कूल | १ |
| ३ | अक्सफोर्ड प्राक्टिकल ई.स्कूल | १ |
| ४ | इबामुरा कलेज | १ |
| ५ | गणेश मावि | १ |
| ६ | न्यू क्षितिज ई.स्कूल | १ |
| ७ | राजर्षि गुरुकुल स्कूल | १ |
| ८ | सन्तति आधारभूत स्कूल | १ |
| ९ | सैनिक आवासीय महाविद्यालय | १ |
| १० | सन साइन ई.स्कूल | १ |
| ११ | निकल्सन ई.स्कूल | १ |
| १२ | लिटिल वर्ड ई.स्कूल | १ |
| १३ | बासु मा.वि. | २ |
| १४ | शारदा मा.वि. | २ |
| १५ | होली गार्डेन ई.स्कूल | २ |
| १६ | हिमालयन ग्लोरी ई.स्कूल | २ |
| १७ | ई.जी. पायोनियर स्कूल | २ |
| १८ | एभरेष्ट ई. स्कूल | २ |
| १९ | सामुदायिक ई.स्कूल | २ |



कार्यक्रमका वडाध्यक्षहरू श्यामकृष्ण खत्री, उकेश कवां, रविन्द्र ज्याख्व र भलिबल संघका अध्यक्ष विनोदचरण राय

| | | |
|---|---|---|
| २० | जागृति मा.वि. | २ |
| २१ | श्री पद्म मा.वि. | ३ |
| २२ | श्री मेधा मा.वि. | ३ |
| २३ | श्री ज्ञान तारा ई.स्कूल | ३ |
| २४ | महेन्द्र विद्या आश्रम मा.वि. | ३ |
| २५ | जेनिथ ई.स्कूल | ३ |
| २६ | जेसिस ई. स्कूल | ३ |
| २७ | ब्राइटस्टार ई.स्कूल | ४ |
| २८ | लनर्स एकेडेमी | ४ |
| २९ | साइनिङ्ग स्टुडेन्ट एकेडेमी | ४ |
| ३० | ग्लिटर फ्यूचर ई.स्कूल | ४ |
| ३१ | सेक्रेट हार्ट एकेडेमी | ४ |
| ३२ | मिनर्वा ई. स्कूल | ४ |
| ३३ | डेमोस ई.स्कूल | ४ |
| ३४ | तारा मा.वि. | ४ |
| ३५ | क्रियटिभ ई.स्कूल | ४ |
| ३६ | आदर्श आजाद मा.वि. | ५ |
| ३७ | प्रोक्सिमा इन्टनेशनल | ५ |
| ३८ | विद्या आर्जन ई.स्कूल | ५ |
| ३९ | विद्यार्थी निकेतन मा.वि. | ५ |
| ४० | प्रोवेश एकेडेमी | ६ |
| ४१ | ख्वप मा.वि. | ६ |
| ४२ | प्रभात ई.स्कूल | ६ |
| ४३ | द राइजिङ्ग ई.स्कूल | ६ |
| ४४ | गोल्डेनगेट ई.स्कूल | ६ |
| ४५ | नवीन आधारभूत विद्यालय | ७ |
| ४६ | बालसेवक आधारभूत विद्यालय | ७ |
| ४७ | वाइजल्याण्ड सेकेण्डरी स्कूल | ७ |
| ४८ | विद्या विकास ई.स्कूल | ७ |
| ४९ | सूर्योदय सेकेण्डरी स्कूल | ७ |
| ५० | इमेज सेकेण्डरी स्कूल | ७ |
| ५१ | भीम आदर्श आधारभूत विद्यालय | ८ |
| ५२ | ख्वप्रिङ्ग ई.स्कुल | ८ |
| ५३ | ब्रम्हायणी आधारभूत विद्यालय | ८ |
| ५४ | समाज सुधार मा.वि. | ८ |
| ५५ | बालविकास ई.स्कूल | ८ |
| ५६ | वागिश्वरी मा.वि. | ९ |
| ५७ | लिसा ई.स्कूल | ९ |
| ५८ | ख्वप बहुप्राविधिक अध्ययन संस्थान | ९ |
| ५९ | स्कलर्स होम | १० |
| ६० | जेन्यूइन मा.वि. | १० |
| ६१ | न्यातापोल ई.स्कूल | १० |
| ६२ | रोम्बस ई.स्कूल | १० |
| ६३ | पारागन ई.स्कूल | १० |
| ६४ | हिमालयन स्कूल | १० |
| ६५ | माउण्ट भ्याली ई. स्कूल | १० |
| ६६ | मनकामना ई. स्कूल | १० |
| ६७. | समता शिक्षा निकेतन | १० |

## प्रतियोगिताका विजयीहरू

## कराते

**काटा छात्रा**

प्रथम : रुक्साना दुवाल (ख्वप मा.वि.)
द्वितीय : अन्जु भुजेल (वागीश्वरी मा.वि.)
तृतीय : सोनु लामा (डेमोस ई.स्कूल)
तृतीय : पद्मा सभवती तामाङ (समता मा.वि.)

**काटा छात्र**

प्रथम : प्रज्वल तामाङ (विद्यार्थी निकेतन मा.वि.)
द्वितीय : मदन कुमार थापा (वागीश्वरी मा.वि.)
तृतीय : सुवास परियार (मनकामना ई.स्कूल)
तृतीय : देवराज पाण्डे (महेन्द्र विद्याआश्रम)

**२० के.जी. छात्र**

प्रथम : सुजल कोण्डा (रोम्बस स्कूल )
द्वितीय : आयुश लामा (सेक्रेटहर्ट एकेडेमी)
तृतीय : सुमन तामाङ (समता शिक्षा निकेतन)
तृतीय : सविन तामाङ (पारागन ई.स्कूल)

**२५ के.जी. छात्र**

प्रथम : विमल कुमार थापा (वागीश्वरी मा.वि.)
द्वितीय : विकास लामा (वागीश्वरी मा.वि.)
तृतीय : चिरञ्जीवी चन्द (प्रभात ई.स्कूल)
तृतीय : लक्की सुवाल (क्रियटिभ ई.स्कूल)

**३० के.जी. छात्र**

प्रथम : सुवास परियार (मनकामना ई. स्कूल)
द्वितीय : विशाल तामाङ (सेक्रेटहार्ट एकेडेमी)
तृतीय : लाक्पा लामा (डेमोस ई.स्कूल)
तृतीय : अभिसेक लामा (सेक्रेटहार्ट एकेडेमी)

**३५ के.जी. छात्र**

प्रथम : मनोज लामा (पद्म मा.वि.)
द्वितीय : प्रज्वल तामाङ (विद्यार्थी निकेतन मा.वि.)
तृतीय : अभेस तामाङ (बासु मा.वि.)
तृतीय : विशाल मल्ल (प्रभात ई.स्कूल)

**४० के.जी. छात्र**

प्रथम : सुकृष दुवाल (प्रभात ई. स्कूल)
द्वितीय : दिलिप बदुवाल (वागीश्वरी मा.वि.)

तृतीय : रोमन शिल्पकार (सेक्रेटहर्ट एकेडेमी)
तृतीय : सुवास तामाङ (डेमोस ई.स्कूल)

**४५ के.जी. छात्र**
प्रथम : अजय मोक्तान (वागीश्वरी मा.वि.)
द्वितीय : मदन कुमार थापा (वागीश्वरी मा.वि.)
तृतीय : निरोज तामाङ्ग (समता शिक्षा निकेतन)
तृतीय : राम श्रेष्ठ (मिनर्वा ई.स्कूल)

**५० के.जी. छात्र**
प्रथम : एटिस शर्मा (माउण्ट भ्याली ई. स्कूल)
द्वितीय : दिनेशराज लामा (समता शिक्षा निकेतन)
तृतीय : सजिन तामाङ (डेमोस ई.स्कूल)
तृतीय : दिलिप खत्री (वागीश्वरी मा.वि.)

**२० के.जी. छात्रा**
प्रथम : प्रियुसा तामाङ (साइनिङ्ग स्टुडेन्ट एकेडेमी)
द्वितीय : पूर्णिमा पौडेल (माउण्ट भ्याली ई. स्कूल)
तृतीय : सलिना लाखा (माउण्ट भ्याली ई. स्कूल)
तृतीय : खुशी लामा (बालसेवक आधारभूत विद्यालय)

**२५ के.जी. छात्रा**
प्रथम : सजिना पाखिन (साइनिङ्ग स्टुडेन्ट एकेडेमी)
द्वितीय : प्रतिज्ञा थिङ्ग (सेक्रेटहार्ट एकेडेमी)
तृतीय : नविना सुवाल (समता शिक्षा निकेतन)
तृतीय : अस्मिता तामाङ (सेक्रेटहार्ट एकेडेमी)

**३० के.जी. छात्रा**
प्रथम : सोनी घिसिङ (साइनिङ्ग स्टुडेन्ट एकेडेमी)
द्वितीय : अमिका प्रजापति (विद्या आर्जन)
तृतीय : अनिता तामाङ (सेक्रेटहार्ट एकेडेमी)
तृतीय : किरण पाण्डे (पद्म मा.वि.)

**३५ के.जी. छात्रा**
प्रथम : सुसिका राई (ख्वप्रिङ्ग ई.स्कूल)
द्वितीय : दीक्षा बाटी (ब्राइटस्टार ई. स्कूल)
तृतीय : प्रार्थना लामा (सेक्रेटहार्ट एकेडेमी)
तृतीय : शिरुषा भुजु (सेक्रेटहार्ट एकेडेमी)

**४० के.जी. छात्रा**
प्रथम : स्वीटी गेलाल (ख्वप मा.वि.)
द्वितीय : शान्ता योञ्जन (डेमोस ई. स्कूल)
तृतीय : सन्ध्या नगरकोटी (वागीश्वरी मा.वि.)
तृतीय : युजिना सुवाल (क्रियटिभ ई. स्कूल)

**४५ के.जी. छात्रा**
प्रथम : अस्मिता तामाङ (वागीश्वरी मा.वि)
द्वितीय : जुनु लामा (डेमोस ई. स्कूल)
तृतीय : सम्झना पाखिन (साइनिङ्ग स्टुण्डेट एकेडेमी)
तृतीय : सन्जु नगरकोटी (वागीश्वरी मा.वि.)

**५० के.जी. छात्रा**
प्रथम : अन्जु भुजेल (वागीश्वरी मा.वि.)
द्वितीय : सजिना तामाङ (मेधा स्कूल)
तृतीय : रुक्साना दुवाल (ख्वप मा.वि.)
तृतीय : सोनु लामा (डेमोस ई. स्कूल)

**उत्कृष्ट खेलाडीहरू**

**प्रथम**

**छात्र** : सुजल कोण्डा (रोम्बस स्कूल )
**छात्रा** : प्रियुसा तामाङ (साइनिङ्ग स्टुडेन्ट एकेडेमी)

**टिम नतिजा**
प्रथम : वागीश्वरी मा.वि
द्वितीय : साईनिङ एकेडेमी
तृतीय : ख्वप मा.वि.

## एथ्लेटिक्स

**१०० मिटर छात्र**

| **विद्यार्थीको नाम** | **विद्यालयको नाम** |
|---|---|
| प्रथम : रोहन सुवाल | जेसिज मा.वि. |
| द्वितीय : सन्तोष विष्ट | सैनिक आ.मा.वि. |
| तृतीय : आकाश तामाङ्ग | वाईजल्याण्ड ई.स्कूल |

**१०० मिटर छात्रा**

| | |
|---|---|
| प्रथम : प्रकृति सुवाल | जेसिज मा.वि. |
| द्वितीय : रविना कार्की | सैनिक आ.मा.वि. |
| तृतीय : सुमिना शिल्पकार | वाईजल्याण्ड ई.स्कूल |

२०० मिटर छात्र

| | |
|---|---|
| प्रथम : कृजल धुख्वा | जेसिज मा.वि. |
| द्वितीय : प्रजोक दुवाल | वागीश्वरी मा.वि. |
| तृतीय : आरमन रगुवंशी | राजर्षी गुरुकुल |

**२०० मिटर छात्रा**

| | |
|---|---|
| प्रथम : स्वागत खाईजु | जेसिज मा.वि. |
| द्वितीय : अनुशिया | राजर्षि गुरुकुल |
| तृतीय : शिल्पा सुकुभट्टु | प्रोक्सिमा |

**४०० मिटर छात्र**

| | |
|---|---|
| प्रथम : उजल दुलाल | वागीश्वरी मा.वि. |
| द्वितीय : विवेक तचामो | जेसिज.मा.वि. |
| तृतीय : उत्कस विक्रम राणा | सैनिक आ.मा.वि. |

**४०० मिटर छात्रा**

| | |
|---|---|
| प्रथम : श्रीयसका शिल्पकार | जेसिज मा.वि. |
| द्वितीय : आरती सुवाल | बाल विकास ई.स्कूल |
| तृतीय : रन्जीता कुंवर | गणेश मा.वि. |

**१५०० मिटर छात्र**

| | |
|---|---|
| प्रथम : गोविन्द पुडासैनी | सैनिक आ.मा.वि. |
| द्वितीय : आंकंन तामाङ्ग | प्रभात ई.स्कूल |

तृतीय : राज सिन्ताकल — जेनिथ ई.स्कूल

**१५०० मिटर छात्रा**

प्रथम : रेण्टिना सितिखु — जेसिज मा.वि.
द्वितीय : निषा ब्लोन — गणेश मा.वि.
तृतीय : सिल्पा सुकुभट्टु — प्रोक्सिमा

**ज्याभलिङ्ग थ्रो-छात्र**

प्रथम : समिर श्रेष्ठ — वागीश्वरी मा.वि.
द्वितीय : रोशन जिरेल — सैनिक आ.मा.वि.
तृतीय : रिसाज बासुकला — बालविकास ई.स्कूल

**ज्याभलिङ्ग थ्रो-छात्रा**

प्रथम : भावना थापा — वाइजल्याण्ड
द्वितीय : निशा सिजख्व — वाइजल्याण्ड
तृतीय : कृषा सुवाल — प्रभात ई.स्कूल

**सटपुट-छात्र**

प्रथम : निशान्त प्रधान — श्री पद्म मा.वि.
द्वितीय : राज माताङ्गुलु — प्रभात ई. स्कूल
तृतीय : रोशन जिरेल — सैनिक आ.मा.वि.

**सटपुट-छात्रा**

प्रथम : अनिभा थापामगर — वाइजल्याण्ड
द्वितीय : कविता डांगी — वाइजल्याण्ड
दृतीय : उर्जा मधिकर्मी — जेसिज मा.वि.

**रिले ४X१०० मिटर-छात्र**

| क्र.सं. | विद्यार्थीको नाम | विद्यालय | स्थान |
|---|---|---|---|
| १ | अश्विन गुरुङ्ग | सैनिक आ.मा.वि. | प्रथम |
| २ | राहुल राणा | | |
| ३ | उत्तम शाही | | |
| ४ | सन्तोष विष्ट | | |
| १ | रोशन सुवाल | जेसिज मा.वि. | द्वितीय |
| २ | कृजल धुख्वा | | |
| ३ | विवेक तचामो | | |
| ४ | सनिल गोर्खाली | | |
| १ | रुष्टम श्यामा | वागीश्वरी मा.वि. | तृतीय |
| २ | सुजन प्रजापति | | |
| ३ | उज्वल दुलाल | | |
| ४ | प्रज्वल दुलाल | | |

**रिले ४X१०० मिटर-छात्रा**

| | | | |
|---|---|---|---|
| १ | प्रकृति सुवाल | जेसिज मा.वि. | प्रथम |
| २ | श्रीयस शिल्पकार | | |
| ३ | स्वागता खाईजु | | |
| ४ | उर्जा मधिकर्मी | | |
| १ | आरती सुवाल | प्रभात ई.स्कूल | द्वितीय |
| २ | प्रियंका धामी | | |
| ३ | रोनिका कोजु | | |
| ४ | रुविशा सितिखु | | |
| १ | रञ्जिता कुंवर | गणेश मा.वि. | तृतीय |
| २ | अन्जनी सितिखु | | |
| ३ | सपना तामाङ्ग | | |
| ४ | निशा ब्लोन | | |

**उत्कृष्ट खेलाडी**

छात्र : कृजल धुख्वा — जेसिज मा.वि.
छात्रा : स्वागता खाईजू — जेसिज मा.वि.

**टिम नतिजा**

**स्थान : विद्यालय**

प्रथम : जेसिज मा.वि.
द्वितीय : सैनिक आ.मा.वि.
तृतीय : वाईजल्याण्ड ई. स्कूल
तृतीय : वागीश्वरी मा.वि.

## भलिबल

**छात्रा**

**प्रथम : वागीश्वरी मा.वि**

**खेलाडी–** मन्जु लागेजु, समिता देउला, स्वस्तिका फोंजु, मन्दिरा ताक्रा, रंजना त्वानावासु, सुबिना पक्का, सिसम राई, सृष्टि चौधरी, अंजली वनमाला र सगुना योञ्जनु ।

टिम कोचः सत्यराम न्हिसुतु
म्यानेजरः राजेन्द्र प्रजापति

**द्वितीय : ख्वप मा.वि.**

**खेलाडी–** रोजिना सैंजु, अनिता लामिछाने, रोशनी थापा, सुविना घटानी, प्रतिभा क्षेत्री, सलिना सुवाल, सम्झना तामाङ्ग, जीवना दाहाल, तमन्ना सापकोटा र अंजली सेनचुरी ।

टिम कोचः प्रमोदप्रसाद अवाल
म्यानेजरः रोशन मचामसी

**तृतीय : ग्लिटर फयुचर सकेन्डरी स्कूल**

**खेलाडी–** सलिना तामाङ्ग, अस्मिता भुजेल, अनिषा गोठे, हिसिला दुवाल, निरु तामाङ्ग, जेनी दुवाल, आयुषा मधिकर्मी, सरिता तामाङ्ग, दर्शना धौबन्जार र रिजु खाताख्व ।

टिम कोचः रामप्रसाद खाताख्व
म्यानेजरः जिवेश सितिखु

**तृतीय : डेमोस ई. स्कूल**

**खेलाडी–** शान्ता लामा, शुसी लामा, जस्मिन लामा, शिक्षिका लामा, सुस्मिता तामाङ्ग, अस्मिता तामाङ्ग, निरजला दुवाल, प्रेरणा घिसिङ्ग, सविना त्वायना र निमा लामा ।

टिम कोचः बिनोद लामा
म्यानेजरः राजेन्द्र घिमिरे

**छात्र**

**प्रथम : श्री पदम मा.वि**

**खेलाडी–** साजन लामा, विजय तामाङ्ग, रुपेश माभ्की, प्रदिप तोलङ्गे, सागर मानन्धर, केदार विश्वकर्मा, सम्रात तामाङ्ग, हिमाल बस्नेत, रामशरण रोक्का र सन्त लामा।

टिम कोचः रुकेश साही

म्यानेजरः दिपक मुल

**द्वितीय : वागेश्वरी सेकेण्डरी स्कूल**

**खेलाडी–** राजेन्द्र तामाङ्ग, रिकेश तसिजू, रोमश दुमरु, रोजन सुवाल, अनिश गणेजु, नवराज तितुङ्ग, प्रज्वल ख्याजू, समिर थापा, अनिल तामाङ्ग र रोशन देशेमरु।

टिम कोचः सत्यराम न्हिसुतु

म्यानेजरः तुल्सीराम प्रजापति

**तृतीय : ख्वप मा.वि**

**खेलाडी–** सुनिल खड्का, कृष्ण खड्का, प्रज्वल खड्का, साज प्रजापति, प्रशान्त रंजित, आयुष मारिखू, पुरुषोत्तम खड्का, सुवास तिमल्सिना, नविन बुढाथोकी र सुनिल तामाङ्ग।

टिम कोचः प्रमोदप्रसाद अवाल

म्यानेजरः रोशन मचामसी

**तृतीय : हिमालयन ग्लोरी से.स्कूल**

**खेलाडी–** रोशन लामा, प्रशान्त बासुकला, अवेश वैंजु, प्रज्वल दुवाल, कृष्ण तुंकवन्जार, विवेक मगर, प्रज्वल आले, मनिष कोजू, जेनिष श्रेष्ठ र समित फांजू।

टिम कोचः श्यामसुन्दर मातां

म्यानेजरः कृष्णराम त्वानावासु

**उत्कृष्ट खेलाडी**

छात्रा : मन्जु लागेजु (वागेश्वरी मा.वि)

छात्र : हिमाल बस्नेत (श्री पद्म मा.वि)

## टेबलटेनिस

**छात्र एकल १२ वर्ष मुनि**

प्रथम : रोमन थापामगर – प्रोक्सिमा इन्टरनेशनल एकेडेमी

द्वितीय : करण कपाली – विद्या आर्जन ई. से. स्कूल

तृतीय : विमित पंच– हिमालयन ग्लोरी ई. स्कूल

तृतीय : न्युनिश सुवाल – द राइजिङ्ग ई. से. स्कूल

**छात्रा एकल १२ वर्षमुनि**

प्रथम : दिया देउला – प्रोक्सिमा इन्टरनेशनल एकेडेमी

द्वितीय : प्रदिपा सुवाल – प्रभात ई. से. स्कूल

तृतीय : सचिना श्रेष्ठ – बाल विकास ई. से. स्कूल

तृतीय : आशिका कासिछ्वा – माउण्ट भ्याली ई. स्कूल

**छात्र एकल १६ वर्ष मुनि**

प्रथम : रेखान तामाङ – प्रोक्सिमा इन्टरनेशनल एकेडेमी

द्वितीय : सुजल प्रधानाङ्ग – एभरेष्ट ईङ्गलिस स्कूल

तृतीयः विज्ञम कर्माचार्य – जेन्युइन सेकेण्डरी स्कूल

तृतीय : निर्जन दुवाल – द राइजिङ्ग ई. से. स्कूल

**छात्रा एकल १६ वर्षमुनि**

प्रथम : जननी श्रेष्ठ – जेन्युइन सेकेण्डरी स्कूल

द्वितीय : सलिना लामा – बाल विकास ई. से. स्कूल

तृतीय : क्यारिना सुवाल – प्रभात ई. से. स्कूल

तृतीय : मन्जिला तामाङ – प्रोक्सिमा इन्टरनेशनल एकेडेमी

**उदयमान खेलाडी**

छात्र : वसिस दुवाल (एभरेष्ट ई.स्कूल)

छात्रा : पूर्णिमा गोठे (विद्याविकास से.स्कूल)

## बुद्धिचाल

**छात्र १२ वर्ष मुनि**

प्रथम : क्रिस श्रेष्ठ (सामुदायिक इ. स्कूल)

द्वितीय : प्रनिश लाखे (प्रभात इ. स्कूल)

तृतीय : सबिन बोयजु (हिमालयन ग्लोरी स्कूल)

**छात्रा १२ वर्ष मुनि**

प्रथम : अंशुदिल प्रजापति (ख्वप्रिङ)

द्वितीय : प्रिज्मा प्रजापति (ख्वप्रिङ)

तृतीय : दिपशिखा बासुकला (प्रभात)

**छात्र १६ वर्ष मुनि**

प्रथम : प्रनिट जोशी (सैनिक मा. विद्यालय)

द्वितीय : सुमन लामा (बासु सेकेन्डरी)

तृतीय : आयुष कोजु (समाज सुधार)

**छात्रा १६ वर्ष मुनि**

प्रथम : रिक्की दुवाल (प्रभात)

द्वितीय : स्केना कोजु (ख्वप्रिङ)

तृतीय : शैली गोसाईं (वाइजल्याण्ड)

**छात्र १९ वर्ष मुनि**

प्रथम : नसिम (ख्वप मावि)

द्वितीय : उज्ज्वल सैंजु (वागीश्वरी मावि)

तृतीय : गणेश गोतामे (वागीश्वरी मावि)

**छात्रा १९ वर्ष मुनि**

प्रथम : सशिला प्रजापति (वागीश्वरी)

द्वितीय : रोशनी शिल्पकार (ख्वप)

तृतीय : रीना पुरी (वागीश्वरी)

**उत्कृष्ट खेलाडी**

छात्रः किमत बाटी (ब्राइट स्टार ई.स्कूल)

छात्राः क्रिशला प्रजापति (बाल विकास से.स्कूल)

**टिम नतिजा**

प्रथमः ख्वप्रिङ्ग इ. एकेडेमी

द्वितीयः वागीश्वरी मा.वि.
तृतीयः प्रभात इ.से.स्कूल
चौथोः ख्वप मा.वि.

## कबड्डी

**प्रथम**
छात्र : वागीश्वरी मा.वि.
छात्रा : ख्वप्रिङ्ग इ. एकेडेमी
**द्वितीय**
छात्र : रोम्बस नेशनल स्कूल
छात्रा : वागीश्वरी मा.वि.
**तृतीय**
छात्र : ख्वप्रिङ्ग इ. एकेडेमी
छात्र : पारागन इ. स्कूल
**तृतीय**
छात्रा : प्रभात इ.स्कूल
छात्रा : रोम्वस नेशनल स्कूल
**उत्कृष्ट खेलाडी**
छात्र : निर्जल खत्री- वागीश्वरी मा.वि.
छात्रा : निकिता कुसी- ख्वप्रिङ्ग इ. एकेडेमी

## कसिमला पायं

**छात्र**
प्रथम : मनिष तोलागे (ज्ञान विजय मा.वि.)
द्वितीय : नोरिफ प्रजापति (ख्वप्रिङ्ग ई.स्कूल)
तृतीय : यूनिष देशेमरु (हिमालयन ग्लोरी ई.स्कूल)
सान्त्वना : रोजल सिल्पकार (जेसिस)
**छात्रा**
प्रथम : कृषा नागा (हिमालयन ग्लोरी)
द्वितीय : आयुषा जति (बाल विकास)
तृतीय : करुणा जिवी (नवीन स्कूल)
सान्त्वना : सेफिना लागे (इमेज ई.स्कूल)

## ब्याडमिन्टन

**छात्र - १२ वर्षमुनि**
प्रथम : निकेश आलेमगर (सैनिक)
द्वितीय : प्रविन श्रेष्ठ (न्यातपोल)
तृतीय : रोजन गोरा (सामुदायिक)
तृतीय : श्रेयश रन्जितकार (लिशा)
**छात्रा - १२ वर्षमुनि**
प्रथम : रुश जती (हिमालयन ग्लोरी)
द्वितीय : सरिष्मा तुल्सिबाख्यो (इमेज)
तृतीय : रन्जु तामाङ्ग (द राइजिङ्ग)
तृतीय : नितिका कोजु (प्रभात)
**छात्र - १६ वर्षमुनि**
प्रथम : सुशान्त ग्वाछा (बाल विकास)
द्वितीय : समिर याकामी (गोल्डेन गेट)
तृतीय : समिर बासुकला (प्रभात)
तृतीय : प्रशान्त बासुकला (हिमालयन ग्लोरी)
**छात्रा - १६ वर्षमुनि**
प्रथम : पुर्णिमा लाखे (हिमालयन ग्लोरी)
द्वितीय : इरिका वैद्य (सामुदायिक)
तृतीय : प्रसिद्धि आगन्जा (बासु)
तृतीय : पूनम गुरुङ्ग (न्यातपोल)
**छात्र - १९ वर्षमुनि**
प्रथम : रक्की गारु (इवामुरा)
द्वितीय : सुरज ग्वाछा (ख्वप)
तृतीय : अनिश बासुकला (बासु)
तृतीय : रोशन देशेमरु (वागीश्वरी)
**छात्रा - १९ वर्षमुनि**
प्रथम : रमा माताङ्ग (ख्वप)
द्वितीय : मन्जु लागेजु (वागीश्वरी)
तृतीय : उपासना पंच (इवामुरा)
तृतीय : दीपा तामाङ्ग (बासु)
**उदीयमान खेलाडी**
छात्र : रिजन ख्याजु (प्रोक्सीमा)
छात्रा : एन्जल बासुकला (सामुदायिक)

## फुटसल

**प्रथम-सैनिक आवासीय महाविद्यालय**

**खेलाडी-** आदित गुरुङ्ग, रोहित रानाभाट, उत्तम शाही, आयुष कुंवर, राहुल राना, प्रमिश गरुङ्ग, अशेष राई, निशान धानुक, सन्तोष विष्ट, अनिल केसी।

टीम कोच - विकर्ण श्रेष्ठ
व्यवस्थापक - जितबहादुर कुंवर

**द्वितीय-ख्वप सेकेण्डरी स्कूल**

**खेलाडी-** सुदर्शन श्रेष्ठ, सौगात केसी, इशान बिज्जु श्रेष्ठ, मन्जित श्रेष्ठ, रोजन घुल्लु, अमित प्रजापति, गौरव सैंजु, अनुज ज्ञवाली, म्हार्मिन तामाङ्ग, राजीव सुवाल।

टीम कोच - बिज्वेल सुवाल
व्यवस्थापक - रोशन मचामसी

**तृतीय-वाइजल्याण्ड सेकेण्डरी स्कूल**

**खेलाडी-** एलिस सिबन्जार, नवराज दुमरु, सुजल कोजु, विवेक फेलु, अनिश तमखु, आयुष कुस्मा, अंकित किसी, रिजन बनमाला, कृतिश सिन्ताकल, आकाश तामाङ्ग।

टीम कोच - रोमश थिके
व्यवस्थापक - श्याम गोसाई

**तृतीय-बालविकास सेकेण्डरी स्कूल**

**खेलाडी-** नवीन राना, निरोज गोसाईं, नवीन फुडोङ्ग, भुपिन परियार, अर्जुन विष्ट, आयुष कासिछ्वा, विपुल प्रजापति, रवि कोजु, निशान शिवहरि, आयुष सितिखु।

टीम कोच – उकेश जाकिबन्जार

व्यवस्थापक – विशाल राजचल

**उत्कृष्ट खेलाडी**

सुदर्शन श्रेष्ठ (ख्वप मा.वि.)

## तेक्वाण्डो

प्रथम : सैनिक आ.मा.वि.

द्वितीय : क्रियटिभ से.स्कूल

तृतीय : सूर्योदय से.स्कूल

**उत्कृष्ट खेलाडी**

छात्र : रोशन बासी (रोम्वस नेसनल स्कूल)

छात्रा : मनिशा ग्वाछा (साइनिङ स्टुडेन्ट एकेडेमी)

**छात्रा २९ केजी मुनि**

प्रथम : इसा राई (न्यातपोल से. स्कूल)

द्वितीय : जेनिफर दुवाल (लिटिल वर्ल्ड ई. स्कूल)

तृतीय : रोप्सा तिमिल्सिना (सूर्यविनायक ई. स्कूल)

तृतीय : सन्जाली तामाङ (वागिश्वरी से. स्कूल)

**छात्रा ३३ केजी मुनि**

प्रथम : सोफिया त्यात (क्रियटिभ से.स्कूल)

द्वितीय : प्रतिभा तामाङ (आदर्श आजाद मा.वि.)

तृतीय : सञ्चिता तामाङ (अक्सफोर्ड प्रा.ई.स्कूल)

तृतीय : सोफिक कोजु (ख्वप्रिङ ई.एकेडेमी)

**छात्रा ४१ केजी मुनि**

प्रथम : समिक्षा सापकोटा (प्रोवेश एकेडेमी)

द्वितीय : सृष्टि शाही (वागीश्वरी मावि)

तृतीय : बिमला तामाङ (श्री पद्म)

तृतीय : एलिना गोसाई (श्रीपद्म)

**छात्रा ४४ केजी मुनि**

प्रथम : अमिसा कार्की (सैनिक आवासीय)

द्वितीय : विभेक्षा श्रेष्ठ (लिटिल वर्ल्ड)

तृतीय : विनिता कार्की (श्री पद्म)

तृतीय : सोनी मोक्तान (वागीश्वरी मावि)

**छात्र ५५ केजी मुनि**

प्रथम – सन्जोग गुरुङ (सैनिक आवासीय)

दोस्रो – सुजन तामाङ (पारागन एकेडेमी)

तेस्रो – आयुस भुजेल (लिटल वर्ल्ड)

तेस्रो – विशाल हाकुदुवाल (लिटल वर्ल्ड)

## खो खो

**छात्र**

**प्रथम - ब्राइट स्टार इ. स्कूल**

**खेलाडी-** बिपिन गोसाईं, रोहन सुवाल, सुलक्षण कर्माचार्य, अविरल सुजखु, कुशल सुवाल, कञ्जन त्वायना, सुजल प्रजापति, अनिस लोहला, कृजल फाँजु, गणेशबहादुर शाह, क्रिश्चल प्रजापति र सरिन खर्बुजा।

टीम कोच – मोहनसिंह बोहरा

व्यवस्थापक – दिनेश चौगुठी

**दोस्रो - तारा मावि**

**खेलाडी-** सुसन ध्वजु, नवीन तामाङ, मनिक थिमि, अर्जुन जिम्बा, रोहित कपाली, प्रशान्त शाही, अभिशेक राई, सजन जधारी, कृष्ण तामाङ, विशाल फोंजु, नितेशकुमार शर्मा र पलसाङ तामाङ।

टीम कोच – हरिकृष्ण प्रजापति

व्यवस्थापक – विनोद कासुला

**तृतीय - बालविकास सेकेन्डरी स्कूल**

**खेलाडी-** अलिश नेपाली, रुबिन मुलगुठी, रितेश मानन्धर, अमर रोका मगर, राजेन्द्र तामाङ, नदीम भण्डारी, राजकुमार उप्रेती, आशिष जुगिजु, सिद्धार्थ खड्का, सुजल लाखाजु, रोमन विक्रम शाही र सुदिप तामाङ।

टीम कोच – जयराम कोजू

व्यवस्थापक – चन्डेश्वरी खुसु

**तृतीय - वागीश्वरी मावि**

**खेलाडी-** मनिस सुलु, सुजल कोजु, विक्रम गुरुङ, सञ्जिब अधिकारी, पासाङ तामाङ, लालबहादुर थापा, कबिर प्रजापति, कृश तचामो, अमृत तामाङ, रेबिन सुवाल, रोशन राजचल र सञ्जिब तामाङ।

टीम कोच – शोभालक्ष्मी गोसाई

व्यवस्थापक – अम्बर श्रेष्ठ

**छात्रा**

**प्रथम-ब्राइट स्टार इ. स्कुल**

**खेलाडी-** प्रसन्ना सुजखु, रोजिना नायजु, कृतिसा खायमली, मेन्का शिलाकार, रेई मुनंकर्मी, स्नेहा प्रजापति, तृष्णा शिलाकार, निर्जला त्वायना, हसना कासुला, दिक्षा बाटी, सारिका बासी र कृशा सिल्पकार।

टीम कोच – मोहनसिंह बोहरा

व्यवस्थापक – दिनेश चौगुठी

**दोस्रो - तारा मावि**

**खेलाडी-** अस्मिता कुछुमनि, कृषा छेंताला, गेलिना दुवाल, सुजाता चौधरी, अलिसा घिमिरे, निक्की शिल्पकार, ससिता तामाङ, रबिना रम्तेल, शुभद्रा तामाङ, बबिता श्रेष्ठ, लक्की लामा र मनसिका मगर।

टीम कोच – हरिकृष्ण प्रजापति
व्यवस्थापक – विनोद कासुला

**तृतीय -वाइजल्याड से. स्कूल**

**खेलाडी–** न्युरिका गोसाईं, अन्जिला कुम्पाख, मतिना तचामो, अनुस्का गोसाई, रिजु कवां, प्रिन्सिका गोसाई, मनिसा थापा मगर, अनुस्का माक, रितिका घटुवा, सुवेक्षा फेलु, जेलिसा तामाङ र जया सुकुभटु।

टीम कोच – सोनी प्रजापति
व्यवस्थापक – विद्या काफ्ले

**तृतीय - वागीश्वरी मावि**

**खेलाडी–**मनिसा कोजु, विजया माक, रमिता गाईजु, विपिना योञ्जन, अञ्जु गुरुङ, रिमा राई, ज्योति बि.क., सबिना कोजु, इशा खत्री, सुशिला कवां, युनिसा आचार्य र पुष्पा श्रेष्ठ।

टीम कोच – शोभालक्ष्मी गोसाई
व्यवस्थापक – अम्बर श्रेष्ठ

**प्रथम**

छात्र : ब्राइट स्टार ई.स्कूल
छात्रा : ब्राइट स्टार ई.स्कूल

**द्वितीय**

छात्र : तारा मा.वि.
छात्रा : तारा मा.वि.

**तृतीय**

छात्र : बाल विकास से.स्कूल
: वागीश्वरी मा.वि.
छात्रा : वाइजल्याण्ड से.स्कूल
: वागीश्वरी मा.वि.

**उत्कृष्ट खेलाडी**

छात्र : रोहन सुवाल (ब्राइट स्टार ई.स्कूल)
विशेष : शेख फिरोज आलम (सूर्यविनायक ई.स्कूल)

## पोर्टबल

**छात्र**

**प्रथम : प्रभात मा.वि.**

**खेलाडी–** विजेन तजले, मनिष अवाल, रबिन किजु, रकेन दुवाल, यूनिस बासुकला, आर्यन सैंजु, सुप्रिम सुवाल, समिर बासुकला र आर्यन सुवाल।

टिम कोच – मनिष गोरा
व्यवस्थापक – सुमित्रा कर्माचार्य

**द्वितीय : ज्ञान विजय आधारभूत विद्यालय**

**खेलाडी–** संजिब तामाङ्ग, राम पुनमगर, सागर तामाङ्ग, शिव प्रजा, केशव पुनमगर, मनिष तौलाङ्गे, सुरज मगर, अमर मगर र सुरेन्द्र बस्नेत।

टिम कोच– गणेश तिमिल्सिना
व्यवस्थापक– सुरेश न्यौपाने

**तृतीय : बाल विकास इङ्गलिस स्कूल**

**खेलाडी–** साइमन सिजख्व, महेश तामाङ्ग, जेनिस गोठे, रोहन सुनवार, सगुन ज्याख्वो, सलिन बोहजु, सुदिप तमखु, मनिष कटुवाल र अभय श्रेष्ठ।

टिम कोच – पुनेन्द्र प्र. कुसी
व्यवस्थापक – अन्जना सैंजु

**तृतीय : ब्राइटस्टार इङ्गलिस स्कूल**

**खेलाडी–** प्रशान्त सुजखु, अमन सुवाल, रोचन सुवाल, सागर शाक्य, कृश्चल प्रजापति, अनिस लोहला, सरिन खर्बुजा, डेभिड शिल्पकार र कृसल सुवाल

टिम कोच – तृष्णा श्रेष्ठ
व्यवस्थापक – यूनिका प्रजापति

**छात्रा**

**प्रथम : ब्राइट स्टार इङ्गलिस स्कूल**

**खेलाडी–** तिमिला लोहला, सृष्टि किजु, दिया श्रेष्ठ, तृष्णा शिलाकार, प्रसन्ना सुजखु, रेकुञ्ज तामाङ्ग, गंगा शाक्य, मञ्जिता महर्जन र कृतिका सुवाल।

टिम कोच– तृष्णा श्रेष्ठ
व्यवस्थापक – यूरिका प्रजापति

**द्वितीय : बाल विकास इङ्गलिस स्कूल**

**खेलाडी–** कृतिना गाईजु, कृतिशा पंच, आयुषा सुकमनी, सराना थापा, यूनिसा ब्लोन, सुमिना थापा, सृष्टि प्रजापति, एसिना बखाद्यो र अर्सा फैजु।

टिम कोच – पुनेन्द्र प्र. कुसी
व्यवस्थापक – सूर्यबहादुर पंच

**तृतीय : हिमालयन ग्लोरी मा.वि.**

**खेलाडी–** प्रिती देशेमरु, रुषा जति, सिम्रिका गोरा, प्रश्ना दुवाल, प्रश्ना खत्री, एलिना बुढाथोकी, रुषा देशेमरु, कृषा नागा र कृति गाईसि।

टिम कोच – पुष्पा प्रजापति
व्यवस्थापक – कमलेश्वरी

**तृतीय : प्रभात इङ्गलिस स्कूल**

**खेलाडी–** समन्ति आगन्जा, नितिका कोजु, निर्जला कोजु, आयुस्का सुवाल, सुष्मा श्रेष्ठ, रिया सुलु, लिसा कोजु, मोना कोजु र सिम्रिका बस्नेत।

मनिष गोरा – टिम कोच
सुमित्रा कर्माचार्य– व्यवस्थापक

**उत्कृष्ट खेलाडी**

छात्र : यूनिष बासुकला (प्रभात इ.से.स्कूल)
छात्रा : प्रसन्ना सुजखु (ब्राइट स्टार इ.स्कूल)

## उसु

उसु सान्दा छात्र (Wushu Sanda Boys)

**१५-२० के.जी.**

प्रथम – रिदम लामा (जेसिज)

द्वितीय – राजकुमार नेपाली (श्री पद्म)

**२०-२५ के.जी.**

प्रथम – आयुष कसलवट (श्री पद्म)

द्वितीय – महिन सुवाल (एभरेष्ट)

तृतीय – कुसल घिमिरे (जेसिज)

**२५-३० के.जी.**

प्रथम – निश्चल गाइंसी (जेसिज)

द्वितीय – कृश्चल मुनंकर्मी (एभरेष्ट)

तृतीय – अशोक स्वंगमिखा (श्री पद्म)

**३०-३५ के.जी.**

प्रथम – कबिर ढुकुछु

द्वितीय – विशेष खर्बुजा

तृतीय – अमित लवजु

तृतीय – सुमन तामाङ

**३५-४० के.जी.**

प्रथम – करुण ढुकुछु (जेसिज)

द्वितीय – पियुष पक्का (एभरेष्ट)

तृतीय – किरण तामाङ (श्री पद्म)

तृतीय – राजेश नेपाली (श्री पद्म)

**४०-४५ के.जी**

प्रथम – सचिन तुल्सिबाख्य (प्रोक्सिमा)

द्वितीय – सुजेन सालिके (एभरेष्ट)

तृतीय – शंक बुद्ध तामाङ (श्री पद्म)

तृतीय – सुमन श्रेष्ठ (बासु)

**४५-४८ के.जी.**

प्रथम – अनुज धौभडेल (जेसिज)

द्वितीय – रोशन शिल्पकार (जेसिज)

तृतीय – लोकराज गिरी (श्री पद्म)

तृतीय – दिपेश मोक्तान (श्री पद्म)

**४८-५२ के.जी.**

प्रथम – लाक्पा लामा (श्री पद्म)

द्वितीय – सरोज तामाङ (श्री पद्म)

तृतीय – उत्सव खाइतु (जेसिज)

तृतीय – अनिश शाह (श्री पद्म)

**उसु सान्दे छात्रा** (Wushu Sande Girls)

**१५-२० के.जी.**

प्रथम – प्रास्ना लाखे (जेसिज)

द्वितीय – डोल्मा शेर्पा (प्रभात)

तृतीय – ओजस्वी सालिके (बाल विकास)

**२०-२५ के.जी.**

प्रथम – स्नेहा सिलाकार (जेसिज)

द्वितीय –सुजाता मैनाली (हिमालयन ग्लोरी)

तृतीय – सिचु सालिके (बालविकास)

**२५-३० के.जी.**

प्रथम – सुजि त्यात (जेसिज)

द्वितीय – स्मारिका लामा (श्री पद्म)

तृतीय – सराचना सुवाल (एभरेष्ट)

**३०-३५ के.जी.**

प्रथम – निकिता सुलु (जेसिज)

द्वितीय – तमन्ना कोजु (जेसिज)

तृतीय – समिक्षा शिल्पकार (श्री पद्म)

**३५-४० के.जी.**

प्रथम – कृपा स्वंगमिखा (जेसिज)

द्वितीय – सदिक्षा सैंजु (जेसिज)

तृतीय – मनिका सुवाल (श्री पद्म)

तृतीय – निशु पाण्डे (श्री पद्म)

**४०-४५ के.जी.**

प्रथम – रिया सैंजु (जेसिज)

द्वितीय – रविता कोजु (जेसिज)

**उसु थालु छात्रा** (Wushu Thaulu Girls)

**ताइ ची २४** (Tai Chi 24)

प्रथम – अदिति बिरबल (जेसिज)

द्वितीय – इसिका साखकर्मी (जेसिज)

तृतीय – उजा नापित (जेसिज)

**नानगुआन** (Nanguan)

प्रथम – एभ्रिल कायस्थ (जेसिज)

द्वितीय – कसिस गोथे (जेसिज)

तृतीय – स्मृति घिमिरे (जेसिज)

**छानगुआन** (Chhanguan)

प्रथम – मतिना कोजु (जेसिज)

द्वितीय – दिब्या के.सी. (जेसिज)

**उसु थालु छात्र** (Wushu Thaulu Boy)

प्रथम – समिट श्रेष्ठ (जेसिज)

**टिम नतिजा**

प्रथम : जेसिज इ.स्कूल

द्वितीय : श्रीपद्म मा.वि.

तृतीय : एभरेष्ट इ.स्कूल

**उत्कृष्ट खेलाडी**

छात्र : एभ्रिल कायष्ठ (जेसिज से.स्कूल)

छात्रा : अञ्जु धौभडेल (जेसिज से.स्कूल)

## नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सफलताका साथ सम्पन्न

### eQmk'/ gu/kflnsfsf]

# xflb{s wGojfb

भक्तपुर नगरपालिकाको आयोजनामा यही २०७५ कार्तिक ११ देखि १७ गतेसम्म भएका भक्तपुर नगरव्यापी विद्यालयस्तरीय टेबलटेनिस, भलिबल, फुटसल, कबड्डी, खो खो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराते, उसु, तेक्वाण्डो, पोर्टबल र कसिमला पाँय खेल प्रतियोगिताको समुद्घाटन समारोहका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंज्यू, अतिथि प्रदेशसभा सदस्य सुरेन्द्र गोसाईंज्यू, अतिथि प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टज्यू र अतिथि प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठज्यूका साथै मिति २०७५ कार्तिक १७ गते सम्पन्न पुरस्कार वितरण एवं समापन समारोहका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालज्यू, अतिथि प्रदेशसभा सदस्य सृजना सैंजुज्यूलगायत विभिन्न खेलकुद प्रतियोगितामा सहयोग गर्नुहुने संघहरू र स्थान उपलब्ध गराई सहयोग गर्नुहुने विद्यालय, टीम, क्लब तथा खेलकुद प्रतियोगितामा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूमा भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

## खेलकुद संघहरू

| | | |
|---|---|---|
| भक्तपुर जिल्ला भलिबल संघ | भक्तपुर जिल्ला ब्याडमिन्टन संघ | भक्तपुर जिल्ला फुटसल संघ |
| भक्तपुर जिल्ला खो खो संघ | भक्तपुर जिल्ला कराते संघ | भक्तपुर जिल्ला टेबलटेनिस संघ |
| भक्तपुर जिल्ला तेक्वाण्डो संघ | भक्तपुर जिल्ला बुद्धिचाल संघ | भक्तपुर जिल्ला एथ्लेटिक्स संघ |
| भक्तपुर जिल्ला उसु संघ | भक्तपुर जिल्ला कबड्डी संघ | पोर्टबलका सहयोगी श्यामसुन्दर मातां |

कसिमला पाँयका सहयोगी रोशनराज तुइतुई

## स्थान उपलब्ध गराई सहयोग गर्ने विद्यालय तथा संघसंस्थाहरू

| | | |
|---|---|---|
| सैनिक आवासीय महाविद्यालय | शहीद स्मृति खेल मैदान | वागीश्वरी कलेज |
| ख्वप कलेज | श्रीपद्म मा.वि. | आदर्श आजाद मा.वि. |
| बाल विकास ई. स्कूल | भार्वाचो ब्याडमिन्टन क्लब | ख्वप्रिङ्ग ई. स्कुल |

# ३८ औं नेपालभाषा साहित्य तःमुंज्या सम्पन्न

नेपाल भाषा साहित्य तःमुंज्याको ३८ औं सम्मेलन तथा सांस्कृतिक कार्यक्रम कार्तिक ४ र ५ गते भक्तपुरको कमलविनायकमा सफलताका साथ सम्पन्न भयो ।

## पहिलो दिन

सम्मेलनको उद्घाटन २०४६ सालको जनआन्दोलनमा शहादत प्राप्त शहीद निर्मलकुमार शाक्यका आमा असलमाया शाक्य र शहीद पुष्परत्न शाक्यका जीवनसङ्गिनी विजयालक्ष्मी शाक्यले उद्घाटन गर्नुभयो ।

साहित्य सम्मेलनको दबुमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले पार्टीका केन्द्रीय सदस्य तथा किसान नेता बुद्धिकुमार गोसाईलाई सम्मानपत्र र दोसल्लाले सम्मान गर्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देशमा सङ्घीयता लागु भएर पनि सङ्घीय सरकारका शासक र प्रशासकले अझै एकात्मक चिन्तन त्याग्न नसकेको बताउनुभयो ।

सङ्घीयता लागू हुँदैमा देशको विकास हुने कुरा सही नभएको भन्दै नेमकिपाले विगतमा राख्दै आएको तर्क आजको परिस्थितिले सही प्रमाणित गरेको चर्चा गर्दै अझै पनि विकेन्द्रीकरण र स्वायत्तताको सिद्धान्त प्रभावकारी तरिकाबाट कार्यान्वयन हुन नसकेको बताउनुभयो ।



३८ औं नेपालभाषा साहित्य तःमुंज्याको उद्घाटन समारोह

परम्परागत मौलिक सम्पदाको संरक्षणको लागि कसैलाई ठेक्का दिनुभन्दा जनसहभागितामा विकास कार्य गर्नुपर्नेमा जोड दिँदै प्रमुख प्रजापतिले काठमाडौं उपत्यकाका अन्य नगर प्रमुखहरूसहित बसेको बैठकले सम्पदा संरक्षणमा मौलिकता जोगाउने निर्णयअनुसार काठमाडौंको रानीपोखरी र काष्ठमण्डप स्थानीय जनताको सहभागितामा बन्न लागेको बताउनुभयो ।

वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले अपराधलाई जन्मन नदिने परिस्थितिको विकास गर्नुपर्नेमा जोड दिँदै नोकरशाही प्रवृत्तिले न्याय दिलाउन नसकिने बताउनुभयो ।

"२०४६ सालको जनआन्दोलनपछि देशमा १४ जना 'राजा' ले शासन गरेको तर एक जना पनि राम्रो न्यायाधीश जन्माउन नसक्नु विडम्बनापूर्ण छ ।", उहाँले भन्नुभयो ।

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगले तःमुँज्या आफैमा संस्कृति बनिसकेको बताउँदै विविध भाषा, संस्कृति समेटिएर बहुआयामिक प्रस्तुति देखाउनु नै तःमुँज्याको सफलता भएको बताउनुभयो ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्कीले कञ्चनपुरको निर्मला पन्त बलात्कार तथा हत्याकाण्डको अनुसन्धानमा खटिएका प्रहरी अधिकारीहरूले सुरुबाटै प्रमाण नष्ट गरी गल्ती गरेको बताउनुभयो ।

उहाँले उक्त हत्याकाण्डमा प्रहरी, वकिल र मेडिकल सेवामा कार्यरत केही व्यक्तिले अपराधीसँग मिलेर प्रमाण नै नष्ट गर्न लागेको हुनसक्ने बताउनुभयो ।

कथाकार लक्ष्मण राजवंशीले देशमा राजतन्त्र अन्त्य भएको तर सामन्ती सोच र संस्कारमा अझै परिवर्तन आइनसकेको बताउँदै राष्ट्रप्रमुख र राज्यप्रमुखले दसैंमा टीकाप्रथालाई निरन्तरता दिनु सामन्तवादी अवशेष भएको धारणा राख्नुभयो ।

कानुनअनुसार चल्ने देश नै प्रगति हुने चर्चा गर्दै उहाँले देशमा आज कानुनी शासनकै अभाव भएको धारणा राख्नुभयो ।

साहित्यकार नरेन्द्रराज प्रसाईले देशको सार्वभौमिकता र राष्ट्रियता रक्षाको सन्दर्भमा नेमकिपाले खेल्दै आएको भूमिका प्रशंसनीय भएको बताउनुभयो ।



नेपालभाषा साहित्य वृहत् सम्मेलनको पहिलो दिनमा मञ्चासिन अतिथिहरू

नेपाली सेनाका पूर्वजर्नेल तथा इतिहासकार प्रेमसिं बस्न्यातले संसदभित्र शासक दलका गलत निर्णयविरूद्ध नेमकिपाले गरिरहेको सङ्घर्ष देशभक्त नेपाली जनताको भावनाअनुरूप भएको बताउनुभयो ।

मुटुरोग विशेषज्ञ डा. सम्पूर्णमान तुलाधरले मुटुरोग र मुटुरोगका उपचारको विषयमा जानकारी दिनुभयो ।

कार्यक्रममा मनोरोग विशेषज्ञ डा. धनरत्न शाक्यले हालै सम्पन्न मानसिक रोग दिवसबारे चर्चा गर्दै हेर्दा सामान्य देखिने व्यक्तिलाई पनि मानसिक रोग लागेको हुनसक्ने बताउनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले भक्तपुरको मौलिक कला–संस्कृति रक्षाको लागि सबै पक्ष तदारूक हुनुपर्नेमा जोड दिनुभयो ।

साहित्य सम्मेलनमा कवयित्री इन्दिरा प्रसाई, साहित्यकार मोहन दुवाल, कवि हरिहर तिमिल्सिना, लेखक अभय श्रेष्ठ, कवि कृष्णकुमार वैद्य, श्यामकृष्ण खुलिमुली, जट्टाधर झालगायतले आ–आफ्ना साहित्य वाचन गर्नुभएको थियो ।

साहित्य सम्मेलनमा भक्तपुरका व्यवसायी तथा समाजसेवी गोपीकृष्ण प्रजापतिको नाममा रू. पाँच लाख बराबरको अक्षयकोष स्थापनाको घोषणा गरिएको थियो । अक्षयकोष व्यवसायी विश्वराम कवांले त:मुँज्यालाई हस्तान्तरण गर्नुभएको थियो ।

शिक्षासेवी मोहनप्रसाद प्रजापतिको सभापतित्वमा भएको त:मुँज्याको पहिलो दिनमा नेपालभाषा साहित्य त:मुंज्याका अध्यक्ष चन्द्रबहादुर उलक र आयोजक समितिका अध्यक्ष नरेश खत्रीले पनि बोल्नुभएको थियो ।

त:मुंज्यामा कमलविनायक सांस्कृतिक समूह, वालाम्हेन्दो सांस्कृतिक परिवार, थ:हितिको सांस्कृतिक समूह, भक्तपुर क्यान्सर अस्पतालगायतका सांस्कृतिक समूहहरूले विभिन्न सांस्कृतिक प्रस्तुति गरिएका थिए । साहित्य सम्मेलन पछि ख्याल, नाटक र नृत्य देखाइएको थियो ।

## दोस्रो दिन

दोस्रो दिनको त:मुंज्यामा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले सांस्कृतिक गुरूहरू र समाजसेवीको सम्मान गर्नुभयो ।

स्थानीय वाद्यगुरू मीनबहादुर सुवाल र पुनवीर गैंडा तथा लामो समयदेखि सार्वजनिक समारोहमा पानी खुवाई सेवा गर्दै आउनुभएका समाजसेवी लतंभक्त प्रजापतिलाई उहाँले सम्मान गर्नुभयो ।

साहित्य सम्मेलनमा नेमकिपाका अध्यक्ष बिजुक्छेंले जनताको भावना नबुझ्ने लेखक कदापि जनताको लेखक र साहित्यकार बन्न नसक्ने बताउनुभयो ।

उहाँले अन्धविश्वासमा आधारित चालचलनलाई निरुत्साहित गर्नुपर्ने धारणा राख्दै नेपालभाषाकै माध्यमबाट पत्रिका प्रकाशन गर्नुपर्नेमा जोड दिनुभयो ।

विश्व सर्वहारा वर्गका महान गुरू कार्ल मार्क्सको जन्मको द्विशतवार्षिकीको अवसर जोडिएको त:मुंज्यामा उहाँले मार्क्स सिद्धान्त र विचारधाराको मामिलामा सधैं अडिग रहनुभएको बताउनुभयो ।

कुनै पनि साँचो कम्युनिष्ट पार्टीले निवेदन दिनेबित्तिकै पार्टी सदस्यता नदिने भन्दै गलत प्रवृत्तिका मानिसलाई कम्युनिष्ट पार्टीले सदस्यता नदिने प्रस्ट पार्नुभयो। अध्यक्ष रोहितले सरसफाइ आन्दोलनमा जनता स्वयं सक्रिय भई नागरिक भावना विकास गर्नुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव तथा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले संविधानमा सबै भाषालाई समान स्थान र अधिकार प्रदान गरिएकोले राज्यले भाषाहरूबीच कुनै पनि प्रकारको भेदभाव गर्न नपाउने बताउनुभयो ।

उहाँले संविधानमा प्रत्येक नेपालीलाई नि:शुल्क शिक्षा उल्लेख भएको तर कक्षा १२ सम्म नि:शुल्क हुनुपर्नेमा कक्षा ८ सम्मलाई मात्र नि:शुल्क हुने बन्दोबस्त गर्दा जनताका धेरै छोराछोरी आधारभूत शिक्षाबाट वञ्चित हुनुपर्ने बताउनुभयो ।

"सरकारले अझै पनि नेपाली युवालाई खाडी र अरू पूँजीवादी देशमा श्रम बेच्न जान बाध्य बनाइरहेको छ ।", उहाँले भन्नुभयो ।

देशको ७१ भन्दा बढी स्थानमा भारतीय विस्तारवादले सिमाना अतिक्रमण गर्दा पनि आफूलाई राष्ट्रवादी भनी दाबी गर्ने ओली सरकारले रोक्न नसकेको बताउनुभयो ।

वरिष्ठ पत्रकार भैरव रिसालले दुईतिहाइ बहुमत प्राप्त सरकार बनेपछि विकासको गति तीव्र हुने जनताको अपेक्षाविपरीत विकास झन् जमेको बताउनुभयो ।

पूर्वन्यायाधिवक्ता लक्ष्मीबहादुर निरालाले देशको विभिन्न भाषाको सम्बर्द्धनको लागि राज्यले नयाँ पुस्ताबीच भाषा प्रशिक्षण अभियान सञ्चालन गर्नुपर्ने धारणा राख्दै नेपाली भाषाबाहेकका अरु भाषालाई दोस्रो दर्जाको रूपमा व्यवहार गर्नु राज्यको विभेदकारी नीति भएको बताउनुभयो ।

लेखक तथा चिकित्सक डा.सरोज धितालले जनताको सेवामा अहोरात्र लाग्ने भावना भएका नेतृत्व रहेसम्म जनताले निराश हुन नपर्ने धारणा राख्नुभयो ।

त्रिभुवन विश्वविद्यालय नेपालभाषा विभागका प्रमुख ओमकारेश्वर श्रेष्ठले त्रिविअन्तर्गत नेपालभाषामा पढाइने ९० प्रतिशत पाठ भक्तपुरसँग सम्बन्धित भएको जानकारी दिँदै आफ्नै मातृभाषामा कुनै पनि कुरा व्यक्त गर्दा आफूले भन्न खोजेको कुरा अझ प्रस्ट हुने गरेको बताउनुभयो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व प्राज्ञ कवयित्री सुलोचना मानन्धरले भक्तपुरले देशमै एउटा उदाहरण स्थापित गरेर निराशालाई चिरिरहेको धारणा राख्नुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका चिकित्सक डा.आरती शाहले पैसाकै लागि मात्र डाक्टरी पेशामा लाग्ने डाक्टरले जनताको सेवामा कहिल्यै ध्यान नदिएको भन्दै डाक्टरी पेशालाई सेवाको रूपमा लिने चिकित्सक पनि धेरै भएको बताउनुभयो ।

क्यान्सर रोग विशेषज्ञ डा. सुदिप श्रेष्ठले क्यान्सर



नेपालभाषा साहित्य वृहत् सम्मेलनको दोस्रो दिनमा मञ्चासिन अतिथिहरू

रोग समयमै उपचार सुरू गरिए निको हुनसक्ने रोग भएको जानकारी दिनुभयो ।

लेखक शिशिर वैद्यले नेपालभाषाको विकास र विस्तारको लागि घर–घरमै अभिभावकले आफ्ना सन्तानलाई नेपालभाषाबाटै कुराकानी गर्ने चलन चलाउन जरुरी भएको बताउनुभयो ।

सिन्धुपाल्चोक जिल्लाका पूर्वसांसद कृष्णराज श्रेष्ठले भक्तपुरले कला र संस्कृति रक्षामा खेलिरहेको भूमिका उपत्यका बाहिरका नेवार समुदायको लागि उत्साहप्रद भएको बताउनुभयो ।

सिन्धु नेवा खलः का अध्यक्ष माधवलाल कर्माचार्यले नेपाली कला र संस्कृतिको सम्पन्नताबारे चर्चा गर्दै नेपाल संसारकै सांस्कृतिक गतिविधिको केन्द्र बन्न सक्ने विचार राख्नुभयो ।

प्राध्यापक सर्वज्ञभक्त मल्लले स्थानीय तहले पाठ्यक्रम बनाउन पाउने कानुनी बन्दोबस्तअन्तर्गत भक्तपुर नपाले पाठ्यक्रम बनाएकोमा आभार व्यक्त गर्दै स्थानीय तहलाई आफ्नो परिस्थितिअनुसार काम गरेर देखाउने अवसर भएको बताउनुभयो ।

इतिहासका प्राध्यापक डा. पुरुषोत्तमलोचन श्रेष्ठले नेवार समुदायमा रहेको गुठी प्रथाको ऐतिहासिक महत्त्वबारे चर्चा गर्नुभयो ।

नेपाली लोकगीतको विषयमा विद्यावारिधि गरेका संरा अमेरिकी अध्येता आना स्टीरले नेपाली समाजमा लोकभाकामा सन्देश दिंदा जनताबीच भन्न खोजेको सन्देश अझ प्रभावकारी तरिकाबाट प्रवाहित हुने गरेको बताउनुभयो । उहाँले नेपालको कला र सांस्कृतिक क्षेत्रमा अझै पनि दलगत राजनीति हावी भएको धारणा राख्नुभयो ।

इतिहासकार योगेन्द्रमान श्रेष्ठले नेपालको इतिहासका विविध आयामबारे चर्चा गर्नुभयो ।

साहित्यकार डिल्लीराज जोशीले न्यायका लागि जीवनभर लडेका मार्क्सको स्मरण गर्दा देशको बिग्रँदो अवस्था देख्दा दुःख लागेको भन्दै कला, साहित्य र संस्कृतिको अनुभूति गर्न भक्तपुर सधैं उपयुक्त थलो भएको चर्चा गर्नुभयो ।

साहित्य सम्मेलनमा कवि पूर्ण वैद्य, सीता सुवेदी (पन्थी), दामोदर सुवाल, टेकबहादुर रानालगायत लेखक–कविहरूले कविता वाचन गर्नुभएको थियो । साहित्य सम्मेलनमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई.सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुनिल दुवाललगायतले पनि मन्तव्य राख्नुभएको थियो ।

तःमुंज्याको दोस्रो दिनको सभापतित्व प्रदेश नं ३ का सभासद् तथा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य सिर्जना सैंजूले गर्नुभएको थियो ।

कार्यक्रममा तःमुंज्या आयोजक समितिका उपाध्यक्ष कृष्णबहादुर प्रजापतिले स्वागत, कोषाध्यक्ष जितेन्द्र मुनंकर्मीले आर्थिक हिसाब प्रस्तुत र सचिव सुन्दर राजचलले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

तःमुंज्यामा भएको साहित्यिक प्रतियोगितामा कवितातर्फ प्रथम केशव तमखु, द्वितीय शिवप्रसाद श्रेष्ठ र तृतीय मदन श्रेष्ठ हुनुभयो । कथातर्फ एलके सुन्दर प्रथम र श्रीभक्त जोशी द्वितीय हुनुभयो ।

तःमुंज्यामा सिन्धु नेवा खलः, कमलविनायक सांस्कृतिक पुचःलगायतका सांस्कृतिक समूहले सांस्कृतिक प्रस्तुति गरेका थिए । तःमुंज्याको दुवै दिन रातिसम्म सांस्कृतिक कार्यक्रम भएको थियो ।



# दुई दिने नेपाल-चीन फोटोग्राफी प्रदर्शनी




प्रदर्शनीको उद्घाटन गर्दै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति (बायाँ) र महामहिम चिनियाँ राजदूत यु होङ

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति तथा नेपालका लागि चिनियाँ राजदूत यु होङले 'दुई दिने नेपाल-चीन फोटोग्राफी प्रदर्शनी' कार्यक्रमको कार्तिक २१ गते संयुक्त रूपमा उद्घाटन गर्नुभयो।

भक्तपुरका युवा फोटोग्राफरहरूको समूह किपाग्राफी भक्तपुरको आयोजनामा भक्तपुर दरबार स्क्वायरमा भएको उक्त कार्यक्रममा नगर प्रमुख प्रजापतिले फोटो/चित्रको महत्त्व दर्साउँदै एउटा चित्रले धेरै शब्दहरू बोल्ने हुँदा फोटो आफैं एउटा लेख र समाचार हुने बताउनुभयो।

लेखेर व्यक्त गर्न गाऱ्हो विषयलाई पनि चित्र/फोटोले सजिलै बुझाइदिने उल्लेख गर्दै उहाँले ५५ झ्याललगायतमा रहेका भित्तेचित्रहरूले तत्कालीन इतिहास बुझ्न मद्दत मिलेको बताउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, "भनपाले यहाँका मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण गर्दै आएको छ। भूकम्पले भत्केका मठ-मन्दिरहरू पुन:निर्माणमा नगरपालिकाले प्राथमिकता दिइरहेको छ। भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउन भनपाका जनप्रतिनिधिहरू निरन्तर लागिरहेका छन्।"

मेयर प्रजापतिले महामहिम चिनियाँ राजदूतलाई भक्तपुरमा स्वागत गर्न पाएकोमा खुसी व्यक्त गर्दै भक्तपुरको मयुर झ्याल उपहार दिनुभएको थियो।

विशेष अतिथि चिनियाँ राजदूत यु होङले चित्रकलाको प्रदर्शनीले नेपाल र चिनियाँ जनताको मित्रतालाई अझ नजिक बनाउने बताउनुभयो।

उहाँले भन्नुभयो, "चीन र नेपालबीच सम्बन्ध र सहकार्य गरेर अगाडि बढ्नु आवश्यक छ। भक्तपुरको पुन:निर्माणमा भइरहेको प्रगति प्रशंसायोग्य छ।"

किपाग्राफी भक्तपुरका अध्यक्ष अच्युत प्रजापतिको सभापतित्वमा भएको कार्यक्रममा नेपाल पर्यटन बोर्डका डाइरेक्टर आदित्य बराल, नेपाल पर्यटन विकास प्रवर्द्धनका निराजन तिवारी र पेच्याउ फोटोग्राफी एसोसियसन चीनका अध्यक्ष थान यू फानले पनि बोल्नुभएको थियो।

फोटो प्रदर्शनी कार्तिक २१ र २२ गते भएको थियो।

# भक्तपुर नपाद्वारा नेपालभाषामा 'ख्वप पौ' प्रकाशन

नेपाल संवत् ११३९ नयाँ वर्षको अवसर पारेर भक्तपुर नगरपालिकाले नेपालभाषाको बुलेटिन 'ख्वप पौ' प्रकाशित थालेको छ। नेपालभाषा बोल्ने जनताको अत्यधिक बहुमत रहेको भक्तपुर नगरमा नेपालभाषाको अखबार प्रकाशन थालिएको हो। नेपाल संवत् फेरिएको दिन प्रकाशित सो बुलेटिनको उद्देश्य भाषा र साहित्यको माध्यमबाट जनताको सेवा गर्नु रहेको सम्पादकीयमा लेखिएको छ। बुलेटिनको पहिलो अङ्कमा नपाका विभिन्न गतिविधि, कार्यक्रम, देश विदेशका घटना, साहित्यिक लेख, कथा, कविताका विधाहरू समावेश छन्। 'भक्तपुर' मासिक पत्रिका निरन्तर प्रकाशन गरिरहेको भक्तपुर नगरपालिकाले नेपालभाषाको 'ख्वप पौ' प्रकाशन गरेर अर्को नयाँ कार्य गरेको छ।

'ख्वप पौ' बुलेटिनको वर्ष १ अङ्क १ नेपाल संवत् ११३९ कछलाथ्व अर्थात् २२ कार्तिक २०७५ (ड ल्यखा दृण्ङड) मा प्रकाशित भएको छ।



ख्वप पौ

पुर्खा दयक तकगु सम्पति, भीगु कला व संस्कृति

पिकाक-ख्वप नगरपालिका

ख्वप पौ

BHAKTAPUR MUNICIPALITY

कार्ल मार्क्स

नेपाल संवत् ११३९ कछलाथ्व/२०७५ कार्तिक/ 2018 November/ ल्याः१, दाँः १

सम्पादकीय

नेपाल संवत् ११३९ न्हु दँया लसताय ख्वप नगरपालिकाया ग्वसालय 'ख्वप पौ' नां या नेपालभाषा पौ पिकाय दयो लयताया। नेव भाषं पत्रिका पिकायगु व भाषा विकासया निंतिं ग्वाहाली जुइगु ज्यायाय्गु मति नगरपालिकाया न्हापां निसें्या हे खः। ख्वप नगरपालिका नेपाल भाषा, कला, संस्कृति सम्पदा म्वाक तय्या निंतिं न्हापानिसें ज्यायाङ बयोच्वंगु सकसिनं स्यू। भाषा व साहित्यया माध्यमं जनाया सेवा याय्गु जिमिगु उद्देश्य खः।

१५ दाँ तक स्थानीय तह जनप्रतिनिधि मदयूकं हज्याक यंके मफुगु हुनिं हे भीगु दे लिपा लात। नेपाल मजदुर किसान पार्टी पटक पटक स्थानीय निकाययाता हानं म्वाके मःगु व चुनाव याय् मःगु ग्यसु लागुं विचः प्वंक वयो च्वंसां शासक दल तयूसं थुकियाता बेवास्ता यात। गुकिं जनतां दुःख सिल। भीगु भाषा, संस्कृति व सम्पदा संरक्षण खय् तस्कं लिपा लात।

नेपाःया संविधान २०७२ बय् धुंक नेपालया फुक्क भाषाभाषी तय्गू मां भाषं आधारभूत तह तक आखः ब्वंके दइगु खाँ क्वजित। उगु जनआन्दोलनं दयूकगु संविधान या लिधंसाय् जूगु चुनावय् त्याक वां पुं ख्वप नगरपालिकाया जनप्रतिनिधि पिन्सं कला, संस्कृति व सम्पदा म्वाकेगु, भिंकेगु ज्याखय् च्वछाय् बहगू ज्या याङ वयो च्वंगु खाँ फुक्कसिनं थू।

भ्वखाचां थुगु यक्व सम्पदा ल्ह्वने मःगु अज नं ल्यं दःनि। ख्वप नगरपालिकां पिथांगु थुगु 'ख्वप पौ' बुलेटिन पाखें नगरपालिकाया थी थी ज्याभ्वः, देश विदेशया घटना, लुमांके बहपिनिगु प्रेरणादायी खाँ, साहित्य नं पियानेगु जिमिगु कुतः खः। छिकपिनिगु अमूल्य सुझाव, लेख रचना व ग्वाहाली थुगु बुलेटिन याता बियो दिइगु भलासा काय्। न्हू दँ ११३९ या भिन्तुना नपां।

पिकाक- ख्वप नगरपालिका/सम्पादक-आशाकुमार चिकंबञ्जार/थाकू-भक्तपुर अफसेट प्रेस

फोन ल्याः - ०१-६६१००९६, इ-मेल - bhaktapurmun@gmail.com

१

बुलेटिनको पहिलो अङ्कमा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को अन्तर्वार्ता, भनपाका नगर प्रमुख सुनिल प्रजापतिको कार्तिक १७ गते भएको अन्तर नगरस्तरीय खेलकुद कार्यक्रमको समापनमा व्यक्त मन्तव्य, हरिबहादुर श्रेष्ठद्वारा लिखित कार्लमार्क्सको जीवनी छन्। त्यस्तै कवि चन्द्रबहादुर उलकको 'वँचुगु आकाश खः कार्लमार्क्स', सीतुको 'युगं बुइकम्हा ह्याउँम्हा प्रमिथस', सुरेन्द्रराजको 'मार्क्सया म्ये' र रामप्रसाद किसीको 'छःगु ल्वय् विनाश याइगु वंशया' कविता रहेका छन्।

सरोजराज गोसाईंको 'असुरक्षा' लघुकथा, प्रदेश ३ का प्रदेशसभा सदस्य सिर्जना सैंजूको ३८ औं नेपालभाषा साहित्य तःमुंज्यामा व्यक्त मन्तव्य र संस्कृतिका लेखक ओम धौभडेलको 'स्वन्ति नखाः व उकिया महत्त्व' लेख पनि 'ख्वप पौ' को आकर्षण हो। बुलेटिनमा नपाका गतिविधिका समाचार र तस्बिरहरू रहेका छन्। बुलेटिनको सम्पादक आशाकुमार चिकंबञ्जार हुनुहुन्छ।

# धनगढी माई नगरपालिका, सिराहाका प्रमुख भक्तपुरमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग धनगढी माई नगरपालिका, सिराहाका प्रमुख हरिनारायण चौधरीले कार्तिक ११ गते भेट गर्नुभयो।

भेटमा प्रमुख प्रजापतिले नेपाल मजदुर किसान पार्टीको समाजलाई बुद्धिजीवीकरण गर्ने नीतिअनुसार २०५६ सालमा भक्तपुर नगरपालिकाले उच्च मा.वि. सञ्चालन गरी शैक्षिक क्षेत्रमा कार्य गर्दै हाल ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी विभिन्न ६५ जिल्लाका विद्यार्थीहरूले अध्यापन गरिरहेको जानकारी गराउनुभयो।



उहाँले शिशुस्याहारदेखि कलेजहरू सञ्चालन गरी नगरवासीहरूको सेवा गरिरहेको बताउँदै विश्वविद्यालय सञ्चालनको लागि विधेयक पारित भएमा कम शुल्कमा गुणस्तरीय चिकित्सा विज्ञानको अध्ययन अध्यापन गराउने योजना रहेको जानकारी गराउनुभयो।

भेटमा धनगढी माई नगरपालिकाका प्रमुख चौधरीले आफ्नो नगरपालिकाको मौलिक विशेषताहरूको जानकारी गराउनुँहुँदै भक्तपुर नगरपालिकाको स्वास्थ्य, शिक्षा, सम्पदा संरक्षण र पर्यटनसम्बन्धी धेरै उपलब्धीहरूको विषयमा सुनेको हुँदा यी विषयहरूमा बुझ्नको लागि नगरपालिका भ्रमणमा आएको जानकरी गराउनुभयो। भेटमा दुई प्रमुख बीच आवास योजना, सरसफाइ, विकास निर्माण, ऐन कानून निर्माण, संविधान र संघीयता कार्यान्वयनलगायतका विविध विषयहरूमा पनि छलफल भएको थियो।

# पाठेघर तथा स्तन परीक्षणसम्बन्धी शिविर

भक्तपुर नगरपालिका ६ नं. वडा समितिअन्तर्गत स्वास्थ्य कार्यकर्ता परिचालन समितिको आयोजना र भक्तपुर क्यान्सर अस्पतालको प्राविधिक सहयोगमा पाठेघर तथा स्तन क्यान्सर परीक्षणसम्बन्धी स्वास्थ्य शिविर असोज २० गते भक्तपुर नगरपालिका वडा नं. ६ कार्यालयमा सम्पन्न भयो ।

कार्यक्रममा भनपा प्रमुख सुनिल प्रजापतिले काम गरी खाने निम्न वर्गका जनताहरूको आर्थिक अवस्था कमजोर भएका कारण महँगो अस्पतालमा जचाउन जान सम्भव नभएको हुँदा जनस्वास्थ्य केन्द्रहरूले २५ जना डक्टरको व्यवस्था गरी जनताको सेवा पुऱ्याइरहेको बताउनुभयो ।

भनपाले नेपाल भाषा संरक्षणको लागि नयाँ पुस्तामा नेपाल भाषा लिपि कक्षा सञ्चालन गरी स्थानीय पाठ्यक्रममा पुराना रीतिरिवाज, चाडपर्वसम्बन्धी पनि अध्यापन गराइसकेको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ६ का वडाअध्यक्ष हरिराम सुवालले स्वास्थ्य शिविर सञ्चालनबारे बोल्दै गम्भीर किसिमका रोग लागेका बिरामीहरूको लागि भनपा कार्यालयबाट रु. १००००।– (रु. दश हजार अक्षरेपी) अनुदान सहयोग प्रदान गर्दै आएको स्पष्ट पार्नुभयो । उक्त कार्यक्रममा वडासदस्य सिद्धिराम अवालले पनि बोल्नुभएको थियो ।




स्वास्थ्य शिविरमा बोल्दै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति

कार्यक्रममा वडासदस्य गोविन्द दुवालले रोगले कसैलाई छोड्दैन त्यसैले सबैले समयमै स्वास्थ्य परीक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका सिनियर नर्स लक्ष्मी श्रेष्ठले भक्तपुर नगरपालिकाले विगत १४ वर्ष अगाडिदेखि भक्तपुर नगरका महिला दिदी–बहिनीहरूको लागि पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी शिविरहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

# भनपा वडा नं. १० मा पाठेघर र स्तन क्यान्सरसम्बन्धी परीक्षण

भक्तपुर नगरपालिका वडा नं. १० को आयोजनामा महिलाहरूको पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी शिविर कार्तिक १७ गते सम्पन्न भयो । शिविरमा २५६ जना महिलाको स्तन र पाठेघर परीक्षण तथा ६ जना पुरुषको स्तन परीक्षण गरिएको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले स्वास्थ्यलाई प्राथमिकतामा राखेको बताउँदै भक्तपुर नपालाई नमुना स्वास्थ्य उपचारको रूपमा विकास गर्न आफूहरू लागिरहेको बताउनुभयो । उहाँले भक्तपुरमा उपचार विधि राम्रो पार्न भक्तपुर नगरपालिकाले ख्वप अस्पताल निर्माण गर्न लागेको जानकारी दिँदै स्वास्थ्यभन्दा ठूलो केही नरहेको र रोगको संकेतलाई हेलचक्र्याइँ गर्न नहुने विचार राख्नुभयो । भक्तपुर नगरपालिकाले नगरवासीहरूको स्वास्थ्य उपचारको लागि कडा रोग लागेका बिरामीहरूलाई रु.१०,०००।– को सहयोग रकम प्रदान गरिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले नेपाल मजदुर किसान पार्टीको उद्देश्य देश र जनताको सेवा गर्ने हो र भक्तपुर नगरपालिकाको कमी–कमजोरीमा रचनात्मक आलोचना स्वागतयोग्य रहेको स्मरण गराउनुभयो । उहाँले भक्तपुरमा भएका विकास निर्माणका कामहरूलाई पारदर्शी ढंगले व्यवस्थापन गरिरहेको र उपभोक्ता समितिमार्फत सम्पदाहरू जीर्णोद्धार भइरहेको बताउनुभयो ।

भक्तपुर वडा नं. १० का वडाअध्यक्ष लक्ष्मीप्रसाद हयौंमिखाले रोगलाई बेवास्ता गर्न नहुने बताउँदै समयमै रोगको पहिचान भए र नियमित औषधि सेवन गरे रोग निको हुने बताउनुभयो । बजारमा म्याद नाघेका अखाद्यवस्तुबाट शरीरमा नकारात्मक असर पुग्ने बताउँदै खानपिनमा विशेष ध्यान दिन सके धेरै रोगहरूबाट बच्न सक्ने बताउनुभयो ।

वडा नं. १० का लक्ष्मीप्रसाद चवालले रोग लाग्नु अगाडि नै स्वास्थ्यको नियमित परीक्षण गराउनुपर्ने, भक्तपुर क्यान्सर अस्पतालका प्रशासन अधिकृत राजाराम तजलेले महिलाहरूले नियमित रूपमा पाठेघर तथा स्तनको जाँच गराउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर वडा नं. १० का वडा सदस्य ज्ञानकुमार मगजु, जितेन्द्र मुनंकर्मी र विजयालक्ष्मी शाक्य, वडा सचिव गोविन्दराम थुसाको पनि उपस्थिति थियो ।

# भक्तपुरका जनप्रतिनिधि पुन:निर्माण प्राधिकरणमा

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा जनप्रतिनिधि तथा प्राविधिकहरूको एक टोलीले राष्ट्रिय पुनः निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन) का निर्देशक नवराज प्याकुरेलसँग कार्तिक ८ गते भेट गऱ्यो।

भेटमा नगर प्रमुख प्रजापतिले भूकम्पबाट क्षतिग्रस्त भक्तपुर दरबार क्षेत्रस्थित सिंहध्वाका दरबार, नगरपालिकाको पुरानो भवन र पुजारी मठको पुनः निर्माणको लागि नगरपालिकाले तयार गरेको नक्सा र डिजाइन पेश गरी पुनः निर्माणको लागि आवश्यक बजेट बन्दोबस्त गर्न आग्रह गर्नुभयो।

उहाँले भक्तपुर नगरपालिकाले स्थानीय जनताको सहभागितामा उपभोक्ता समितिमार्फत सम्पदा पुनः निर्माण कार्य भइरहेको चर्चा गर्दै उपभोक्ता समितिमार्फत कार्य हुँदा कम खर्चमा गुणस्तरीय निर्माण हुने प्रस्ट पार्नुभयो।

निर्देशक प्याकुरेलले भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरू संरक्षणमा भक्तपुर नगरपालिकाले उल्लेखनीय कार्य गरेकोमा प्रशंसा गर्दै एकाइले देशका विश्व सम्पदा सूचीमा सूचिकृत सम्पदा क्षेत्रहरूको बस्ती विकास एवं पुनः निर्माणको योजना अगाडि सारेको बताउनुभयो।

भेटमा प्राधिकरणका प्राविधिक सल्लाहकार सूर्यभक्त साँगाछेले भक्तपुर दरबार क्षेत्रमा रहेका सम्पदाहरू पुनः निर्माण कार्यमा नगरपालिकाको पहल सकारात्मक भएको उल्लेख गर्दै त्यसमा प्राधिकरणबाट सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

भेटमा नगरपालिकाका उपप्रमुख रजनी जोशी,



राष्ट्रिय पुनः निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन) का निर्देशक नवराज प्याकुरेलसँग भएको भेट

वडाध्यक्षहरू रविन्द्र ज्याख्व र उकेश कवां तथा नगरपालिकाका प्राविधिकहरू ई. ओमहरि था श्रेष्ठ, आ. रामगोविन्द श्रेष्ठ र ई. सूर्यभक्त खर्बुजाको उपस्थिति थियो।

# राष्ट्रिय पुन:निर्माण प्राधिकरणका प्रतिनिधि भक्तपुरमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग कार्तिक ९ गते राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका सम्पदा महाशाखा प्रमुख राजुमान मानन्धरको नेतृत्वमा आएको एक प्रतिनिधिमण्डलले भेट गर्‍यो।




भक्तपुर नपा प्रमुख सुनिल प्रजापति र राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका सम्पदा महाशाखा प्रमुख राजुमान मानन्धरबीच भएको छलफल

भेटमा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले आफ्नै स्रोतबाट परम्परागत सीप र साधन प्रयोग गरी यहाँका विश्व सम्पदामा सूचिकृत सम्पदाहरूको संरक्षण गर्दै आएको जानकारी गराउनुभयो।

उहाँले भक्तपुरका जनताले सिद्धपोखरी पुनः निर्माणको अनुभवबाट सिकेर भाज्या पोखरी पुनः निर्माण गरिरहेको बताउनुभयो। उहाँले परम्परागत शैलीमा कालिमाटी प्रयोग गरी भाज्या पुखुमा पानी अडाउन सफल भएको बताउँदै पोखरीको बीचको मन्दिरको इतिहासविद्, पुरातत्वविद् र संस्कृतिविद्हरूबाट डिजाइन भइरहेको जानकारी गराउनुभयो। विज्ञहरूको प्रतिवेदन प्राप्त भएपछि निर्माण कार्य अघि बढ्ने जानकारी गराउँदै उहाँले निर्माण कार्य स्थानीय उपभोक्ता समितिमार्फत् गर्नुपर्नेमा जोड दिनुभयो।

भेटमा पुनः निर्माण प्राधिकरणका सम्पदा महाशाखाका प्रमुख मानन्धरले भक्तपुरको सिद्ध पोखरी र भाज्या पोखरी पुनः निर्माणको अनुभवलाई काठमाडौंको रानी पोखरी पुनःनिर्माण कार्यको लागि प्रयोग गर्न चाहेको बताउँदै आवश्यक सहयोगको लागि आग्रह गर्नुभयो। भक्तपुरको सम्पदा संरक्षण र विकास निर्माणलगायतका कार्यहरूको विषयमा छलफल भएको भेटमा भ.न.पा.का वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री र प्राधिकरणका वरिष्ठ इन्जिनियर ध्रुव पौडेलको पनि उपस्थिति रहेको थियो।

# ‘चिकित्सकहरूले सेवाको भावनाले उपचार गर्नुपर्छ’

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाली चिकित्सकहरूले क्युवाली चिकित्सकहरूबाट सेवा गर्ने भावना सिक्नुपर्ने विचार व्यक्त गर्नुभयो।

‘आँखा सबैको लागि’ भन्ने मूल नाराका साथ भक्तपुर सामुदायिक आँखा केन्द्रको आयोजनामा असोज २५ गते सम्पन्न विश्व दृष्टि कार्यक्रममा प्रमुख प्रजापतिले क्युवाली डाक्टरहरू संसारकै उत्कृष्ट रहेको र संसारको कुनै पनि ठाउँमा गएर काम गर्नसक्ने क्षमता भएको बताउनुभयो।

प्रमुख प्रजापतिले नेपाली डाक्टरहरू पचासौं लाख खर्च गरेर निजी मेडिकल कलेजबाट उत्तीर्ण भएको हुँदा तिनीहरूमा सेवा गर्नेभन्दा पैसा कमाउने सोच देखिएको बताउँदै भन्नुभयो –‘‘सरकारले चिकित्सा शिक्षा निःशुल्क पढाउने व्यवस्था गरेको खण्डमा सरकारले जहाँ पठाए पनि डाक्टरहरू गएर बिरामीको सेवा गर्छन्। तर निजी पैसा खर्च गरी पढेर आएकाहरू सरकारी जागिरप्रति आकर्षित हुँदैनन्। अझ पाँच हजारभन्दा बढी डाक्टरहरू विदेशिएका छन्।

जिल्ला जनस्वास्थ्य केन्द्रका प्रमुख कृष्णबहादुर चन्दले आँखा अस्पतालले भक्तपुरका जनतालाई निकै सुविधा पुगिरहेको बताउँदै समयअनुसार थप सुविधाहरू प्रदान गर्दै जानुपर्ने आवश्यकता रहेको उल्लेख गर्नुभयो।

जनस्वास्थ्य केन्द्र भक्तपुरका इन्चार्ज डा. रत्नसुन्दर




भक्तपुर सामुदायिक आँखा केन्द्रको आयोजनामा सम्पन्न विश्व दृष्टि कार्यक्रममा सम्बोधन गर्दै प्रमुख सुनिल प्रजापति

लासिवा, सामुदायिक आँखा केन्द्र भक्तपुरका प्रमुख एवं आँखाविज्ञ धिरज अधिकारीले आँखा रोगको उपचार विधि र आँखा रोगसम्बन्धी नागरिकहरू सचेत हुनुपर्ने बताउनुभयो।

नेपालमा करिब एक लाख जनसंख्या दृष्टिविहीन भएको र तीमध्ये ६६ प्रतिशतको उपचार सम्भव भएको बताइयो। समयमा उपचार गरेमा धेरैजसो रोगहरूको उपचार सम्भव भएको विज्ञहरूबाट व्यक्त भयो।

सामुदायिक आँखा केन्द्र भक्तपुर नगरपालिकाअन्तर्गत सञ्चालित छ। च्याहमासिंह केन्द्रमा दैनिक ८० देखि १०० जनाको आँखा जाँच हुन्छ।

# हनुमानघाट सुधार गुरुयोजना बन्दै

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले हनुमानघाट सुधारको लागि नगरपालिकाले गुरुयोजना तयार गरिरहेको बताउनुभयो।

संस्कृतका आदिकवि महर्षि वाल्मीकिको जन्म जयन्तीको अवसरमा कार्तिक ७ गते आयोजित प्रवचन कार्यक्रमको उद्घाटन गर्दै प्रमुख प्रजापतिले इतिहास सत्य र तथ्यमा आधारित हुनुपर्ने बताउँदै हनुमानघाटमा बसेर वाल्मीकि ऋषिले रामायण लेखेको पुष्टि भएमा त्यसले आन्तरिक र बाह्य पर्यटक आकर्षित हुने बताउनुभयो।

उहाँले रामायण उत्कृष्ट साहित्यमध्ये एक भएको उल्लेख गर्दै त्यसमा वर्णित सबै घटना सत्य हो वा होइन भन्दा पनि त्यसको साहित्यिक महत्त्व छ भन्नुभयो।

भनपाले तथ्य र प्रमाणहरूविना कुनै पनि निर्णय हचुवा तरिकाले गर्दैन, हरेक विषय सम्बन्धित विज्ञहरूको राय र सल्लाहबमोजिम मौलिकतालाई ध्यानमा राखेरमात्र गर्छ भन्दै उहाँले विदेशीको पैसाले चल्ने गैरसरकारी र अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपाललाई परनिर्भरतातिर डोऱ्याइरहेको हुँदा त्यस्ता संस्थाहरूबाट नेपाली विज्ञहरू सचेत हुनुपर्छ भन्नुभयो।

प्राज्ञ ज्ञानमणि नेपालले वाल्मीकिले पहिले लेखेको रामायणमा कति कुरा छ र यसले कति थपेको हो भनी आफूले अनुसन्धान गरिरहेको जानकारी दिनुभयो।

कार्यक्रममा प्रा.डा. शास्त्रदत्त पन्त, प्रा.डा. ऋषिराम पोखरेल, डा. पुरुषोत्तमलोचन श्रेष्ठ, डा. सुरेन्द्र केसी, रामबहादुर प्रजापतिलगायतले हनुमानघाटको ऐतिहासिक र धार्मिक महत्त्वको बारेमा मन्तव्य व्यक्त गर्नुभएको थियो।

भारद्वाज संस्कृति केन्द्र र हनुमानघाट सामाजिक सुधार समितिको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रमका सभापति चैतन्य देवकोटाले विश्वका धेरै ठाउँको सम्पदा र संस्कृति म्हासिएको उदाहरण पेश गर्दै देश र सम्पदा अरूले नलैजाऊन् र संस्कृति र सम्पदा भविष्यमा हामीले गौरव गर्ने धरोहरहरू हुन् भन्नुभयो।

# धरान उपमहानगरपालिकाका प्रतिनिधिमण्डल भक्तपुर अध्ययन भ्रमणमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग धरान उप–महानगरपालिकाका कार्यवाहक प्रमुख मञ्जु भण्डारी सुवेदीको नेतृत्वमा आएका प्रतिनिधिमण्डलले असोज १९ गते भेट गर्‍यो ।




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग धरान उप–महानगरपालिकाका कार्यवाहक प्रमुख मञ्जु भण्डारी सुवेदीको नेतृत्वमा आएको प्रतिनिधिमण्डल

भेटमा प्रमुख प्रजापतिले प्रतिनिधिमण्डललाई स्वागत गर्दै भक्तपुर नगरपालिकाको मुख्य–मुख्य विशेषता, गतिविधि, कार्यक्रम, योजना, परियोजना र उपलब्धीहरूको बारेमा जानकारी गराउनुभयो ।

उहाँले भनपाले शिक्षा र स्वास्थ्यलाई विशेष महत्त्व दिएर कलेजहरू, जनस्वास्थ्य केन्द्रहरू सञ्चालन, घर–घरमा नर्सिङ सेवाको व्यवस्था गरेको जानकारी गराउँदै ख्वप अस्पताल निर्माणको तयारीबारे बताउनुभयो । भनपाले स्थानीय पाठ्यक्रम तयारी गरेको बताउँदै उहाँले पाठ्यक्रममा परम्परागत खेल, भाषा, लिपिसम्बन्धी शिक्षक–शिक्षिकाहरूलाई तालिम प्रदान गरिरहेको प्रतिनिधिमण्डललाई जानकारी गराउनुभयो । उहाँले ख्वप अस्पताल सञ्चालनको लागि आवश्यक विज्ञ डाक्टरहरूको लागि भनपाले दुईजना डाक्टरहरूलाई एम.डी. अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गरेको स्मरण गर्दै यसको लागि कार्यविधि तयारी भइरहेको बताउनुभयो ।

प्रतिनिधिमण्डलले कलेज सञ्चालन र नियन्त्रणको व्यवस्थाबारेको जिज्ञासाको जवाफ दिँदै प्रमुख प्रजापतिले सबै कलेजहरूको व्यवस्थापन समितिको अध्यक्ष र उपाध्यक्ष भनपाको प्रमुख र उपप्रमुख हुने र सदस्यहरू सम्बन्धित वडाका वडाअध्यक्षहरू र विज्ञहरू रहने भएकोले कलेजहरू नगरपालिकाको प्रत्यक्ष निगरानीमा सञ्चालन भइरहेको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, वडाअध्यक्षहरू हरिराम सुवाल, महेन्द्र खायमली र कानुन अधिकृत गणेशलाल फोजुको पनि उपस्थिति थियो ।

# गड्यौला मल र कौशी खेती तालिम सम्पन्न

भक्तपुर नगरपालिकाको कृषि समितिको आयोजनामा असोज १९ गते तीनदिने गड्यौला मल तथा कौशी खेती तालिमको समापन र प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न उक्त तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुहुँदै तालिमबाट सिकेका ज्ञान र सीपलाई व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिनुभयो । सैद्धान्तिक ज्ञान र व्यवहारमा भिन्नता हुने बताउनुहुँदै उहाँले सबै सहभागीहरूले आफ्ले सिकेका ज्ञान र सीपलाई नगर र नगरवासीहरूको हितको लागि प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

ज्ञान र सीपलाई जति फैलाउन सकियो त्यति नै राम्रो हुने बताउँदै अध्ययन र सिकाइलाई जीवनभर निरन्तरता दिनुपर्ने बताउनुभयो । उहाँले हालको नयाँ मुलुकी ऐनमा महिला र पुरुष दुबैले सम्बन्ध विच्छेदसम्बन्धी समानताको हकको व्यवस्थाले नेपाली समाजमा विचलन ल्याउने सम्भावना बढेको बताउँदै यसप्रति सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

सहभागीहरूले जीवन उपयोगी तालिमका साथै समसामयिक विषयमा पनि दख्खल राख्नुपर्ने जोड दिनुभयो । उहाँले महिलाहरूको सम्पत्तिमाथिको दोहोरो अधिकारको विषयमा बोल्दै यस अधिकारको दुरूपयोग हुने र यसले सामाजिक मूल्य–मान्यता नै ध्वस्त बनाउन सकिने प्रति सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशी, वडाअध्यक्ष राजकृष्ण गोरा, कार्यपालिका सदस्य सुनिता अवाल र प्रशिक्षक वैद्यनाथ झाले पनि बोल्नुभएको थियो ।

# फलेबासका जनप्रतिनिधि भक्तपुर नपामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशीसँग फलेबास नगरपालिका, पर्वतका प्रमुख पदमपाणी शर्माबीच भएको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग कार्तिक ६ गते फलेबास नगरपालिका, पर्वतका प्रमुख पदमपाणी शर्माले भेट गर्नुभयो।

भेटको क्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले संविधान र कानुनले दिएको अधिकारभित्र रही शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण र पर्यटनलाई प्राथमिकतामा राखी कार्य गरिरहेको जानकारी गराउनु भयो। उहाँले काम गरी खाने वर्गलाई उत्थान गर्न आवश्यक योजना बनाई भक्तपुर नगरपालिकाले विभिन्न गतिविधि गर्दै आएको जानकारी गराउँदै ख्वप विश्वविद्यालय सञ्चालनको लागि प्रयास गरिरहेको जानकारी गराउनुभयो।

विश्वविद्यालय सञ्चालन गर्न पाएमा हाल इन्जिनियरिङ विषयमा जस्तै न्यून शुल्कमा गुणस्तरीय चिकित्सकहरू तयार गर्न सकिने उहाँले बताउनुभयो।

उहाँले हाल ठूला राजनीतिक दलहरूबीच भागबण्डाको राजनीति भइरहेकोले देशमा अराजकता र विकृति बढिरहेको जानकारी गराउनुभयो। उहाँले राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरूले सरकारलाई परनिर्भर बनाउनेतर्फ लागिरहेको बताउँदै आत्मनिर्भर स्थानीय तहले मात्र विकास गर्नसक्ने बताउनुभयो।

यसैक्रममा भक्तपुर नगरपालिकाले सम्पदा संरक्षण कार्यको लागि जर्मनको के.एफ.डब्लू. बैंकले प्रस्तावित सहयोग अनुचित शर्तहरू राखेको कारण स्वीकार गर्न नसकेको जानकारी दिँदै हाल भक्तपुरको विश्व सम्पदामा सूचिकृत सम्पदाहरू नगरपालिकाले आफ्नै स्रोतमा संरक्षण गरिरहेको जानकारी गराउनुभयो। उहाँले सबै स्थानीय तहहरूले आफ्नो स्थानीय सम्भाव्यता अनुसार विकास गर्नुपर्ने बताउँदै भक्तपुरले पर्यटन उद्योगको विकासलाई प्राथमिकतामा राखेको बताउनुभयो।

उहाँले नयाँ पुस्तालाई स्थानीय मौलिकतासम्बन्धी शिक्षित पार्न स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरेको बताउनुभयो। भक्तपुर नगरपालिकाले शिशु स्याहारदेखि कलेज तहसम्म शिक्षा न्यून शुल्कमा प्रदान गरिरहेको जानकारी गराउँदै घर घरमा नर्सिङ सेवा प्रदान गरिरहेको र ख्वप अस्पताल निर्माणको क्रममा रहेको जानकारी गराउनुभयो।

भेटमा प्रमुखहरूबीच घर नक्सा पास, सरसफाइ, विकास निर्माण, ऐन कानुन निर्माण, कार्यविधिलगायतका विविध विषयमा अनुभव आदानप्रदान भएको थियो भने फलेबास नपाका प्रमुख शर्माले फलेबास नपाका विशेषताबारे जानकारी गराउनुभएको थियो।

उक्त भेटमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको पनि उपस्थिति रहेको थियो।

# वडा नं. ९ मा उपभोक्ता समिति गठन

भक्तपुर नगरपालिका वडा नं. ९ मा वडाध्यक्ष रविन्द्र ज्याख्व, कार्यपालिका सदस्य छोरी मैंया सुजखु (प्रजापति) र वडा सदस्यहरू इन्द्रबहादुर प्याथ र जगतलाल मानन्धरको उपस्थितिमा असोज २१ गते साकोलानस्थित ताहा फल्चा पुन:निर्माण उपभोक्ता समिति र लामगालमा ढल निकास सुधार उपभोक्ता समिति गठन भयो।

साकोलानमा रहेको ताहाफल्चा पुन:निर्माण गर्न तुल्सीकाजी मानन्धरको अध्यक्षतामा ९ सदस्यीय उपभोक्ता समिति, जगतलाल मानन्धरको संयोजकत्वमा ५ सदस्यीय अनुगमन समिति गठन भयो।

उक्त योजनाको अनुमानित लागत २४ लाख ८१ हजार ८ सय ९० रूपैयाँ ४० पैसा रहेको ९ नं. वडा समितिले जनाएको छ।

लामगाल ढल निकास सुधार गर्न हरिभक्त मगजुको अध्यक्षतामा ७ सदस्यीय उपभोक्ता समिति, जगतलाल मानन्धरको संयोजकत्वमा ५ सदस्यीय अनुगमन समिति गठन भयो। उक्त योजनाको अनुमानित लागत रु २७ लाख रहेको सम्बन्धित वडा समितिले जनाएको छ।

# भनपामा स्थानीय पाठ्यक्रमसम्बन्धी कार्यशाला गोष्ठी




स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू र सरोकारवालाहरूबीच सम्पन्न कार्यशाला गोष्ठीमा बोल्दै नपा प्रमुख सुनिल प्रजापति

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा असोज २५ गते स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू र सरोकारवालाहरूबीच कार्यशाला गोष्ठी सम्पन्न भयो।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले नेपाल भाषिक र साँस्कृतिक विविधतायुक्त मुलुक भएको बताउँदै भाषा र संस्कृति विकास हुन लामो समय लाग्ने तर लोप हुन धेरै समय नलाग्ने बताउँदै यसको संरक्षण र सम्वर्द्धन गर्दै नयाँ पुस्तालाई हस्तान्तरण गर्ने उद्देश्यका साथ स्थानीय पाठ्यक्रम तयार गरी लागू गरेको हो भन्नुभयो।

उहाँले नगरपालिकाको स्थानीय पाठ्यक्रमबारे सबैतिरबाट सकारात्मक टिप्पणीहरू आइरहेको बताउँदै विद्यार्थी भाइबहिनीहरूले पनि रुचिपूर्वक स्थानीय पाठ्यक्रमका विषयवस्तुहरू सिकिराखेको सूचनाहरू प्राप्त भइरहेको छ भन्नुभयो।

उहाँले विगतमा कलेज पढ्ने विद्यार्थीहरूमा समेत स्थानीय मौलिकतासम्बन्धी सामान्य ज्ञानको कमी भएको तीतो अनुभव सुनाउँदै अबको नयाँ पुस्ताले स्थानीय पाठ्यक्रमबाट स्थानीय मौलिकतासम्बन्धी पर्याप्त ज्ञान प्राप्त गर्नेछ भन्नुभयो।

विद्यालयका शिक्षक शिक्षिकाहरूबाट स्थानीय पाठ्यक्रम अध्ययन अध्यापन गराउन पाठ्यपुस्तकको अभाव भएको सूचना प्राप्त भइरहेको बताउनु हुँदै स्थानीय पाठ्यक्रममा समेटिएका विषयवस्तुहरूको आवश्यक सन्दर्भसामग्री विद्यालयहरूलाई वितरण गरिएको र कतिपय तयार भइरहेको जानकारी गराउनु भयो।

उहाँले नेपालको संविधानमा व्यवस्था भएबमोजिम भक्तपुर नगरपालिकाले नगरको शिक्षाको जिम्मेवारी वहन गरेसँगै सामुदायिक विद्यालयहरूको उचित संरक्षण र विकासको लागि स्थानीय जनप्रतिनिधिहरू समेत परिचालन गर्ने तयारी भइरहेको जानकारी गराउनुभयो।

उहाँले विद्यालयहरूको आवश्यकता र औचित्यताअनुसार सहयोगको तयारी भइरहेको छ भन्दै विद्यालयको शैक्षिक र भौतिक विकासको लागि सक्रियतापूर्वक लाग्न कार्यरत शिक्षक-शिक्षिकाहरूलाई नगरपालिकाबाट जानकारी गराइ रहेको बताउनुभयो। उहाँले भक्तपुरलाई शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण र पर्यटनको क्षेत्रमा उदाहरणीय रूपमा विकास गर्न आवश्यक योजनाहरू बनाई अगाडि बढिरहेको जानकारी गराउनुभयो।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले विभिन्न विद्यालयका शिक्षक-शिक्षिकाहरूबाट स्थानीय पाठ्यक्रम रोचक र प्रभावकारी रहेको जानकारी प्राप्त भएको बताउँदै यसमा नागरिक भावना, सामाजिक जिम्मेवारी, शिष्टता, सामाजिक मूल्य-मान्यता, ज्येष्ठ नागरिक सम्मानलगायतका विविध विषयहरू समावेश गर्नुपर्ने सुझाव प्राप्त भएको बताउनुभयो।

भनपाका प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलले स्थानीय पाठ्यक्रमले देशको राष्ट्रिय पाठ्यक्रमलाई मद्दत पुऱ्याउने विचार व्यक्त गर्दै यसले विद्यार्थी भाइबहिनीहरूमा स्थानीय विषयवस्तुप्रति रचनात्मक र सिर्जनात्मक गुण विकास हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा स्थानीय पाठ्यक्रम तयारी कार्यदलका सदस्य सिद्धिरत्न शाक्य र रोशनराज तुईतुईले पनि बोल्नुभएको थियो। कार्यक्रममा कक्षा २ र ७ को लागि नयाँ पाठ्यक्रम तयार गर्न जनप्रतिनिधिहरू र सरोकारवालाहरूलाई ५ वटा समूहमा विभाजन गरी पाठ्यक्रमका ११ वटा विषयहरूमा सुझाव सङ्कलन गरिएको थियो।

# दसैंको अवसरमा शुभकामना आदान-प्रदान




भक्तपुर नगरपालिका कर्मचारी एसोसियसनको आयोजनामा सम्पन्न दसैंको शुभकामना कार्यक्रममा प्रमुख अतिथि का.रोहितलगायत

**कर्मचारी एसोसियसनको शुभकामना कार्यक्रम**

भक्तपुर नगरपालिका कर्मचारी एसोसियसनको आयोजनामा असोज २८ गते दसैंको शुभकामना कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले चाडवाडमा जाँड-रक्सी खाने र जुवातासको विकृतिबाट टाढा रहनुपर्ने बताउनुभयो ।

उहाँले कञ्चनपुरमा भएको निर्मलाको बलात्कार र हत्याकाण्डका दोषी लामो समयसम्म पनि पत्ता नलाग्नुको पछाडि भारतीय शक्तिको हात हुनसक्ने आशङ्का व्यक्त गर्नुभयो ।

''भारतीय राजदूतावासले नेपालको डीएसपी कार्यालयसम्म हस्तक्षेप गर्ने गरेकोले निर्मला पन्त काण्डका दोषीबारे भारतीय राजदूतले बोल्नुपर्छ ।'', उहाँले भन्नुभयो ।

नगरपालिकाका कर्मचारीप्रति जनगुनासोबारे कर्मचारीबीच समीक्षा हुनुपर्नेमा अध्यक्ष बिजुक्छेंले जोड दिनुभयो ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले पाइला पाइलामा आर्थिक हिसाबमा मात्र ध्यान दिने मानिसले समाज प्रगतिको लागि योगदान गर्न नसक्ने धारणा राख्नुभयो ।

उहाँले कर्मचारी नगरपालिकाका हातखुट्टा र आँखा समान भएकोले सोही जिम्मेवारीको कर्तव्य पूरा गर्न लाग्नुपर्ने धारणा राख्नुभयो ।

उपप्रमुख रजनी जोशीले स्थानीय तहका अधिकारबारे सर्वसाधारण जनतालाई अझ पनि धेरै थाहा नभएकोले जनतालाई जानकारी दिने कार्यक्रम अघि लानुपर्ने धारणा राख्नुभयो ।

**ख्वप इन्जिनियरिङ कलेजमा शुभकामना आदानप्रदान र पुरस्कार वितरण**

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ख्वप इन्जिनियरिङ कलेज, भक्तपुरमा विजया दशमी र शुभ दिपावली २०७५ को शुभकामना आदान प्रदान र पुरस्कार वितरण कार्यक्रम असोज २६ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले संघीय मन्त्रीले स्थानीय तहबाट शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्न सकिँदैन भनी बोल्नु स्थानीय सरकारमाथि हस्तक्षेप भएको र संविधानको भावना विपरीत छ भन्नुभयो । उहाँले भक्तपुर नगरपालिकाले विगत २ दशकदेखि कलेजहरू सञ्चालन गरेको र जनस्वास्थ्य केन्द्रहरू सञ्चालन गर्दै अस्पताल निर्माणको प्रक्रियामा रहेको यथार्थ सबैलाई जानकारी हुँदाहुँदै जिम्मेवार व्यक्तिहरूले




ख्वप इन्जिनियरिङ कलेज, भक्तपुरमा विजया दशमी र शुभ दिपावली २०७५ को शुभकामना आदान प्रदान र पुरस्कार वितरण कार्यक्रम

संवैधानिक व्यवस्था विपरीत अभिव्यक्ति दिँदै हिड्नु अत्यन्त आपत्तिजनक भएको बताउनुभयो।

उहाँले निजी कलेजहरूलाई प्रोत्साहित गर्न नै यस्तो किसिमको भ्रमित समाचारहरू प्रचार प्रसार हुने प्रति सचेत गराउँदै स्थानीय तहहरूलाई शिक्षा र स्वास्थ्यको जिम्मेवारी दिएमा नागरिकहरूले सस्तो र सुलभ तरिकाले अत्यावश्यक सेवाहरू प्राप्त गर्ने छ भन्नुभयो।

निजी कलेजहरूमा ४०-५० लाख खर्च गरेर चिकित्साशास्त्र पढेका डाक्टरहरूले निस्वार्थ सेवा गर्ने भन्दा पैसा कमाउनमा नै जोड दिने हुनाले समाजमा विकृति फैलिने प्रति सचेत हुनुपर्ने बताउनुभयो। ठूल्ठूला राजनैतिक दलहरू सरकारमा बसेर कमिसन र सुविधा भोग्नेमा लीन भइसकेकोले प्रतिपक्षमा बसेर प्रखर भूमिका निभाउन नसकी पानी विनाको माछा जस्तै भएको छ भन्नुभयो।

उहाँले कलेजका शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई विजया दशमी र शुभ दिपावली २०७५ को शुभकामना व्यक्त गर्दै आ-आफ्नो क्षेत्रको जिम्मेवारी इमानदारीपूर्वक निभाउन आग्रह गर्नुभयो।

## शाखा प्रमुख र सफाइ मजदुरबीच शुभकामना कार्यक्रम

भक्तपुर नगरपालिकाको आयोजनामा सफाइ मजदुर, चालक, हेल्पर, वडानिरीक्षक, शाखा प्रमुखहरूबीच शुभकामना कार्यक्रम असोज ३० गते भनपा सभाकक्षमा सम्पन्न भयो।

कार्यक्रममा भनपा प्रमुख सुनिल प्रजापतिले चाड-पर्वको बेला स्वास्थ्यलाई ध्यान दिई खानुपर्ने सुझाव दिनुभयो।

बिदाको समयमा गलत गतिविधिमा नलाग्न कर्मचारीहरूलाई निर्देशन दिनुहुँदै उहाँले भन्नुभयो, "चाड-पर्वमा घर-घरबाट नियमित भन्दा बढी फोहरहरू निस्कने हुनाले सरसफाइमा विशेष ध्यान दिनु आवश्यक छ। सफाइ मजदुरहरूले दसैंमा बिदा नबसी अझ जोस-जाँगरका साथ कार्य गर्नुपर्दछ। भक्तपुरलाई सुन्दर सफा नगरको रूपमा चिनाउन मेहनत गर्नैपर्छ।"

चाडपर्वलाई भौतिकवादी दृष्टिकोणले हेर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै प्रमुख प्रजापतिले सवारी साधनमा बली दिने प्रथा गलत भएको बताउनुभयो।

भनपाका उपप्रमुख रजनी जोशीले स्वस्थ भएर दशैं मनाउन सन्तुलित भोजन खानुपर्छ भन्नुभयो।

सफाइ मजदुरहरूले विशेषतः नियमित स्वास्थ्य परीक्षण गराउनुपर्नेमा जोड दिनुहुँदै उहाँले भन्नुभयो, "नगरवासीहरूसँग प्रत्यक्ष सरोकार राख्ने सफाइ मजदुरहरू हुने भएकोले सभ्य र नरम व्यवहार गरी नगरवासीलाई खुशी राख्न हामी चुक्नु हुँदैन।"

कार्यक्रममा वडाध्यक्ष रविन्द्र ज्याख्वले समाज अगाडि बढाउन एकढिक्का हुनुपर्ने बताउनुहुँदै चाडपर्व भित्र रहेका विकृति र अन्धविश्वासलाई हटाएर अगाडि बढ्नुपर्ने बताउनुभयो। कार्यक्रममा वडानिरीक्षक आशराम सुवाल, गौतम लासिवा र दिलिपकुमार सुवालले शुभकामना व्यक्त गर्नुभएको थियो।



सफाइ मजदुर, चालक, हेल्पर, वडानिरीक्षक, शाखा प्रमुखहरूबीच भएको शुभकामना कार्यक्रमका सहभागी

## ख्वपमा कलेजमा शिक्षक, कर्मचारी र विद्यार्थीबीच शुभकामना कार्यक्रम

ख्वप मावि, कलेज तथा शारदा क्याम्पसमा अध्ययनरत तथा कार्यरत शिक्षक, कर्मचारी र विद्यार्थीहरूबीच शुभकामना कार्यक्रम असोज २८ गते विद्यालय प्राङ्गणमा सम्पन्न भयो।

भक्तपुर नगरपालिकाका प्रमुख एवं भनपाद्वारा सञ्चालित शैक्षिक संस्थानहरूका सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले कार्यक्रममा शुभकामना व्यक्त गर्दै दसैं बिदालाई सदुपयोग गर्नुपर्ने विचार राख्नुभयो।

उहाँले भन्नुभयो, "दसैं बिदामा पुस्तक अध्ययन गरी आफ्नो अध्ययनको दायरालाई बढाउनुपर्छ र आफूले हासिल गरेको ज्ञानलाई लेख-रचना लेखी प्रकाशित गर्नुपर्छ।"



प्रमुख प्रजापतिबाट ख्वप मावि, कलेज तथा शारदा क्याम्पसमा अध्ययनरत तथा कार्यरत शिक्षक, कर्मचारी र विद्यार्थीहरूबीच शुभकामना कार्यक्रममा पुरस्कार वितरण गर्नुहुँदै

"विश्व सर्वहारा वर्गका महान नेता कार्ल मार्क्सको दुईसयौं जन्म दिवस यस वर्ष परेकोले कार्ल मार्क्सका रचना र जीवनी अध्ययन गर्नु सान्दर्भिक हुनेछ", उहाँले भन्नुभयो।

देशको व्यापार घाटा ९० प्रतिशतसम्म पुगेको तर्फ सचेत गराउँदै उहाँले भारतीय विस्तारवाद र एकाधिकार पूँजीले नेपालको सिमाना मिचेको र नेपालमा गरेको हस्तक्षेपको विरोध गर्नुपर्नेमा जोड दिनुभयो।

"सांस्कृतिक आक्रमणपछि भौतिक आक्रमण हुनेतर्फ खतरा छ। भनपा सांस्कृतिक नगर हो। यहाँको भाषा, लिपि, संस्कृति पहिचान र लोपोन्मुख संस्कृति जोगाउनु हाम्रो कर्तव्य हो", प्रमुख प्रजापतिले भन्नुभयो।

उहाँले भन्नुभयो, "निजी विद्यालय र कलेज रहेसम्म संविधानको मर्मअनुसार शिक्षा नि:शुल्क हुनेछैन।"

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी, ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठ र ख्वप इञ्जिनियरिङ कलेजका प्राचार्य इ. सुजन माकले शुभकामना मन्तव्य राख्नुभएको थियो।

विद्यार्थीहरूले ३० वटाभन्दा बढी सांस्कृतिक प्रस्तुतिहरू प्रदर्शन गरिएको कार्यक्रममा शिक्षक मीना महतले पनि बोल्नुभएको थियो।

त्यस्तै दसैं विशेषको अवसरमा आइतबार ख्वप माविमा अध्ययनरत विद्यार्थीहरूबीच ग्रिटिङ कार्ड प्रतियोगिता सम्पन्न भयो। प्रतियोगितामा नम्रता रञ्जितकार प्रथम, अञ्जली तामाङ द्वितीय, यमुना राउत तृतीय र अनिशा रानामगर तथा पुष्पा तामाङ सान्त्वना हुन सफल भए।

विजयी विद्यार्थीहरूलाई प्रमुख प्रजापतिले पुरस्कार वितरण गर्नुभएको थियो।

## स्थानीय पर्यटक पथप्रदर्शक भेला

दसैं तथा तिहारको शुभकामना आदानप्रदान गर्न भक्तपुर पर्यटन विकास समितिको आयोजनामा असोज २९ गते स्थानीय पर्यटक पथप्रदर्शकहरूको भेला भयो।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव तथा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले विज्ञानले ब्रम्हाण्डको सृष्टि, पृथ्वीको जन्म र मानव जातिको विकासबारे तथ्य प्रमाण पेश गरिसकेको हुँदा अदृश्य वा दैवी शक्तिप्रतिको विश्वास अज्ञानतामात्र भएको बताउनुभयो।

उहाँले भारतका पुरातत्वविद्हरूले रामायण कथामा सत्यता नभएको बताएको चर्चा गर्दै प्रस्तावित रामायण सर्किट (पथ) को कुनै तुक नहुने धारणा राख्नुभयो।

अशान्तिको कारण पूँजीवाद र साम्राज्यवाद भएको बताउँदै उहाँले पथप्रदर्शकहरूले राजनीति, भूगोल, संस्कृतिबारे राम्रो जानकारी राख्नुपर्ने र विदेशी भाषामा दखलता हासिल गर्नुपर्ने बताउनुभयो।

उहाँले पर्यटक पथप्रदर्शकहरू मदिरा, धूमपान, जुवातासजस्ता विकृतिबाट टाढा रहनुपर्ने विचार राख्नुभयो।

उहाँले भन्नुभयो, "बहुदलीय व्यवस्थाको पुन:स्थापनापछिका सरकारहरू पनि राजा र पञ्चजस्तै प्रतिगामी छन्। एमाले र माओवादीको दुईतिहाइको सरकारको सात महिनामा महँगी र भ्रष्टाचार आकाशियो, किशोरी निर्मला पन्तको बलात्कारपछि हत्या गर्ने दोषीहरू सरकारकै संरक्षणमा छन्।"

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा र भक्तपुर पर्यटक विकास समितिको संयुक्त रूपमा भएको पर्यटक पथप्रदर्शक तालिमबाट दखलता हासिल गरेका पथप्रदर्शकले पर्यटकलाई भक्तपुरको बारेमा सही र प्रभावकारी जानकारी दिन सफल हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपा वातावरण तथा पर्यटन समितिका सदस्यहरू सुनिता अवाल र सरिना देउला, पर्यटन शाखाका अधिकृत गौतमप्रसाद लासिवा, स्थानीय पथप्रदर्शक रीता सुवाल र विशाल सुवाललगायतले बोल्नुभएको थियो।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष रामसुन्दर भेलेको सभापतित्वमा भएको कार्यक्रममा महासचिव दिपेशराज शर्माले पनि बोल्नुभएको थियो।

**स्वास्थ्य स्वयम्सेविका भेला तथा शुभकामना आदान-प्रदान**

भक्तपुर नगरपालिकाअन्तर्गत परिचालित स्वास्थ्य स्वयम्सेविका तथा घरदैलो नर्सिङ कार्यक्रममा परिचालित नर्सहरूबीच असोज २९ गते नियमित मासिक भेला तथा दशैंको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले नगरवासीहरूलाई स्वस्थ राख्न निरन्तर खटिरहने नर्स तथा स्वास्थ्य स्वयम्सेविकाहरूलाई दशैंको शुभकामना व्यक्त गर्दै चाडवाडको समयमा झन् सक्रियतापूर्वक जनताको सेवामा लाग्न निर्देशन दिनुभयो।

प्रमुख प्रजापतिले चाडपर्वको समयमा थोरै परिश्रम गर्ने तर धेरै खानेकुरा खाने चलन रहेकोले बिरामी हुने सम्भावना रहेकोले नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रमा नियमित स्वास्थ्य जाँच तथा इमर्जेन्सी सेवा सूचारु हुने जानकारी दिनुभयो। उहाँले नर्स तथा स्वास्थ्य स्वयम्सेविकाहरूलाई दशैंको समयमा पनि घरदैलो उपचारमा लाग्नुपर्नेमा जोड दिनुभयो।

ख्वप अस्पताल निर्माणको लागि काठमाडौं उपत्यका नगर विकास प्राधिकरणबाट नक्सा स्वीकृत भइसकेको र नगरपालिकाको बोर्ड बैठकले नक्सापास तथा लागत इष्टिमेटसमेत पास गरिसकेको अवगत गराउँदै अस्पताल निर्माणको कार्य तदारुकताका साथ अघि बढाउने तयारी भइरहेको बताउनुभयो।

भनपा ९ नं. वडाका अध्यक्ष रविन्द्र ज्याख्वले चाडपर्वको समयमा समेत नगरलाई सफा र सुन्दर बनाउन नगरपालिकाका सफाइ कर्मचारीहरू क्रियाशील रहने बताउँदै नगरपालिकाका स्यानिटेसन, पर्यटन र स्वास्थ्य उपचारसँग सम्बन्धित कर्मचारीहरू बिदामा नबसी जनताको सेवामा लाग्ने जानकारी दिनुभयो।

जनस्वास्थ्य केन्द्रका इन्चार्ज डा. रत्नसुन्दर लासिवाले घरदैलो नर्सिङ सेवाले नगरवासीहरूको स्वास्थ्यमा लाभ पुगिरहेको चर्चा गर्दै यसलाई थप व्यवस्थित गर्दै जाने बताउनुभयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला संघ भक्तपुर नगर समितिका कोषाध्यक्ष एवं अधिवक्ता अनिता जधारीले नगरपालिकामा रहेको न्यायिक समितिमार्फत जनताका समस्याहरू कसरी समाधान गरिन्छ भन्ने विषयमा विस्तृत जानकारी दिनुभयो।

कोसिस नेपालको तर्फबाट मानसिक स्वास्थ्यका विषयमा जानकारी समेत गराइएको उक्त कार्यक्रममा स्वास्थ्य कार्यकर्ता कमलकेशरी राजचलले पनि बोल्नुभएको थियो।

कर्मचारी एसोसिएसनका अध्यक्ष गौतमप्रसाद लासिवाको सभापतित्वमा भएको कार्यक्रममा कार्यकारी अधिकृत रोहितराज पोखरेल, दिलिपकुमार सुवाल, भूपाल मूल, दिपेन्द्र प्रजापति, विजय लोहलालगायतले शुभकामना व्यक्त गर्नुभयो।




भक्तपुर नगरपालिकाद्वारा परिचालित स्वास्थ्य स्वयम्सेविका तथा घरदैलो नर्सिङ कार्यक्रमका नर्सहरूबीच भएको नियमित मासिक भेला

# भक्तपुरका पसल व्यवसायीहरूको भेला

**मासु व्यवसायीहरूको भेला**

भक्तपुर नगरपालिकाको आयोजनामा कार्तिक कृषि समितिका संयोजक राजकृष्ण गोराको सभापतित्वमा भक्तपुर नगरपालिकाभित्रका मासु व्यवसायीहरूको भेला कार्तिक १९ गते सम्पन्न भयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले भक्तपुर नगरको लागि मात्र नभई देशको निम्ति काम गरिरहेको बताउँदै नयाँ पुस्तालाई मौलिक शैलीको प्रविधि, निर्माण, सम्पदा संरक्षण र कला संस्कृति हस्तातरण गर्नुपर्ने बताउनुभयो । उहाँले व्यवसायीहरूलाई सचेत पार्न र व्यवसायीहरूको समस्या, राय सुझाव लिन भेलाले महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै भक्तपुर नगरलाई सभ्य, स्वस्थ र सुरक्षित नगरको पहिचानसहित नमुना नगर बनाउने प्रतिबद्धता उहाँले जनाउनुभयो ।

कार्यक्रममा पशु सेवा कार्यालयका प्रमुख उमेशलाल प्रधानले अनुगमनमा खराब मासु भेटिए बिक्री वितरणमा निषेध गर्ने र जरिवाना पनि हुने बताउनुभयो ।

कार्यक्रमका सभापति राजकृष्ण गोराले चाडवाडमा मासुको खपत धेरै हुने भएकोले स्वस्थ मासु बिक्रीवितरण गरी उपभोक्ता रोगी हुनबाट बचाई व्यवसाय प्रबर्द्धन गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा कृषि समितिको सदस्य एवं वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवाल, एभरेष्ट चिकेनका प्रोपाइटर तुल्सीराम धुख्वा, वडा निरीक्षक रामकृष्ण प्रजापति, कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवाल, व्यवसायी नरेन्द्र शाहीले पनि बोल्नुभएको थियो ।

**पसल व्यवसायीहरूको भेला**

भक्तपुर नगरपालिकाअन्तर्गत अनुगमन समितिको निर्णयअनुसार टौमढीदेखि वंशगोपालसम्मका पसल व्यवसायीहरूको भेला असोज २३ गते सम्पन्न भयो ।

कार्यक्रममा बजार अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाअध्यक्ष राजकृष्ण गोराले चाडपर्वमा व्यापार व्यवसाय बढी हुने भएकोले अखाद्य वस्तु, महँगी र उपभोक्ता ठगिने आदि कुरामा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले व्यवसायीहरूले नगरपालिकामा व्यवसाय दर्ता कम भएको बताउँदै नगरपालिकाको फोहर सफा गर्नमात्र साढे ६ करोड खर्च हुने तर सम्पूर्ण व्यवसायबाट नगरपालिकामा उठ्ने राजस्व पाँच करोड रहेकोले शिक्षा, स्वास्थ्य, विकास निर्माणको कार्य गर्न नगरवासीहरूमा कर तिर्ने बानी बसाल्नुपर्ने बताउनुभयो ।

वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांले बजार अनुगमन सजाय दिनलाई नभई स्वस्थ बजार तयार गर्न हो भन्नुभयो ।

उहाँले औषाधि पसलेहरूले लागु औषध व्यपार गरिरहको प्रहरीहरूको रिपोर्टमा आएको बताउँदै पैसा नै सबथोक नभएको बताउनुभयो ।

उहाँले खेलकुदमा प्रशिक्षणलगायत खुला क्षेत्रमा फिजिकल फिटनेसको सामग्री राखेर सबैले कसरत गर्ने वातावरण तयार गरेको बताउनुभयो । उहाँले खोला छेउमा करिडोर निर्माण, आवास योजनाहरूको पनि विकास गर्दै लाने बताउनुभयो ।

कार्यक्रममा बजार अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाअध्यक्ष राजकृष्ण गोराले बजार अनुगमनमा देखिएका कमी–कमाजोरीहरू भेटिएकोले सुधारको निम्ति यो भेला राखेको बताउनुभयो ।

कार्यक्रममा वडा नं. ६ का वडाध्यक्ष एवं बजार अनुगमन समितिका सदस्य हरिराम सुवालले बजार अनुगमन र त्यसको निर्देशिका तयार पार्नुको उद्देश्य व्यवसायीहरूलाई दुःख दिन नभई व्यापारको न्युनत्तम मापदण्ड, धर्म, नैतिकता र मूल्य–मान्यता लागू गराउन हो भन्दै मापदण्ड विपरीतका पसललाई दण्ड जरिवाना सुरु गरेको बताउनुभयो ।

कार्यक्रममा बजार अनुगमन समितिका सदस्य सचिव नगर निरीक्षक दिलिपकुमार सुवाल र वडा निरीक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

**खाद्य पसलको अनुगमन**

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा तौमढीदेखि नासमनासम्मका नौ वटा खाद्य पसलमा असोज २८ गते अनुगमन गरियो ।

अनुगमनमा म्याद नाघेको बिस्कुट भेटिएको छ । चिया पसलमा किचेनको सरसफाइमा ध्यान दिन, विद्युतको तार व्यवस्थापन गर्न, ग्यास सिलिण्डर आगो नजिक नराख्न, मिठाईका सामानहरू धूलो नपस्ने गरी राख्न, झिंगा नभन्किने गरी जालीले छोप्न, मूल्यसूची राख्न, पसलमा साईनबोर्ड राख्न र पसल समयमै नवीकरण गर्न निर्देशन दियो ।

अनुगमन टोलीले म्याद नाघेको पेयपदार्थ, बिस्कुट

आदि लगायत खाद्य सामग्रीहरू नष्ट गर्न निर्देशन दियो ।

अनुगमनमा अनुगमन समितिका सदस्यहरू राशनमैया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, महानगरीय प्रहरी परिसरका रामशरण तामाङ, भक्तपुर उद्योग वाणिज्य संघका सञ्जय जोन्छे, राष्ट्रिय उपभोक्ता मञ्च र जिल्ला प्रसाशन कार्यालय भक्तपुरका प्रतिनिधिहरूको सहभागिता थियो ।

### मासु पसल अनुगमन

त्यस्तै भक्तपुर नगरपालिका बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा असोज १९ गते सूर्यविनायकको नौ वटा मासु पसलमा अनुगमन गरियो ।

अनुगमनमा ताजा र बिग्रिएको मासु एउटै फ्रिजमा सँगै नराख्न, सरसफाइमा ध्यान दिन, फ्रिजमा कुखुरा र राँगोको मासु अलग-अलग राख्न, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, मासुलाई धूलो, फोहर र किरा फिंगा नभन्किने गरी जालीले छोपेर राख्न, भित्ता सफा गर्न मिल्ने गरी कार्पेट राख्न, पेटीमा रहेको टहरा सामान हटाउन, मूल्यसुची राख्न, पसल समयमा दर्ता गर्न निर्देशन दियो ।

अनुगमनमा भक्तपुर नगरपालिकाका अनुगमन समितिका सदस्य हरिराम सुवाल, सदस्य सचिव दिलिपकुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका विष्णुकेशरी जोशी, पशु सेवा कार्यालयका उमेशलाल प्रधान, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा, उद्योग वाणिज्य संघ भक्तपुरका सञ्जय जोन्छे र महानगरीय प्रहरी परिसरका रामशरण तामाङ, जिल्ला प्रशासन कार्यालयको सहभागिता थियो ।

त्यस्तै भक्तपुर नगरपालिकाद्वारा असोज २९ गते च्याम्हासिंहदेखि जगातिसम्मको बाटोको दायाँबायाँ बजार अनुगमन गऱ्यो ।

बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा सम्पन्न अनुगमनले कोल्ड स्टोरको फ्रिज दुर्गन्धित भएकोले सरसरफाइ गर्न, एप्रोन सेतो प्रयोग गर्न, मासुमा धूलो नपस्ने गरी र भिंगा नभन्किने गरी जालीले छोपेर राख्न निर्देशन दियो ।

त्यस्तै पसल ढक तराजू नापतौल विभागमा दर्ता नवीकरण गर्न, मूल्यसूची राख्न, मापदण्डभित्र पर्ने टहरा हटाउन निर्देशन दियो ।

अनुगमनको क्रममा २३ वटा पसल दर्ता नभएको पाइएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनु भयो ।

अनुगमनमा भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य हरिराम सुवाल र रोशनमैया सुवाल, सदस्य सचिव दिलिपकुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका विष्णुकेशरी जोशी, पशुसेवा कार्यालयका उमेशलाल प्रधान, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा, नारायणप्रसाद राजथला, उद्योग वाणिज्य संघ भक्तपुरका सञ्जय जोन्छे र महानगरीय प्रहरी परिसरका रामशरण तामाङको सहभागिता थियो ।

### कमलविनायक खाद्य डिपो गोदाम र मिनि मार्टमा बजार अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वमा कार्तिक १५ गते कमलविनायकमा रहेको खाद्य डिपो, गोदाम र मिनिमार्टहरू अनुगमन गरियो ।

जिल्ला प्रशासन कार्यालयका लुना श्रेष्ठ, महानगरीय प्रहरी परिसर, भक्तपुरका प्र.स.नि. श्रवणकुमार पुरी र राष्ट्रिय उपभोक्ता मञ्चका प्रतिनिधि नारायणप्रसाद राजथलाको उपस्थितमा अनुगमनमा बरामद गरिएका म्याद नाघेको सामानहरू जफत गरी बाराहीस्थानमा नष्ट गरियो ।

अनुगमनमा मिनि मार्टलाई किराना पसलमा मात्र दर्ता गरिराखेकोले मिनि मार्टमा दर्ता गर्न सुझाव दिइयो । त्यस्तै खाद्य स्टोरमा सरसफाइ आवश्यक रहेको, मूल्यसुचि राख्न, पसलमा दर्ता प्रमाण पत्र राख्न, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, मिठाईका खानेकुरा जालीले छोपेर राख्न, मिनि मार्टमा राखिएका सिसि क्यामेराको लागि जिल्ला प्रशासनमा स्विकृति लिन सुझाव दियो ।

अनुगमनमा अनुगमन समितिका सदस्यहरू रोशनमैया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय भक्तपुरका लुना श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चका नारायणप्रसाद राजथला र सोजिबि डंगोल, महानगरीय प्रहरी प्ररिसरका श्रवणकुमार पुरी, जिल्ला जनस्वास्थ्य कार्यालयका धनञ्जय आचार्य, उद्योग वाणिज्य संघका सञ्जय जोन्छे आदिको सहभागिता थियो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## मिति २०७५ असोज २ गते मंगलबार

### उपस्थिति

| | | |
|---|---|---|
| १. | प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. | उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. | वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. | वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. | वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. | वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. | वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. | वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. | वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. | वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. | वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. | वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखा | ऐ |
| १३. | नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. | नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. | नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. | नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. | नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. | सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू

### संविधान दिवसमा प्रवचन

संविधान दिवसको अवसरमा यस नगरपालिकाको आयोजनामा प्रवचन कार्यक्रम आयोजना गर्ने निर्णय गरियो।

मिति : २०७५ असोज ३ गते, बुधबार
समय : दिनको २:०० बजे
स्थान : नगरपालिका सभा कक्ष
प्रमुख अतिथि : प्रेम सुवाल, सांसद, प्रतिनिधि सभा
अतिथि : सृजना सांयजु – प्रदेश सभा सांसद
अतिथि : नारायणप्रसाद भट्ट, प्रमुख जिल्ला अधिकारी
अतिथि : रामप्रसाद प्रजापतिः अध्यक्ष, कानुन अध्ययन समाज
सभापति : सुनिल प्रजापति – प्रमुख
स्वागत मन्तव्य : रोहितराज पोखरेल, प्र.प्र.अ.
धन्यवाद ज्ञापन : रजनी जोशी – उपप्रमुख
संचालन : रविन्द्र ज्याख्व

### चौतारामा सांस्कृतिक कार्यक्रम

सिन्धु नेवाः खल सिन्धुपाल्चोकद्वारा मिति २०७५ असोज ६ गते शनिबार चौतारा बजारमा आयोजना गरिने सांस्कृतिक कार्यक्रममा यस नगरपालिकाको तर्फबाट देहाय बमोजिमका सांस्कृतिक विधाहरू प्रस्तुती गर्ने र त्यसका लागि सांस्कृतिक समूहहरूलाई यातायात, खाजा र अन्य आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो :

| | | |
|---|---|---|
| १ | भैल प्याखं लाखे प्याखं | विश्वकर्मा भैल प्याखं, भ.न.पा. ९ |
| २ | फाकंदली प्याखं | श्रमिक कला सदन, भ.न.पा. ३ |
| ३ | माक प्याखं हनुमान प्याखं | गणेश दाफा भजन, भ.न.पा. १ |
| ४ | नागाचा प्याखं | खिछेँ दाफा भजन, भ.न.पा. ५ |

### पुरस्कार वितरण र सम्मान

क. यस वर्षको गाईजात्रा पर्वको अवसरमा प्रदर्शित घिन्ताङ्घिसी एवं परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरूको पुरस्कार वितरण र सांस्कृतिक गुरुहरूलाई सम्मान कार्यक्रम देहायको मिति, समय र स्थानमा आयोजना गर्ने निर्णय गरियो :

मिति : २०७५ असोज ११ गते
समय : दिनको १:०० बजे
स्थान : दरबार क्षेत्र, लायकु

ख. उक्त कार्यक्रममा राष्ट्रिय बाल दिवसको अवसरमा नगरपालिकाद्वारा आयोजित विद्यालय स्तरीय चित्रकला प्रतियोगिताको पुरस्कार वितरण तथा नगरपालिकाद्वारा संचालित स्थानीय पथ प्रदर्शक तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाण पत्रसमेत वितरण गर्ने निर्णय गरियो।

ग. उक्त कार्यक्रममा सम्मान गरिने सांस्कृतिक गुरुहरूलाई प्रतिव्यक्ति रु.१५,०००।- (अक्षेरुपी पन्ध्र हजार रूपैया मात्र) नगद दिने निर्णय गरियो।

घ. उक्त कार्यक्रम व्यवस्थित रूपमा संचालन गर्न विभिन्न समिति, शाखा र कर्मचारीलाई जिम्मेवारी विभाजन गर्ने निर्णय गरियो।

### विविध

विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क.** भक्तपुर नगरपालिका क्षेत्रमा रहेको मठ, मन्दिर तथा सत्तल, पाटीहरूमा घाँस उखेल्ने तथा झलर राख्ने निर्णय गरियो ।

**ख.** कडा रोग लागेका भक्तपुर नगरवासी जनतालाई यस नगरपालिकाको तर्फबाट **उपचार अनुदान दिनेसम्बन्धी निर्देशिका २०७५** पारित गरियो ।

**ग.** भक्तपुर नगरपालिका वडा नं. १५ हाल वडा नं. २, कि.नं. ३७ क्षे.फ. ८-०-०-१ र कि.नं. २२ क्षे.फ. २-३-०-० को जग्गामा विगतदेखि नै स्थानीय जनताको सहभागितामा **शहीद स्मृति खेल मैदान** बनाई भलिबल, बक्सिङ्ग र कबड्डीलगायतका राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितासमेत संचालन गर्दै आएको र उक्त मैदानले भक्तपुरको खेलकुद विकासमा योगदान पुऱ्याउँदै आएको र उक्त खेल मैदान रहेको जग्गा २०२१ सालको नापीको समयमा कि.नं. २१, २२ जनिई पर्तिका रूपमा नाप नक्सा भएकोमा मिति २०४६।७।२८ को मालपोत कार्यालय, भक्तपुरको दाखिल खारेज निर्णयबाट कि.नं. २१, २२ बाट दाखिल खारेज कित्ताकाट भई कि.नं. ३७ र २२ को उक्त कित्ता जग्गा नवदुर्गा बहुमुखी क्याम्पसको नाममा "हक हस्तान्तरण नहुने र क्याम्पस सो स्थानमा रहेसम्म मात्र भोगचलन गर्न पाउने कैफियत व्यहोरा जनाई श्रेस्ता कायम भएको देखिन्छ । नवदुर्गा क्याम्पसले उक्त जग्गा कहिल्यै भोगचलन नगरेको, हाल उक्त क्याम्पस भक्तपुर नगरपालिका क्षेत्रभित्र संचालनमा समेत नरहेको र नवदुर्गा बहुमुखी क्याम्पसका अध्यक्ष गणेशभक्त साखले मिति २०७३।९।१४ मा उक्त क्याम्पस हस्तान्तरण गरी लिनु हुन भनी यस न.पा.मा पत्राचार गरी कारवाहीको क्रममा सो क्याम्पसको खाताहरूमा बचत रहेको रकमको आर्थिक कारोबार यथास्थितिमा राख्न समेत पत्राचार भई कारवाहीमा रहेको साथै उक्त जग्गामा रहेको शहीद स्मृति खेल मैदानलाई व्यवस्थित र सुविधा सम्पन्न कभर्ड हलको रूपमा विकास गर्ने योजनासहित यस नगरपालिकाले आ.व. २०७५/०७६ मा रु.१,५०,००,०००।- (अक्षरूपी एक करोड पचास लाख रूपैया) बजेट समेत विनियोजन गरेको अवगत गराउँदै उपरोक्त बमोजिम कैफियत व्यहोरा जनाई नवदुर्गा क्याम्पसको नाममा श्रेस्ता कायम रहेको उक्त जग्गाबाट नवदुर्गा क्याम्पसको नाम खारेज गरी भक्तपुरको खेलकुद विकासमा टेवा पुऱ्याउनको लागि उपरोक्त योजना संचालन गर्न सो जग्गा भक्तपुर नगरपालिकालाई उपलब्ध गराउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नाउँमा सिफारिसको लागि यस नगरपालिकाको च.नं. ३५३, मिति २०७५।५।१५ गतेको पत्र मार्फत जिल्ला प्रशासन कार्यालय, भक्तपुरलाई अनुरोध गरिएकोमा सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, भक्तपुरको च.नं. ९११, मिति २०७५।५।३१ गतेको पत्र मार्फत यस नगरपालिका कार्यालयको माग बमोजिम हुन भन्ने व्यहोरासहित तहाँ मन्त्रालयको नाममा सम्बोधन गरी यस नगरपालिकालाई बोधार्थ जानकारी दिइएको सिफारिस प्राप्त भएको ।

सो सम्बन्धमा उक्त जग्गा जिल्ला प्रशासन कार्यालय, भक्तपुरको उपरोक्त मितिको सिफारिस बमोजिम भक्तपुर नगरपालिका वडा नं.१५ (छ) कि.नं. ३७ क्षे.फ. ८-०-०-१ र ऐ.कि.नं. २२ क्षे.फ. २-३-०-० को जग्गा नवदुर्गा क्याम्पसको नाम खारेज गरी भक्तपुर नगरपालिकालाई उपलब्ध गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**घ.** मुलुकी देवानी संहिता ऐन २०७४, मुलुकी फौजदारी संहिताका व्यवस्थाबारे मिति २०७५ श्रावण ३१ गते अभिमुखीकरण कार्यक्रमका प्रशिक्षक श्री कुलबहादुर बोहरा र श्री रामप्रसाद प्रजापतिलाई प्रशिक्षण दिए वापत प्रतिव्यक्ति करबाहेक रु.२०००।- (दुई हजार) पारिश्रमिक दिने निर्णय गरियो ।

**ङ.** भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक पर्ने **प्रेसको सामान खरिद** गर्न मिति २०७५।४।१६ गते 'मजदुर' दैनिक पत्रिकामा प्रकाशित विज्ञापनअनुसार म्यादभित्र ३ (तीन) वटा मात्र सिलवन्दी दरभाउ पत्र पर्न आएकोले मिति २०७५।५।१५ गते भ.न.पा. सभा कक्षमा दिनको ११:०० बजे विभिन्न कार्यालयका प्रतिनिधिहरू र कर्मचारीहरूको रोहवरमा खोली मिति २०७५।५।१९ गते बसेको बोलपत्र मूल्यांकन समितिबाट नियमानुसार भएको र बोल रकममा सवभन्दा कम उल्लेख गर्ने ग्लोबल ट्रेड ईन्टरप्राइजेज्को भ्याटसहित रु.२७,८९,७१५।७५ (सताईस लाख उन्नानब्बे हजार सात सय पन्ध्र र पैसा पचहत्तर) मात्रको सिलवन्दी बोलपत्र स्वीकृत गर्ने सिफारिस भए अनुसार मिति २०७५।५।२१ गतेको 'मजदुर' दैनिक पत्रिकामा दरभाउपत्र स्वीकृतिको आशयपत्र समेत प्रकाशित भइसकेको म्यादभित्र कुनै पनि संघ, संस्था वा सप्लायर्सबाट दाबी विरोध पर्न नआएको हुँदा उक्त सिलवन्दी बोलपत्र स्वीकृति गरी खरिद गर्ने निर्णय गरियो ।

**च.** भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक पर्ने **सवारी साधन र सरसफाइ सामान खरिद** गर्न मिति २०७५।४।१६ गते 'मजदुर' दैनिक पत्रिकामा प्रकाशित विज्ञापनअनुसार म्यादभित्र ३ (तीन) वटा मात्र सिलवन्दी दरभाउ पत्र पर्न आएकोले मिति २०७५।५।१५

गते भ.न.पा. सभा कक्षमा दिनको ११:०० बजे विभिन्न कार्यालयका प्रतिनिधिहरू र कर्मचारीहरूको रोहवरमा खोली मिति २०७५।५।१९ गते बसेको बोलपत्र मूल्यांकन समितिबाट नियमानुसार भएको र बोल रकममा सवभन्दा कम उल्लेख गर्ने दियो ट्रेड प्रा.लि.को भ्याटसहित रु.२३,६७,६८९।०० (तेईस लाख सठ्सठी हजार छ सय उन्नानब्वे रूपैया) मात्रको सिलवन्दी बोलपत्र स्वीकृत गर्ने सिफारिस भए अनुसार मिति २०७५।५।२१ गतेको 'मजदुर' दैनिक पत्रिकामा दरभाउपत्र स्वीकृतिको आशयपत्रसमेत प्रकाशित भइसकेको, म्यादभित्र कुनै पनि संघ, संस्था वा सप्लायर्सबाट दाबी विरोध पर्न नआएको हुँदा उक्त सिलवन्दी बोलपत्र स्वीकृति गरी खरिद गर्ने निर्णय गरियो ।

**छ.** भक्तपुर नगरपालिकाको पर्यटक सेवा केन्द्र र पर्यटक सूचना केन्द्र मार्फत पर्यटकरुहलाई उपलब्ध गराउँदै आएको **ब्रोसर**मा केही परिमार्जन गरी प्रिन्ट गरी वितरण गर्न पर्यटक सूचना केन्द्रका अधिकृत गौतम प्रसाद लासिवाको माग अनुसार अंग्रेजी २ लाख, चिनियाँ ७५ हजार, जर्मन ५० हजार, जापानिज ५० हजार, स्पानिस ५० हजार र फ्रेञ्च ५० हजार माग भएकोले उक्त ब्रोसरहरूको लागि आवश्यक कागज बोलपत्रबाट खरिद गरी प्रिन्ट मात्र कोटेशनमा छपाइ गराउने निर्णय गरियो ।

**ज.** जिल्ला कृषि विकास कार्यालय, भक्तपुरबाट १० जना कृषकहरूको नाममा ७५ प्रतिशत थ्रेसर मेशिन प्राप्त गर्न अनुदान लिएकोमा यस भक्तपुर नगरपालिकाबाट २५ प्रतिशत थ्रेसर मेशिन खरिद गर्दा नपुग रु.१५,०००।- (पन्ध्र हजार) का दरले १० जना निम्न **कृषकहरूलाई अनुदान** दिने निर्णय गरियो ।

१. वडा नं. १ – श्याम सुन्दर बाटी
२. वडा नं. २– गोपालदास बासुकला
३. वडा नं. ३ – कृष्ण गोपाल चौगुठी
४. वडा नं. ४ – राजेन्द्र माक
५. वडा नं. ५ – पूर्ण गोपाल राजथला
६. वडा नं. ६– इन्द्र बहादुर सुवाल
७. वडा नं. ७– हेरा ख्याजु
८. वडा नं. ८ – कृष्णसागर बासी
९. वडा नं. ९ – जगत लाल मानन्धर
१०. वडा नं. – १० – ज्ञानकुमार मगजु

> सच्याउनुहोस्
> 'भक्तपुर' को गताङ्कको रंगीन मध्य पृष्ठमा सङ्ख्या २६१ हुनुपर्नेमा अन्यथा भएकोले सच्याउनु हुन अनुरोध छ ।- सम्पादक

# मिति २०७५ असोज १६ गते मंगलबार

## निर्णयहरू

### आर्थिक सहयोग

यही २०७५ कार्तिक ४ र ५ गते भक्तपुर नगरपालिका १० नं. वडा यातु गणेश (कमलविनायक) मा हुने ३८ औं नेपाल भाषा साहित्य तःमुज्या भव्यताका साथ सम्पन्न गर्न यस नगरपालिकाको तर्फबाट नगद रु.५०,०००।- (अक्षरेपी पचास हजार रूपैया) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

### जग्गा खरिदमा सहयोग

यस नगरपालिकाद्वारा संचालित ख्वप इन्जिनियरिङ्ग कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ्का लागि भक्तपुर नगरपालिका क्षेत्रभित्र २० रोपनीसम्म जग्गा खरिद गर्न कलेजबाट सार्वजनिक सूचनासमेत प्रकाशित भएको अवस्थामा जग्गा खरिद प्रक्रिया अघि बढाउन आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

### सामाजिक सुरक्षा भत्ता वितरण

यस नगरपालिकाका जेष्ठ नागरिक, एकल महिला तथा अशक्त अपांगता भएका नगरवासीहरूलाई वडा कार्यालयहरू मार्फत यही २०७५ असोज १९ गतेदेखि असोज २३ गतेसम्म सामाजिक सुरक्षा भत्ता वितरण गर्ने निर्णय गरियो ।

### समिति निर्णय अनुमोदन

विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो–

**वातावरण तथा पर्यटन समिति :**

**मिति २०७५।६।१० गते**

१. ३९ औं विश्व पर्यटन दिवसको अवसरमा यस भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा देहाय बमोजिम कार्यक्रम आयोजना गर्ने निर्णय गरियो :

- २०७५ असोज ८ गते विश्व पर्यटन दिवससम्बन्धी प्रचार प्रसार गर्ने,
- २०७५ असोज ९ गते सम्पदा सरसफाइ कार्यक्रम र तस्बिर प्रदर्शनी गर्ने,
- २०७५ असोज १० गते "Tourism and the Digital Transformation" विषयक अन्तरक्रिया गर्ने र Webpage Launching गर्ने,
- २०७५ असोज ११ गते विहान भक्तपुर प्रवेश गर्ने पर्यटकहरूलाई स्वागत गर्ने : प्रमुख अतिथि नगर प्रमुख श्री सुनिल प्रजापति र परम्परागत बाजागाजा र नाच प्रदर्शन गर्ने,

- दिउंसो दरबार स्क्वायरमा : स्थानीय पथ प्रदर्शकलाई प्रमाण पत्र वितरण र प्रशिक्षकहरूलाई कदर पत्र वितरण,
- गाईजात्रा पर्व २०७५ मा विजेता सांस्कृतिक समूहहरूलाई पुरस्कार वितरण गर्ने।

२. यस भक्तपुर नगरपालिकाद्वारा हरेक महिनाको १ गते र १५ गते नियमित गर्दै आएको सरसफाइ कार्यक्रम यही २०७५ असोज १५ गते भ.न.पा. ९ स्थित ब्रम्हायणी परिसरमा गर्ने निर्णय गरियो।

३. भक्तपुर नगरपालिकामा फोहर मैला व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउने उद्देश्यले पश्चिम नेपालका रूपन्देही, स्याङजालगायतका जिल्लाहरूमा उपयुक्त समयमा भ्रमण अवलोकनमा जाने निर्णय गरियो।

**आर्थिक समिति :**

**मिति २०७५।५।२७ गते**

१. डायमण्ड बचत तथा ऋण सहकारी संस्था, भ.न.पा.ले विनियम संशोधनको लागि परिच्छेद १ को दफा ६, परिच्छेद ७ को दफा २६(१) र दफा ३१ मा संशोधन प्रस्ताव प्रस्ताव पेश गरेकोमा परिच्छेद १ को दफा ५ मा प्रस्ताव गरेको सूर्यविनायक र चाँगुनारायण नगरपालिकामा क्षेत्र विस्तारको लागि गरेको संशोधन प्रस्तावबारे हाल निर्णय नगरी अन्य प्रस्तावित दफा संशोधनका लागि भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ अनुसार प्रतिकूल नहुने गरी स्वीकृति दिने निर्णय गरियो।

२. श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था, जेंलाले साविकको भ.न.पा. १,२,३,४,६ र ७ तथा हालको वडा नं. ७,८,९ र १० रहेको कार्य क्षेत्रबाट विस्तार गरी भक्तपुर नगरपालिकाको सबै वडा कायम गर्न निवेदन दिएकोमा उल्लेखित कार्य क्षेत्र विस्तारको अनुमति दिनका लागि बोर्ड बैठक समक्ष अनुरोध गर्ने निर्णय गरियो।

३. गुरु गणेश बचत तथा ऋण सहकारी संस्था.लि. को चाफल तथा सर्वसुलभ उपभोक्ता सहकारी संस्था लि. कमलविनायकले ती संस्थाहरूको साधारण सभाका लागि प्रतिनिधि पठाई दिन नगरपालिका समक्ष अनुरोध गरेकोमा गुरु गणेश बचत तथा ऋण सहकारी संस्थाको मिति २०७५।६।२७ मा हुने साधारण सभाको लागि प्रशासन शाखाका कर्मचारी कृष्ण गोविन्द सुवाल र सर्वसुलभ उपभोक्ता सहकारी संस्थाको मिति २०७५।५।३० मा हुने साधारण सभाको लागि प्रशासन शाखाका प्रमुख श्री अम्बिका धौभडेललाई प्रतिनिधिको रूपमा पठाउने निर्णय गरियो।

४. भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ मा व्यवस्था भएको जगेडा कोषको १० प्रतिशत रकम (नगरपालिकामा सुरक्षण कोषको रूपमा जम्मा गर्नुपर्ने) लाई व्यवस्थित गर्न कार्यविधि बनाउने र सोको लागि तपसिलमा उल्लेखित पदाधिकारी तथा कर्मचारीको समिति गठन गर्ने निर्णय गरियो :

**तपसिल**

संयोजक : श्री हरि प्रसाद बासुकला, वडाअध्यक्ष
सदस्य : श्री गणेशलाल फोजु, कानून अधिकृत
सदस्य : श्री अम्बिका धौडभेल, शाखा अधिकृत

५. भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७५ बारे जानकारी आदान-प्रदान गर्न यही २०७५ आश्विन ७ गते दिउंसो २:०० बजे भ.न.पा. सभा कक्षमा सहकारी ऐन २०७५ बारे अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने।

**मिति २०७५।६।९ गते**

१. नगरपालिका क्षेत्रभित्रका दर्ता बाँकी पसल व्यवसायहरूलाई कर टोलीमार्फत स्थलगत रूपमा दर्ता गरी कर संकलन गर्ने नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश भए अनुसार मिति २०७५।६।१८ गते भ.न.पा. वडा नं. १० र २०७५।६।२२ गते वडा नं. ७ र ८ मा टोलीमार्फत व्यवसाय दर्ता अघि बढाउन उपयुक्त स्थानमा दर्ता स्थलहरू खडा गरी कमलविनायक क्षेत्र र जगाती क्षेत्रको व्यवसाय दर्ता गर्ने निर्णय गरियो। उक्त दर्ता अभियानमा सम्बन्धित वडाका जनप्रतिनिधिहरू, वडा सचिव, वडा निरीक्षक तथा कर उपशाखाका कर्मचारीहरू रहने निर्णय समेत गरियो।

**मिति २०७५।६।१६ गते**

१. विजया दशमीको दिन भक्तपुर नगरपालिकाभित्रका सम्पूर्ण सहकारीहरूले आ-आफ्नो क्षेत्रमा सर सफाइ कार्यक्रम गराउन पत्राचार गर्ने निर्णय गरियो।

२. उक्त सरसफाइ कार्यक्रम गर्न गराउन वडा कार्यालयले आ-आफ्नो वडाका सहकारीहरूसँग समन्वय गर्न गराउन सर्कुलर गर्ने निर्णय गरियो।

**युवा तथा खेलकुद समिति :**

**मिति २०७५।६।१७ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०७५ कार्तिक ११-१७ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको लागि तपसिल अनुसारको अनुमानित बजेट पेश गर्ने निर्णय गरियो :

**अनुमानित खर्च विवरण**

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | उद्घाटन समारोह | रु. ५०,०००।- |
| २ | विभिन्न खेल व्यवस्थापन (१३ खेल X ३५,०००। | रु. ४,५५,०००।- |
| ३ | प्रत्येक खेलको लागि मेडल | रु. १,२५,०००।- |
| ४ | प्रत्येक खेलाडीको लागि ट्रफी | रु. १,००,०००।- |
| ५ | प्रमाण पत्र | रु. २५,०००।- |
| ६ | प्रत्येक विद्यालयलाई खेल सामग्री वितरण (६०X१०,०००) | रु. ६,००,०००।- |
| ७ | खेल सामग्री वितरण | रु. १,१५,०००।- |
| ८ | स्वयंसेवक | रु. ५०,०००।- |
| ९ | समापन समारोह | रु. ८०,०००।- |
| | जम्मा खर्च | रु. १६,००,०००।- |

**कृषि समिति :**
**मिति २०७५।६।१४ गते**

१. यस समितिको आयोजनामा हुने असोज १७, १८ र १९ गते गड्यौला मल तथा कौशी खेती तालिम संचालन गर्ने निर्णय गरियो ।

२. उक्त कार्यक्रमको लागि भ.न.पा.बाट रु.५०,०००।- (अक्षरेपी पचास हजार) मात्र वडाअध्यक्ष हरिराम सुवालको नाममा पेश्की लिने निर्णय गरियो ।

**शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**
**मिति २०७५।६।८ गते**

१. सिन्धु नेवाः खल, चौताराको आयोजना तथा निमन्त्रणामा यस नगरपालिकाको तर्फबाट प्रदर्शित देहाय बमोजिम प्रोत्साहन रकम (भ्याट घटाएर) प्रदान गर्ने निर्णय गरियो :

**तपसिल**

क. भैल प्याखँ - विश्वकर्मा भैल प्याखँ समूह - रु.१५,०००।-
ख. माक प्याखँ - गणेश दाफा भजन - रु.७,०००।-
ग. जंगली प्याखं - खिछें दाफा भजन - रु.५,०००।-
घ. खिचा प्याखं - विश्वकर्मा भैल प्याखं - रु.४,०००।-
ङ. ख्या प्याखँ - विश्वकर्मा भैल प्याखँ समूह - रु.४,०००।-
च. कवांचा प्याखँ - विश्वकर्मा भैल प्याखँ समूह - रु.४,०००।-
छ. फाकंदली प्याखँ - श्रमिक कला सदन - रु.७,०००।-
ज. हनुमान प्याखँ - गणेश दाफा भजन - रु.५,०००।-
झ. लाखे प्याखँ - विश्वकर्मा भैल प्याखँ समूह - रु.५,०००।-

२. मिति २०७५ भाद्र १४ र १५ गते काठमाण्डौमा सम्पन्न बिमस्टेक सम्मेलनमा सांस्कृतिक प्रदर्शनी गर्ने गणेश दाफा भजन भ.न.पा. १ र गलसी पुखु देवी प्याखँ समूहलाई प्रति समूह रु.१५,०००।- का दरले प्रोत्साहन खर्च वितरण गर्ने तथा संविधान दिवसको दिन बिहान काठमाण्डौमा नगरपालिकाको तर्फबाट सांस्कृतिक प्रदर्शनी गर्ने गलसी पुखु देवी प्याखँ समूह (माक प्याखँ प्रस्तुती गर्ने) लाई प्रोत्साहन खर्च वापत रु.७,०००।- प्रदान गर्ने निर्णय गरियो ।

(बिमस्टेक सम्मेलनमा सहभागी राष्ट्र प्रमुखलाई स्वागत गर्ने क्रममा गणेश दाफा भजन २ दिन काठमाण्डौमा प्रदर्शनी गर्न गएका थिए भने गलसी पुखु देवी प्याखँ समूहले १ दिन बिहान सबेरैदेखि काठमाण्डौमा २ पटक सांस्कृतिक प्रदर्शनी गरेको थियो ।)

**महिला, बालबालिका तथा समाज कल्याण समिति**
**मिति २०७५।६।१३ गते**

१. आ.व. २०७५/०७६ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आवेदन दिनु हुने नयाँ निवेदक तथा नवीकरण हुनु भएका भत्ता प्राप्त गर्न योग्य नागरिकहरू निम्नानुसार छन् :

क. जेष्ठ नागरिक - ३२३६
ख. ७० वर्ष नाघेका विधवा/एकल - ७६७
ग. एकल/विधवा - १९९२
घ. अति अशक्त अपाङ्ग - १३९
ङ. पूर्ण अशक्त अपाङ्ग - ९०
च. विपन्न दलित बालबालिका - १
छ. दलित जेष्ठ - १
जम्मा - **६२२६**

## खुल्ला क्षेत्र कोष व्यवस्थापन

केशरी श्रेष्ठ समेतको नाममा मा.पो.का.भ.पु. मा दर्ता भएको साविक कटुञ्जे गा.वि.स.वडा नं. १(ख) बाट हाल भ.न.पा. वडा नं. १ मा गाभिएको कि.नं. ५०४५, ५०४४, ४९४७, ४९४६, ४९४५, ५६३७, १७४५, ३६९, ३४१, १७४४ र कि.नं. ५६४० जग्गामा प्लानिङ्ग स्वीकृतिको लागि मिति २०७४।९।४ र २०७४।११।१५ गतेको बोर्डको निर्णय अनुसार मिति २०७४।११।२३ गते जग्गा विकास स्वीकृति भएको हुँदा नियमानुसार खुल्ला क्षेत्र व्यवस्थापन कोषमा जम्मा गर्नुपर्ने निर्णय भएअनुसार दस्तुर रकम बुझाउन लगाउने निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क.** प्रसिद्ध नवदुर्गा नाचको मुकुण्डो बनाउने कार्यलाई दीर्घकालीन योजनासहित व्यवस्थापन र परिचालनका लागि यस नगरपालिकाको अगुवाईमा सरोकारवालाहरू सम्मिलित एउटा कार्य समिति गठन गर्ने र **नवदुर्गाको मुकुण्डो निर्माण अक्षय कोष** स्थापनाको लागि यस नगरपालिकाको तर्फबाट नगद रु.१०,००,०००।- (अक्षरेपी दश लाख रूपैया मात्र) आर्थिक सहयोग प्रदान गर्ने तथा हालसम्म देहाय बमोजिमका बैंकहरूमा जम्मा भएको रकम सम्पूर्ण एकै बैंकमा जम्मा गरी अक्षय कोष स्थापना गरेर कार्यविधि निर्माण गरी कोष संचालन गर्ने निर्णय गरियो :

**२०७५ असार मसान्तसम्मको बैंक मौज्दात**

| क्र.सं. | बैंकको नाम | मुद्दति खातामा जम्मा रकम | बचत खातामा जम्मा रकम |
|---|---|---|---|
| १ | ओम डेभलपमेन्ट बैंक लि. | रु. ५,५०,०००।- | रु.१,०३२।२० |
| २ | बैंक अफ काठमाण्डौ भक्तपुर शाखा | रु. ६,५०,०००।- | रु. ७२,९२७।३८ |
| ३ | नेपाल बैंक लि. | रु २,५०,०००।- | रु. १९,२००।६२ |
| | जम्मा रकम | रु.१४,५०,०००।- | रु. ९३,१६०।२० |

**ख.** १. गाईजात्रा पर्व २०७५ को उपलक्ष्यमा आयोजित कार्यक्रमहरूको दृश्य छायांकन वापतको रु.१,३५,६००।- भुक्तानी ख्वप मल्टिपर्वेजी प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

२. यस भक्तपुर नगरपालिकाद्वारा ३९ औं विश्व पर्यटन दिवस, गाईजात्रा पर्वमा सहभागी सांस्कृतिक विधा चित्रकलामा पुरस्कृत बालकसमेतका पुरस्कार वितरण कार्यक्रममा सहभागीहरूलाई खाजा चिया व्यवस्था गरेको खर्च १,०५,६१६।- **भुक्तानी** सूर्यविनायक पार्टी भेनुलाई दिने निर्णय गरियो ।

३. मिति २०७२ वैशाख १२,१३ र २९ गते गएको भूकम्पबाट यस नगरपालिकाको दरबार स्क्वायरस्थित भवन पूर्ण क्षति भई त्यहाँ रहेका लेखा र प्रशासन शाखासमेतको कागजात र जिन्सी सामानहरू समेत हराएको र कागजातहरू नष्ट भएको हुँदा आ.व. २०७२।०७३ अवधिसम्मको कागजातहरू नष्ट भएको र हराएको बैठकमा जानकारी प्राप्त भई अनुमोदन गरियो ।

४. काठमाण्डौ उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्त कार्यालय भक्तपुरको उपसमिति बैठक बस्दाको भत्ता खर्च रु.४५,५००।- अनुमोदन गरियो ।

**ग.** भक्तपुर नगरपालिकाको दृश्यावलोकनको लागि आउने विदेशी पर्यटकहरूलाई पर्यटक सेवा केन्द्र र पर्यटक सूचना केन्द्र मार्फत वितरण गरिने विभिन्न भाषाको **ब्रोसरहरू छपाइ** गर्न प्राप्त तीन वटा सिलवन्दी निवेदन मिति २०७५।६।१४ गते आईतबार खरिद एकाईमा खोली प्राप्त भएको निवेदनहरूमा सवभन्दा कम दररेट उल्लेख गर्ने शाक्य प्रिन्टिङ्ग प्रेस, कुलेश्वर, काठमाण्डौंको भ्याटसहित प्रतिब्रोसर रु.०.९०४ शुन्य दशमल नौ शुन्य चार पैसा भएकोले स्वीकृति गरी छपाइ गराउने निर्णय गरियो ।

**घ.** भक्तपुर नगरपालिकाको बा १ क ४५५४ नं. जेटिङ्ग मेशिनका चालक श्री विश्वराम कोजूको निवेदन अनुसार **जेटिङ्ग मेशिन**को सामानहरू फेरी मर्मत गर्नुपर्ने भनी रु. ६२,१५०।०० को निवेदन पेश गरेको हुँदा उक्त जेटिङ्गको सामानहरू फेरी मर्मत गराउने निर्णय गरियो ।

**ङ.** सिद्धि स्मृति प्रतिष्ठान भक्तपुरको च.नं. ५१९ मिति २०७४।२।१८ गते प्राप्त पत्र सम्बन्धमा छलफल हुँदा उक्त प्रतिष्ठान गैर नाफामूलक, सेवामूलक सामाजिक सेवा गर्ने संस्था भएकोले २०७४ सालसम्मको घर जग्गा (सम्पत्ति) करको सम्पूर्ण **ब्याज मिनाहा** गर्ने र बाँकी लाग्ने घर जग्गाको ७५ प्रतिशत छुट दिने २५ प्रतिशत मात्र जग्गा कर लिने साथै २०७५ सालदेखि पूरा कर लिने निर्णय गरियो ।

**च) ल.ई. स्वीकृत सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १, | लिवाली ब्रम्हायणी बसपार्क पूर्व बाटोमा पीच गर्ने र पेटी ब्लक छाप्ने कार्य | ८ | २,६५९,४६३।०९ | | | | | | | |
| २, | महालक्ष्मी पाटी पुन:निर्माण कार्य | १० | ३,२१८,३१७।०० | | | | | | नपा | |
| ३ | सूर्यमढी पूर्वाभिमुख पाटी पुन:निर्माण | ९ | २१५,९२०।८१ | | | | | | नपा | |
| ४ | चपाल भैरवनाथ द्योछे पुन:निर्माण | ४ | ९,१४६,७३८।६२ | | | | | | नपा | |
| ५ | भैरवनाथ मन्दिर | ५ | १२,७५०,४१६।८४ | १४,६३६,७४५।१३ | | | | | नपा | |
| ६ | हनुमानघाट परिसर पाटी पुन: निर्माण | ७ | ४,४३०,७७६।३१ | | | | | | नपा | |
| ७ | च्यासिंमण्डप पुन: निर्माण कार्य | ५ | ३,२७०,१६९।९४ | | | | | | नपा | |
| ८ | नपा कार्यालयमा अण्डर ग्राउण्ड लिफ्टको खापा बनाउने कार्य | २ | ३०,६३२।५६ | | | | | | नपा | |

ठ) पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सल्लाघारी नपली पुल मुनी हनुमन्ते खोला सुधार ( उ.स.अध्यक्ष राममणि पोखरेल) | १ | १,७०९,८०२।४७ | | १,४९५,९९६।४१ | १,२९६,३००।०० | ५५०,०००।०० | ७४६,३००।०० | हनुमन्ते खोला सुधार | कार्य सम्पन्न |
| २ | मेतं उकालो पाटी छाना मर्मत | ८ | ४०१,३७९।०० | | २५६,०६३।९६ | २४७,५३३।५५ | २५९,२२८।५५ | | क्रमागत | रू.११,६९५। फिर्ता |
| ३ | क्वाठण्डौ नासचा नासद्यो उत्तराभिमुख पाटी | १० | ६१४,३०२।५८ | ७४७,१५७।३७ | ४८६,८०७।०९ | ४८६,५७०।०० | २५०,०००।०० | २३६,५७०।०० | क्रमागत | रू.२ लाख थप पेश्की |
| ४ | २ नं वडा कार्यालयदेखि दरबारस्क्वायरसम्मको | २ | २,८७८,८३५।४० | | १,०७८,८२६।०० | १,०७७,८२६।०० | ६००,०००।०० | ४७८,८२६।०० | नपा | आ.पे.फ. गरी थप रू.३लाख पेश्की |
| | दायाँवायाँ पेटी निर्माण कार्य | | | | | | | | | |
| ५ | वडा कार्यालय भवन निर्माण कार्य गर्न ( ल.ई.रू. २,३६,२६,७५५।०० मध्येबाट) | १ | ८,१३७,५८८।९२ | | ९,९२९,६५५।७६ | ८,१२४,७२३।६२ | ६,५००,०००।०० | ३४,९७१।६० | नपा | पेश भएको फाँटवारी अनुसार रू.१५,८९,७५२।०२ भुक्तानी भैसकेको |
| ६ | हनुमन्ते खोलाको नपली पुल निरको सृजनानगर दायाँबायाँ माटो कटान गर्ने कार्य | १ | १,७०९,८०२।४७ | | १,७७१,९००।७६ | १,६०५,०००।०० | ५५०,०००।०० | १,०५५,०००।०० | विपद् व्यवस्थापन | |
| ७ | पर्यटक सूचना केन्द्र निर्माण कार्य | ९ | ५,८६७,०२०।२८ | | २,२२५,८४०।८१ | २,१४८,२०४।०३ | २,०००,०००।०० | १४८,२०४।०३ | नपा | आंशिक पे.फ. |

ड) म्याद थप सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | भ.न.पा. ७ र ८ वडा स्थित महेश्वरी र लिवाली सडक पीच कार्य सम्बन्धी | ७ | १०,२०८,३०८।७२ | बोलपत्रदाता आर.आर. कन्स्ट्रक्सन, भक्तपुर | मिति २०७५ कार्तिक मसान्तसम्म म्याद थप | नपा बजेट | भुक्तानी दिनुपर्ने |

ढ) भुक्तानी सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ब्रम्हायणी बहुउद्देश्य भवन फिनिसिङ्ग कार्यमा सिमेन्ट उपलब्ध गरिए बापत भुक्तानी | ९ | | | ४४४,२२५।६० | | ४४४,२२५।६० | नपा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | ब्रम्हायणी बहुउद्देश्य भवन फिनिसिङ्ग कार्य अन्तर्गत ढलान गर्ने श्रम ठेक्का ज्याला भुक्तानी | ९ | | | ८३९,८९८।०० | ठेकेदार सुनील त्यात | ५२१,०३६।३० | नपा | |

**ण) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| | | | | |
|---|---|---|---|---|
| १ | वडा कार्यालय भवनमा फिनिसिङ्ग कार्य (दोश्रो चरणको कार्य) | १ | उपभोक्ता अध्यक्ष श्यामसुन्दर बाटी | अनुगमन समिति संयोजक लक्ष्मीनारायण राजलवट |
| २ | कमलविनायक कभर्ड हल सँगै शौचालय निर्माण | १० | उपभोक्ता अध्यक्ष लक्ष्मीप्रसाद चवाल | अनुगमन समिति संयोजक जितेन्द्र मुनंकर्मी |
| ३ | देकोचा ख्वप कलेज आसपासको सडकमा पेटी निर्माण कार्य | ६ | उपभोक्ता अध्यक्ष बिकुनारायण चोकामी | अनुगमन समिति संयोजक सुरज बजिको |
| ४ | सूर्यमढी पूर्व मोहदाको पाटी (चिभ भजन फल्चा) पुन: निर्माण | ९ | उपभोक्ता अध्यक्ष तुल्सीभक्त प्रजापति | अनुगमन समिति संयोजक दश प्रजापति |
| ५ | भाजुपोखरी संरक्षण कार्य | १ | उपभोक्ता अध्यक्ष कृष्णप्रसाद दुमरू | अनुगमन समिति संयोजक विश्वराज शिल्पकार |

**त) अन्य**

| | |
|---|---|
| १ | भ.न.पा. वडा नं १, वडा कार्यालय भवन निर्माण गर्न स्वीकृत कूल लागत रू.२,३६,२६,७५५।०० बराबरको ल.ई. स्वीकृत भै गठित उपभोक्ता समितिमार्फत पहिलो चरणमा रू.८१,३७,५८८।९२ बराबरको कार्य संचालन गरिएको र अन्य चरणको कार्य क्रमागत रूपमा संचालन गर्दै जाने भ.न.पा.को मिति २०७५।०१।०७ को बोर्ड बैठकबाट निर्णय भए बमोजिम सम्पन्न कार्यहरूको नाप जाँच गरी मूल्यांकन गर्दा रू.९९,२९,६५५।७६ मध्ये पेश भएको फाँटवारी बमोजिम रू. ८१,२४,७२३।६२ भुक्तानी भएको खर्च समर्थन गरी बाँकी दोश्रो चरणको कार्य चालू आ.व. ०७५।७६ मा उक्त योजनालाई विनियोजन भएको बजेट रकमबाट सोही उपभोक्ता समिति मार्फत कार्य संचालन गराउने निर्णय गरियो । |

**थ) ल.ई. तथा भुक्तानी सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कमलविनायक नगरकोट बाटो ग्राभेलिङ्ग | १० | ७५,६५१।८६ | | | | | | मर्मत कोष | |
| २ | ब्रम्हायणी बहुउद्देश्य भवन फिनिसिङ्ग कार्यमा बालुवा उपलब्ध गरिए वापत भुक्तानी | ९ | | | १७४,५७९।३५ | सुलोक ट्रेडिङ्ग कम्पनी प्रा.लि. | | १७४,५७९।३५ | नपा | |
| ३ | वडा नं १, आलावु फोहर व्यवस्थापन कार्यको लागि ग्राभेल उपलब्ध गरिए वापत भुक्तानी | १ | | | ११०,७४०।०० | आर. आर. कन्स्ट्रक्सन, भक्तपुर | | ११०,७४०।०० | मर्मत कोष | |

## मिति २०७५ असोज २१ गते आइतबार

## निर्णयहरू

### रकम निकासा

भक्तपुर नगरपालिकाद्वारा संचालित देको मिवा इतापाके जग्गा एकीकरण आयोजनालाई सुचारु गर्न चालू आ.व. २०७५/०७६ का लागि पहिलो किस्तामा नगद रु.५,००,००,०००।- (अक्षरेपी पांच करोड रूपैयां मात्र) निकासा गर्ने निर्णय गरियो।

### हर्जाना छुट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नगरपालिकाका जनप्रतिनिधिहरू तथा भक्तपुर औद्योगिक क्षेत्रभित्रका उद्योगी व्यवसायीहरूबीच मिति २०७५ असोज १६ गते भ.न.पा. सभाकक्षमा बसेको बैठकको सहमतिअनुसार त्यस क्षेत्रका उद्योगहरूले बुझाउनु पर्ने हालसम्मको सम्पूर्ण बक्यौता रकम २०७५ चैत्र मसान्तसम्म एकमुष्ट वा किस्ताबन्दीमा बुझाएमा सोमा लाग्ने हर्जाना छुट दिने निर्णय गरियो।

त्यस क्षेत्रका केही उद्योगहरूले आ.व. २०६८/६९ र सोभन्दा पछि हर्जाना तिरेको तथा केही उद्योगहरूको हक हस्तान्तरण भएको सन्दर्भमा कर तथा हर्जाना समायोजनको लागि निवेदन पेश गरेमा सो सम्बन्धी आवश्यक निर्णय गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

### लेखा समिति गठन

यस नगरपालिकाको चालू आ.व. को वार्षिक बजेटमा उल्लेख भएका योजना संचालनको विषयमा अनुगमन एवं बेरुजु फछ्र्यौटसम्बन्धी आवश्यक कार्य सम्पादन गर्न देहाय बमोजिम पदाधिकारीहरू रहने गरी लेखा समिति गठन गर्ने निर्णय गरियो :

#### तपसिल

संयोजक : हरिप्रसाद बासुकला – वडाअध्यक्ष
सदस्य : सरिना प्योला – कार्यपालिका सदस्य
सदस्य : जितेन्द्र मुनंकर्मी – नसस
सदस्य : हरिरत्न गोर्खाली – नसस
सदस्य : प्रमुख प्रशासकीय अधिकृत – भ.न.पा.
सदस्य सचिव : विनोद आगन्जा– आलेप

### ख्वप अस्पताल निर्माण समिति गठन

भक्तपुर नगरपालिकाद्वारा संचालन गरिने ख्वप अस्पताल निर्माण कार्यलाई सूचारु र व्यवस्थित गर्न नगर प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा देहाय बमोजिम पदाधिकारीहरू रहने गरी ख्वप अस्पताल निर्माण समिति गठन गरियो :

#### तपसिल

संयोजक : सुनिल प्रजापति – प्रमुख, भनपा
सदस्य : रजनी जोशी – उपप्रमुख,, भनपा
सदस्य : रविन्द ज्याख्व – वडाध्यक्ष
सदस्य : उकेश कवां – वडाअध्यक्ष
सदस्य : महेन्द्र खायमली – वडाअध्यक्ष
सदस्य : प्रमुख प्रशासकीय अधिकृत – भनपा
सदस्य : लेखा अधिकृत – भनपा
सदस्य : जिन्सी अधिकृत – भनपा
सदस्य : योजना प्रमुख – भनपा
सदस्य : आ. सरोज वैद्य
सदस्य : ई. राजेन्द्र हाडा
सदस्य : भ.न.पा.द्वारा संचालित जनस्वास्थ्य केन्द्रका इन्चार्ज

समितिका पदाधिकारी तथा सदस्यहरूलाई नगरपालिका बोर्ड बैठकमा प्रदान गरिने बैठक भत्ता सरह प्रदान गर्ने निर्णय गरियो।

### अक्षय कोष सञ्चालन समिति गठन

प्रसिद्ध नवदुर्गा नाचका लागि आवश्यक मुकुण्डो निर्माणमा भक्तपुर नगरपालिकाको अगुवाइमा अक्षय कोष स्थापना गरी कोष संचालन गर्न देहाय बमोजिम पदाधिकारीहरू रहने गरी नवदुर्गा मुकुण्डो निर्माण अक्षय कोष संचालन कार्य समिति गठन गर्ने निर्णय गरियो :

#### तपसिल

अध्यक्ष : रजनी जोशी, उपप्रमुख, भनपा
सचिव : हरिराम सुवाल – वडाअध्यक्ष
कोषाध्यक्ष : रविन्द ज्याख्व – वडाअध्यक्ष
सदस्य : जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि
सदस्य : गुठी संस्थान भक्तपुर कार्यालयका अधिकृत प्रतिनिधि
सदस्य : स्थानीय बुद्धिजीवी
सदस्य : पूर्ण चित्रकार, मुकुण्डो निर्माणकर्ता

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. यस नगरपालिका जनप्रतिनिधिहरूलाई चाड पर्व खर्च वापत एक महिनाको पारिश्रमिक बराबरको रकम प्रदान गर्ने निर्णय गरियो।

ख. यस कार्यालयबाट मिति २०७५ श्रावण महिनाको प्रत्येक सोमबार घुम्टी शौचालय भाडा लिएको प्रतिदिन रु.१०,०००।- का दरले रु.४०,०००।- भुक्तानी काठमाण्डौ

महानगर सलिड वेष्ट म्यानेजमेन्टलाई दिने निर्णय गरियो ।

ग. यस कार्यालयको मिति २०७५।६।११ गतेका दिन सांस्कृतिक विधाहरूलाई राती खाना व्यवस्था गरेको भुक्तानी रु.३०,६२४।- स्वीट होमलाई दिने निर्णय गरियो ।

घ. यस कार्यालयबाट मिति २०७५ आश्विन ६ गते सिन्धुपाल्चोक चौतारामा सिन्धु नेवाःखलको आयोजनामा नेवारी बाजा दीक्षान्त समारोह तथा सांस्कृतिक कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था गर्न वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीबाट रु.२,००,०००।- (दुई लाख) पेश्की लिनु भई कार्यक्रम सम्पन्न पछि रु.२,०१,५६०।- बराबर खर्च भएको हुँदा वहाँको पेश्की रु.२,००,०००।- फछ्यौंट गरी नपुग रु.१,५६०।- भुक्तानी दिने निर्णय गरियो ।

ङ. २०७५ असोज ३० गते फूलपाटीको दिन नगरपालिकाका ड्राइभर, हेल्पर र वडा निरीक्षकहरूबीच विजया दशमीको उपलक्ष्यमा शुभकामना आदान-प्रदान तथा मार्ग निर्देशनको कार्यक्रम गर्ने । उक्त कार्यक्रमको लागि शा.अ. दिलिप कुमार सुवाललाई पेश्की दिई आवश्यक व्यवस्था गर्न जिम्मा दिने निर्णय गरियो ।

च. ७ नं. वडा खेलकुद समितिको आयोजनामा २०७५ असोज २७ गते महेश्वरी खेल मैदानमा हुने वडास्तरीय आमन्त्रित फुटबल प्रतियोगिताको लागि रु.१०,०००।- (अक्षरूपी रु.दश हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

## छ) ल.ई. स्वीकृत सम्बन्धमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

| क्र.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भक्तपुर अस्पताल अगाडि बाटो ग्राभेलिङ्ग | १ | १३९,७२३।१२ | | | | | | मर्मत कोष | |
| २ | मसानघाट पाटी पुनः निर्माण | ७ | २,४३२,२३०।२९ | | | | | | वडा बजेट | |
| ३ | श्री इन्द्रयणी द्यो: छे पुनः निर्माण | २ | ५,९५४,६३०।३८ | ९,२४३,९७०।१७ | | | | | नपा | |
| ३ | लामगाल सरस्वती बिद्यागृह आगाडि ढल व्यवस्थित गर्ने | ९ | ३,७८७,०१९।६१ | | | | | | वडा बजेट | |

## ज) पेश्की सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| क्र.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भगवतीस्थान सार्वजनिक शौचालय र पर्यटक शौचालय सुधार कार्य | ५ | २,६७६,१६४।३२ | | | १,१५८,३८५।८३ | ९००,०००।०० | २५८,३८५।८३ | नपा | आ.पे.फ. गरी थप रू.९ लाख पेश्की |

**भुक्तानी सम्बन्धमा**

| क्र.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ब्रम्हायणी बहुउद्देश्य भवन फिनिसिङ्ग कार्यमा सिमेन्ट/डण्डी उपलब्ध गरिए वापत भुक्तानी | ९ | | | २१७,३०७।१४ | सिरूवा कन्स्ट्रक्सन प्रा.लि. | २१७,३०७।१४ | नपा | | |

## झ) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

| | | | | |
|---|---|---|---|---|
| १ | कमलविनायक बाटो ग्राभेलिङ्ग | १० | उपभोक्ता अध्यक्ष कृष्णनारायण दुमरू | अनुगमन समिति संयोजक ज्ञानकुमार मगजू |

## मिति २०७५ असोज २८ गते आइतबार

### निर्णयहरू

**नक्सा पास**

भक्तपुर नगरपालिकाद्वारा संचालन गरिने ख्वप अस्पताल निर्माणसम्बन्धी नगरपालिकाले पेश गरेको नक्सा नेपाल सरकार काठमाण्डौं उपत्यका नगर विकास प्राधिकरणबाट समेत मिति २०७५ असोज २६ गते स्वीकृत भइसकेको अवस्थामा उक्त नक्सा नगरपालिकाले पास गरियो ।

**ल.इ. स्वीकृत**

भक्तपुर नगरपालिकाद्वारा निर्माण गरिने ख्वप अस्पताल भवनको भूमिगत एक तल्लासहित प्लिन्थ लेभलसम्म निर्माणको लागि भ्याटसहित जम्मा रकम १२ करोड ६९ लाख ९२ हजार ७९३ रूपैया ७३ पैसाको लागत इष्टिमेट स्वीकृत गर्ने निर्णय गरियो ।

**समितिहरूका निर्णय अनुमोदन**

विभिन्न समितिको देहायबमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

**युवा तथा खेलकुद समिति**

**मिति २०७५।६।२३ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०७५ कार्तिक ११-१७ गतेसम्म हुने भक्तपुर **नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता**का लागि आवश्यक व्यवस्था तथा प्रतियोगिता तयारी एवं खेल संचालन गर्न सम्बन्धित खेल संघहरूलाई जिम्मा दिने निर्णय गरियो :

**मिति २०७५।६।२७ गते**

१. भ.न.पा.द्वारा आयोजित अन्तर नगर विद्यालय स्तरीय खेलकुद प्रतियोगितालाई भव्य रूपमा सम्पन्न गर्न निम्नानुसार **समिति गठन** गर्ने निर्णय गरियो :

**क. प्रतियोगिता निर्णायक समिति**

संयोजक : श्री श्यामकृष्ण खत्री
सदस्य : श्री उकेश कवां
सदस्य : श्री कुमार चवाल
सदस्य : श्री हरिप्रसाद बासुकला
सदस्य : श्री सुनिता अवाल (प्रजापति)
सदस्य : विभिन्न खेल संघका अध्यक्षहरू

**ख. पुरस्कार व्यवस्थापन समिति**

संयोजक : श्री उकेश कवां
सदस्य : श्री रेभिड कुस्मा
सदस्य : श्री विनोदचरण राय
सदस्य : श्री रामसुन्दर सुजखु
सदस्य : श्री काशिलाल प्रजापति
सदस्य : श्री शिवराम धुख्वा
सदस्य : श्री बाबुकाजी धौबन्जार
सदस्य : श्री इन्द्रभक्त पंच
सदस्य : श्री कृष्णगोविन्द सुवाल

**ग. ग्राउण्ड व्यवस्थापन समिति**

संयोजक : श्री कुमार चवाल
सदस्य : श्री रामगोविन्द श्रेष्ठ
सदस्य : श्री दिलिपकुमार सुवाल
सदस्य : श्री विजयराम कोजु
सदस्य : श्री दिलिपनारायण श्रेष्ठ, भ.न.पा. १०
सदस्य : श्री पशुपति प्रजापति, भ.न.पा. ४
सदस्य : श्री लक्ष्मीप्रसाद दुवाल, भ.न.पा. ८
सदस्य : श्री बलराम न्हिसुतु, भ.न.पा. ५
सदस्य : श्री राकेश प्रजापति, भ.न.पा. ९
सदस्य : श्री श्यामसुन्दर माताङ

**घ. अतिथि सत्कार तथा जलपान व्यवस्थापन समिति**

संयोजक : श्री सुनिता अवाल
सदस्य : श्री रत्नमाया बालाय् श्रेष्ठ
सदस्य : श्री गणेशप्रसाद सुवाल, भ.न.पा. २
सदस्य : श्री केदार तुईतुई, भ.न.पा. ७
सदस्य : श्री इन्द्रप्रसाद राजलवत
सदस्य : श्री मुना बासुकला
सदस्य : श्री कृष्णसुन्दर प्रजापति
सदस्य : श्री रविना सुवाल

२. अन्तर विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको लागि समितिका संयोजक श्री श्यामकृष्ण खत्रीले रु.५,००,०००।- (अक्षेरूपी रु. पाँच लाख) मात्र **पेश्की** लिने निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. ख्वप अस्पताल निर्माण कार्यलाई प्रभावकारी, व्यवस्थित र निर्धारित समयभित्र निर्माण सम्पन्न गर्ने हेतुले साइट इन्जिनियर एक जना, साइट ओभरसियर एक जना र स्टोर किपर एक जना **व्यवस्था** गर्ने निर्णय गरियो ।

ख. नगरवासी जनतालाई आफ्नो घर जग्गा मूल्यांकन करमा नगरपालिकाले ५० प्रतिशत छुट दिने निर्णय गरी २०७५ असोज मसान्तसम्म सुविधा प्रदान गर्दै आएकोमा नगरवासीहरूको आग्रहलाई मध्यनजर गरी चालू आर्थिक

वर्षको अन्त्यसम्म नै घर जग्गा मूल्यांकनमा **५० प्रतिशत छुट**को निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

ग. मिति २०७५ असोज १६ गते बेलुकी महेश्वरीस्थित घरदैलोबाट कुहिने र नकुहिने फोहर छुट्याई संकलन गरी ल्याएको फोहरमा भएको पुनः प्रयोगीय वस्तुहरू भण्डारण गर्ने स्थलमा आगलागी भई अर्गानिक वेष्ट कन्भर्टर २ थान, वेष्ट श्रेसर मेशिन २ थान, ट्ली (क्रेट ओसार्ने) १ थान नष्ट भएको, पानी तान्ने ईलेक्ट्रिक पम्प २ थान नष्ट भएको, प्लाष्टिक क्रेट २२० थान नष्ट भएको, ४ फिट चौडाई ६ फिट लम्बाई ८ फिट उचाई भएको फलामे ऱ्याक ४ वटा र ईलेक्ट्रिक सर्किट बक्स ३ वटा आगलागीबाट नष्ट भएको भनी नगर निरीक्षक श्री दिलीपकुमार सुवालबाट दर्ता नं. २६२८ मिति २०७५।६।१७ गते प्रतिवेदन पेश गरेको हुँदा उक्त सामानहरूको लागत मूल्य रु. २४,६३,८००।– बराबरको आगलागीबाट काम नलाग्ने भएकोले उक्त सामानहरू मिनाहा गरी **लगत कट्टा गर्ने** निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिका अंकित डायरी १००० प्रति छपाइ गरी प्रति डायरीभ्याट बाहेक रु.१५०।– भुक्तानी पाऊँ भनी ईन्द्रेणी छापाखानाका ब्यवस्थापक शिरिष सुवालबाट माग भएकोले १००० प्रति डायरीको भ्याटसहित रु.१,६९,५००।– (अक्षरूपी एक लाख उन्नासत्तरी हजार पाँच सय) **भुक्तानी दिने** निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिका अंकित स्पाईरल बाइडिङ्ग नोटबुक २७५० प्रति छपाई गरी प्रति नोटबुक भ्याट वाहेक रु.६५।– भुक्तानी पाऊँ भनी ईन्द्रेणी छापाखानाका ब्यवस्थापक श्री शिरिष सुवालबाट माग भएकोले २७५० प्रति स्पाईरल बाइडिङ्ग नोटबुकको भ्याटसहित रु. २,०१,९८७।५० (अक्षरूपी दुई लाख एक हजार नौ सय सतासी र पैसा पचास मात्र) **भुक्तानी दिने** निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाको बा १ ग २२६५ नं. मिनिट्रकका चालक श्री राध्येश्याम मचामसीको निवेदनअनुसार मिनिट्रकको ईन्जिन बनाएको रु.९२,४३४।–। सिद्धि गणेश अटो पार्टसलाई भुक्तानी दिलाई पाऊँ भनी निवेदन पेश गरेको हुँदा रु.९२,४३४।– सिद्धि गणेश अटो पार्टसलाई **भुक्तानी दिने** निर्णय गरियो ।

छ. नगरपालिकाबाट तथ्याङ्क संकलन गर्न खटिएका ब्यक्तिहरूको लागि वितरण गर्न खरिद गरिएको पावर बैंक ५० वटाको प्रतिभ्याट बाहेक रु.१३७५।– ले भ्याटसहित रु.७७,६८७।५० एक्स्प्लोर आई टि प्रा.लि.लाई **भुक्तानी दिने** निर्णय गरियो ।

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **ज) ल.ई. स्वीकृत सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :** | | | | | | | | | | |
| **क्र.सं.** | **योजनाका विवरण** | **वडा नं.** | **ल.ई.रकम** | **रि.ल.ई.रकम** | **मूल्यांकन** | **खूद खर्च** | **पेश्की** | **भुक्तानी दिनुपर्ने** | **बजेट** | **कैफियत** |
| १ | सिंहध्वाका दरवार पुनःनिर्माण | ३ | १५,३,०,०१,४८२।२० | | | | | | | |
| २ | ब्यासी पर्यटन सूचना केन्द्र | २ | | ३४४,०२१।५७ | | | | | | Item स्वीकृत ल.ई. भन्दा हेरफेर भएकोले |
| **झ) भुक्तानी सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :** | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्य भवन फिनिसिङ्ग कार्यमा वाल लगाउने, प्लाष्टर गर्ने सम्बन्धी श्रम ठेक्का भुक्तानी | ९ | | | २५७,५८७०२ | शान्ती कन्स्ट्रक्सन प्रा.लि. | | २५७,५८७०२ | नपा | |
| २ | भक्तपुर नगरपालिका वडा नं. २, स्थित भ.न.पा. कार्यालय अगाडि पर्यटन सूचना केन्द्र निर्माण कार्यको लागि रू. ५८,९८,१२१।०० बराबरको पहिलो चरणको ल.ई. स्वीकृतअनुसार बोलपत्र गरी निर्माण कार्यको लागि G3 Builders and Developer Pvt. Ltd ले मिति २०७३ कार्तिक मसान्तसम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएतापनि समयमा कार्य सम्पन्न गर्न नसकेको हुँदा नियमानुसार जरिवाना गरी आ.व.२०७५ असार मसान्तसम्म कार्य गर्ने गरी रू. १,१४,११०।८० पैसा जरिवाना गरिएको थियो तर निर्माणस्थलको विविध कारणले गर्दा समयमा कार्य सम्पन्न गर्न नसकेको र हाल उक्त कार्यको टेण्डर अनुसारको सम्पूर्ण सम्पन्न गरिसकेको हुँदा सो कार्यको G3 Builders and Developer Pvt. Ltd ले पेश गरेको अन्तिम बिलको सम्पूर्ण कार्यको नापजाँच गरी कार्य मूल्यांकन गर्दा रू. ६१,५४,६६४।०० हुन आएकोले निवेदकले अन्तिम बिलबाट पेश हुन आएको रकम रू.५०८१५८१।५३ पैसामध्ये पहिलोदेखि चौथौ बिलसम्मको तपसिलअनुसारको रकम कटौटी गरी नपुग रकम भुक्तानीको साथै आजसम्मको लागि योजनाको म्याद थप गरी फछ्र्यौट गर्न निर्णय लिइयो ।<br>१. पहिलादेखि चौथो विल रू.२६,४०,९०२।७१<br>२. नपाबाट विभिन्न मितिमा उपलब्ध गराएको निर्माण सामग्री रू.४७,४३५।००<br>३. जरिवाना रकम रू.१,१४,११०।८० मध्ये पहिलो बिलबाट रू. ३०,०००।०० कट्टी गरी बाँकी रू.८४११०।८० गरी कूल जम्मा २७,७२,४४८।५१<br>तसर्थ G3 Builders and Developer Pvt. Ltd लाई जम्मा रू.२३,०९,१३३।८१ पैसा भुक्तानीको लागि निर्णय गरियो । | | | | | | | | | |
| **ञ) म्याद थप सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :** | | | | | | | | | | |
| १ | भ.न.पा. ९, दतात्रय स्क्वायरमा ढुङ्गा छपाइ | ९ | ९२८०६६१।०० | उपभोक्ता समिति अध्यक्ष श्यामकृष्ण लवजू | | मिति २०७५ माघ मसान्तसम्म म्याद थप | | नपा बजेट | | |

# दिपावलीको शुभकामना आदानप्रदान कार्यक्रम

भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा वडावासी अग्रजहरू, पूर्व जनप्रतिनिधिहरू तथा उपभोक्ता समितिका पदाधिकारीहरूबीच नेपाल सम्बत् ११३९ को नयाँ वर्ष तथा दिपावलीको शुभकामना आदानप्रदान कार्यक्रम कार्तिक १९ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि एवं नगर प्रमुख सुनिल प्रजापतिले नगरपालिकाका हरेक गतिविधिहरू जनतामाझ प्रष्ट पार्दै जनताको राय सुझावअनुसार जनप्रतिनिधिहरू अघि बढिरहेको बताउनुभयो । उहाँले नगरवासीहरूको पहिलो समस्याको रूपमा रहेको खानेपानीको उचित व्यवस्थापनको लागि नगरपालिका आफैले ठाउँ–ठाउँमा डिप बारिङ गरी पानी प्रशोधनसहितको ट्यांकी निर्माण गरिरहेको उल्लेख गर्नुभयो ।

नगरमा खानेपानी वितरणको जिम्मा लिएको काठमाडौं उपत्यका खानेपानी लिमिटेडसँग नगरको खानेपानीको समस्या समाधानका लागि पटक–पटक छलफल भएको चर्चा गर्दै मेलम्चीको पानी भक्तपुरमा वितरणका लागि अध्ययन गरी विस्तृत परियोजना रिपोर्ट समेत बनिसकेको जानकारी प्राप्त भएको र नगरको पुरानो बस्तीमा पाइप बिछ्याउने प्रक्रिया अघि बढाउने आयोजना कार्यान्वयन इकाइ (पीआइडी) को तर्फबाट प्रतिबद्धता व्यक्त भएको समेत उहाँको कथन थियो ।

प्रमुख प्रजापतिले नगरपालिकाको बजेट रकम नगरवासीहरूले नै अधिकतम् उपयोग गर्न सकोस् भन्ने उद्देश्यले नगरपालिकाले स्थानीय उत्पादन प्रयोगमा जोड दिएको र नगरवासी लक्षित विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको बताउनुभयो । उपभोक्ता समितिमार्फत विकास निर्माणका कार्यहरू हुँदा स्थानीय जनताले रोजगारी पाउने तथा गुणस्तरीय निर्माण हुने प्रशस्त उदाहरण रहेको चर्चा गर्दै उहाँले उपभोक्ता समितिमा बसेर समाजको इमानदारीपूर्वक सेवा गर्न अग्रसर हुनुपर्नेमा जोड दिनुभयो ।

भनपा ९ नं. वडाका अध्यक्ष रविन्द्र ज्याख्वले आव २०७५/०७६ को ३ महिनामा वडा कार्यालयमार्फत भएका गतिविधिहरूबारे प्रतिवेदन पेश गर्नुभयो । वडामा वडास्तरीय बजेट मात्र नभई नगरस्तरीय बजेटमार्फत समेत यो वर्ष धेरै विकास निर्माणका कार्यक्रमहरू रहेको उल्लेख गर्दै उहाँले स्थानीय जनताको साथ र सहयोगमा समयमै जनताका कामहरू सम्पन्न गर्ने बताउनुभयो ।

वडाध्यक्ष ज्याख्वले वडामा क्रियाशील तुमचो–दुगुरे चोखा जग्गा एकीकरण आयोजनाका सबै काम चालू आ.व.मै सम्पन्न गर्ने लक्ष्यसहित बाटो पिच तथा ढलान कार्य, विद्युतीकरण कार्य, खानेपानीको डिप बोरिङ कार्य र तुमचोको पुरानो बस्तीमा बाटोमा इँटा छपाइ कार्य भइरहेको उहाँले अवगत गराउनुभयो ।

कार्यपालिका सदस्य छोरीमैयाँ सुजखू (प्रजापति) ले घरदैलो नर्सिङ सेवाअन्तर्गत वडाका सबै घर परिवारहरूमा नर्स र स्वास्थ्य स्वयंसेविका कम्तिमा एकचोटि पुगिसकेको र सेवालाई निरन्तर जारी राख्ने बताउनुभयो । उहाँले वडामा महिलाहरूको पाठेघर तथा स्तन परीक्षणसम्बन्धी शिविरबाट ३६३ जना दिदीबहिनीहरूले प्रत्यक्ष स्वास्थ्यलाभ प्राप्त गरेको र तीमध्ये १५ जनामा केही समस्या देखापरेको रिपोर्ट आएको बताउनुभयो ।

वडासदस्यहरू जगतलाल मानन्धर र इन्द्रबहादुर प्याठले वडामा किसानहरूलाई उन्नत जातका बीऊ वितरण गरेर वडावासीहरूलाई लाभ पुगेको तथा विकास निर्माणका कार्यहरूमा स्थानीयहरूको उत्साहजनक सहभागिता रहेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात् 'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : बेलुकी ६:३० देखि ७:३० सम्म

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयमा सदस्य भई विभिन्न मितिमा पुस्तकहरु लानुहुने तर समय नाघेर पनि पुस्तक फिर्ता नगर्नुहुने सदस्यहरुलाई चाँडै पुस्तक फिर्ता गर्न सूचित गरिन्छ ।
जनज्योति पुस्तकालय, न:पुखु-१

# भक्तपुर नगरपालिकाले
# निर्वाचन घोषणापत्रकै आधारमा काम गर्दैछ



**सुनिल प्रजापति, प्रमुख-भक्तपुर नगरपालिका**

'जनता म्वासा भाषा म्वाइ' अर्थात् जनता रहे भाषा बाँच्छ भन्ने मूल नाराका साथ ३८ औं नेपालभाषा साहित्य तःमुंज्या (बृहत साहित्य सम्मेलन) हुँदैछ। नेपालभाषा साहित्य तःमुंज्या साहित्यिक दबुमात्र नभइ वर्गसंघर्षको दबु पनि हो। कामदार वर्गलाई राजनैतिक रूपमा सचेत पार्दै वर्गसंघर्षको लागि तयार गर्ने काम तःमुंज्याले स्थापनाकालदेखि गर्दै आएको छ। तःमुंज्याले देश र जनताको पक्षमा कलम चलाउने थुप्रै क्रान्तिकारी साहित्यकारहरू उत्पादन गरिसकेको छ। यसको निरन्तरताको कामना गर्दछौं।

नेपालमा पहिले एउटै भाषा, जाति र संस्कृतिको बोलवाला थियो। नेपाल धेरै जात-जाति, भाषा-भाषी र संस्कृति भएको देश भएको हुँदा नेपाली भाषा-भाषीबाहेकका जात-जाति, भाषा-भाषीको निम्ति त्यो चित्त बुझ्ने कुरा थिएन। आ-आफ्नो जाति, भाषा र संस्कृति सबैलाई प्यारो लाग्छ। जनआन्दोलनको क्रमसँगै एक भाषा, संस्कृतिको नीति खारेज भयो र त्यसको ठाउँमा बहुभाषिक नीति लागू भयो।

नेपालको संविधान २०७२ लागू भएपछि संवैधानिक रूपमै नेपालमा बोलिने सबै भाषा र संस्कृतिबारे स्पष्ट पारियो। संविधानको मौलिक हकमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने, प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदा सम्बर्द्धन तथा संरक्षण गर्ने जस्ता हक प्रदान गरिएको छ।

नेपालको कुनै ठाउँमा बस्ने व्यक्तिले अड्डा-अदालत, स्थानीय तह वा कुनै पनि सरकारी कार्यालयमा गएर आफ्नै भाषामा निवेदन दिने, बयान-बकपत्र गर्ने वा अन्य कुनै पनि काम गर्न पाउने भएका छन्। नेपाली भाषामै सबै काम गर्नुपर्छ भन्ने विगतको बाध्यकारी व्यवस्था समाप्त भएको छ। यसबारे नयाँ पुस्तालाई तयार गर्नुपर्छ भन्ने भावनाले भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम तयार गर्‍यो। स्थानीय पाठ्यक्रममा स्थानीय भाषा, लिपि, संस्कृति, सम्पदा, खेलकुद, विभिन्न क्षेत्रमा योगदान गर्ने व्यक्तित्वहरूको जीवनी, स्थानीय इतिहास र भूगोलकोबारे अध्ययन र अध्यापनको लागि विभिन्न विषयहरू समावेश गरेका छौं। राष्ट्रिय/अन्तर्राष्ट्रिय विषयमा विद्यालय, कलेजहरूमा सिकाए पनि स्थानीय विषय अध्ययनको कमीले ती विद्यार्थीहरू स्थानीय विषयमा कममात्रै जानकारी राख्छन्। त्यो अभाव पूर्तिको लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम बनाइ लागू गरेको हो। रञ्जना लिपि र प्रचलित लिपिजस्ता नेपालभाषाका लिपिसम्बन्धी कक्षा भक्तपुरका सबै विद्यालयहरूमा सिकाउने कोसिस गर्दैछौं। नगरपालिकाले चार महिने लिपि कक्षाको तालिम पनि सञ्चालन गरिसकेको हुँदा समस्या हुने देख्दैनौं।

भक्तपुरको गौरव भनेकै यहाँका मठ-मन्दिर, देवालय, शिवालय, पाटी-पौवा, ढुङ्गेधारा, पोखरीजस्ता हाम्रा सम्पदाहरू हुन्। हाम्रा ती सम्पदाहरूले ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेका छन्। भूकम्पबाट क्षतिग्रस्त ती थुप्रै सम्पदाहरू अहिले भक्तपुर नगरपालिकाले पुनःनिर्माण र जीर्णोद्धार गर्दैछ। सकेसम्म यहाँका सम्पदाहरू प्राप्त प्रमाणहरूको आधारमा जनसहभागितामै मौलिक शैलीमै निर्माण गर्न जोड दिंदैछौं। हामी सम्पदाहरूमात्रै होइन अन्य कुनै पनि निर्माण ठेक्कामा दिन चाहन्नौं। ठेक्कापट्टाबाट काम गर्दा जनप्रतिनिधिलाई सजिलो हुने भए पनि सबै पैसा ठेकेदारको खल्तीमा जान्छ। नगरपालिका हरेक निर्माण उपभोक्ता समिति वा अमानतमा गर्ने पक्षमा छ। निर्मित संरचना गुणस्तरीय हुने, स्थानीयले रोजगारी पाउने र पैसा स्थानीयकै बीचमा जाने हुँदा यो नै

सबैभन्दा उपयुक्त निर्माण विधि हो।

पप्पु कन्स्ट्रक्सन अहिले निकै चर्चामा छ। त्यो कम्पनीले बनाएको कुनै पनि पुल राम्रो नभएको सार्वजनिक भएको छ। ठेकेदारले निर्माणको गुणस्तर हेर्दैन, उसले केवल नाफा हेर्छ। ठेकेदार त व्यापारी हो। व्यापार नाफाकै निम्ति गरिन्छ। अधिकांश ठेकेदारहरूले सम्बन्धित अधिकारीहरूसँग मिलेर निर्माणमा चरम लापरबाही गरिरहेका छन्। देशको सम्पदा निर्माणमा त्यसरी जथाभावी गर्नु एक प्रकारको अपराध हो। त्यस्ता भ्रष्ट ठेकेदारहरूलाई कडा कारबाही गर्नुपर्नेमा सरकार स्वयम्ले संरक्षण दिइरहेको छ।

भक्तपुर सांस्कृतिक नगर भएकोले यहाँको संस्कृति संरक्षणमा पनि नपाले ध्यान दिइरहेको छ। गाईजात्रामा प्रदर्शन भएका विभिन्न सांस्कृतिक विधाहरू र वडा-वडाका सांस्कृतिक गुरुहरूको सम्मानमा पर्यटन दिवसको अवसरमा असोज ११ गते रु. १४ लाखभन्दा बढी रकम पुरस्कार र सम्मान स्वरुप वितरण गरियो। त्यो सबै संस्कृति र सम्पदा संरक्षणमा निरन्तर लागिरहनुभएका हाम्रा सांस्कृतिक अगुवाहरूको सम्मानस्वरुप प्रदान गरिएको हो। यसलाई अझै निरन्तरता दिँदै जानेछौं।

नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखेर नगरपालिकाले घर-घरमा नर्सिङ सेवा सुरु गऱ्यो। त्यसले ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका नगरवासीहरूमा धेरै सहयोग पुगिरहेको छ। आयुर्वेदिक शाखा नगरपालिकाअन्तर्गत आएपछि वडा-वडामा त्यसको सेवा विस्तारको साथै विद्यालयहरूमा चिकित्सकहरू पठाइ स्वास्थ्य शिक्षा दिने कार्यक्रमहरू भइरहेका छन्। नगरवासीमात्रै होइन वरपरका जनताको समेत स्वास्थ्य सेवामा सहज होस् भनी ख्वप अस्पताल निर्माणको तयारीमा जुटेका छौं। अस्पताल निर्माण नगरपालिका स्वयम्ले गर्ने हुँदा त्यस कार्यमा नगरवासी दाजुभाइ दिदिबहिनीहरूको सहयोगको अपेक्षा गर्दछौं।

संविधानको मौलिक हकमा आधारभूत शिक्षा निःशुल्क र अनिवार्य तथा मा.वि. शिक्षा निःशुल्कको व्यवस्था छ। अहिले त्यससँग सम्बन्धित ऐन बनिसकेको छ। ऐनमा सरकारी विद्यालयमा पढ्नेहरूको लागि मात्रै निःशुल्क भन्ने आएको छ। निजी विद्यालयमा पढ्ने विद्यार्थीहरूले त पहिलेझैं पैसा तिर्नुपर्ने व्यवस्था रहेछ। संविधान सबैको निम्ति हो। निजी विद्यालयमा पढ्नेहरूले पैसा तिर्नुपर्ने भएसम्म मौलिक हकको त्यो प्रावधान कार्यान्वयन भएको मान्न सकिँदैन। यो संविधानको भावनाविपरीत पनि हुन्छ।

सम्पदा निर्माणमा अझै कति ठाउँमा अन्योल देखिन्छ। एकपटक सञ्चारमाध्यममा रानी पोखरी सेनालाई निर्माण गर्ने जिम्मेवारी दिने भयो भनी समाचार आयो। हामीले तत्काल २०७५ साउन १३ गते काठमाडौं, ललितपुर महानगरपालिका, कीर्तिपुर र मध्यपुर नगरपालिकाका प्रमुखहरूको बैठक बोलायौं। बैठकमा हामीले उपत्यकाका सम्पदाहरू पुनःनिर्माण जनसहभागिता जुटाई गर्ने, प्राप्त प्रमाणहरूको आधारमा मौलिक शैलीमै निर्माण गर्ने र काठमाडौं उपत्यकाका पुराना सहरहरूलाई समेटेर उपत्यकालाई नै सांस्कृतिक क्षेत्र घोषणा गराउन जोड दिनुपर्ने प्रस्ताव राख्यौं। बैठकले त्यो पास गऱ्यो। त्यसपछि रानीपोखरी सेनालाई नदिने, काष्ठमण्डप ठेक्कामा निर्माण गर्न नदिने निर्णय बाहिर आयो। यो अत्यन्त सकारात्मक कुरा हो।

भक्तपुर नगरपालिकाले कहिल्यै पनि भक्तपुरको विषयमा मात्रै सोचेन बरु जहाँको भए पनि देशकै सम्पदा हो र त्यसको संरक्षण गर्नुपर्छ भनेर लागेको छ। यस्ता महत्त्वपूर्ण काम नेपाल मजदुर किसान पार्टीको निर्वाचन घोषणापत्र र निर्देशन तथा सल्लाहमै भइरहेको छ।

अहिले संघीयता कार्यान्वयनमै समस्या देखिएको छ। संविधानले ३ वटा सरकारको कल्पना गरेको छ – केन्द्र, प्रदेश र स्थानीय। त्यो कुनै कसैको अधिनमा बस्नुपर्दैन। संविधान र कानुनले दिएको अधिकारक्षेत्र भित्र सबै स्वतन्त्र रूपले काम गर्न सक्षम छन्। संविधानमा प्रष्ट भएको विषयमा समेत आवश्यक कानुन नबनाई केन्द्रले विभिन्न आदेशहरू दिएर स्थानीय तहहरू सञ्चालन गर्ने कोसिस गरिरहेको छ। यो अत्यन्तै आपतिजनक विषय हो।

शुरुमै राजपत्रमा मन्त्रिपरिषद्को आदेश प्रकाशित गरी स्थानीय तह सञ्चालन गऱ्यो। हामीले ऐनलाई आदेशले काट्न नसक्ने तर्क गऱ्यौं। अहिले फेरि पनि कर्मचारीहरू भर्ना नगर्न, शिक्षाको अधिकार समन्वय एकाइलाई दिनेजस्ता मन्त्रालय र मन्त्रिपरिषद्ले आदेश जारी गरेको छ। यसरी देश संघीयतामा गए पनि सरकारमा जाने नेताहरू र उच्च प्रशासकहरूको मानसिकता भने एकात्मक नै छ। त्यो सोचमा परिवर्तन नभएसम्म स्थानीय तहहरूले जनभावनाअनुसार राम्रोसँग काम गर्न सक्दैनन्।

*(२०७५ कार्तिक ४ र ५ गते भक्तपुरमा सम्पन्न ३८ औं नेपालभाषा साहित्य तःमुंज्यामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सार-सं.)*

# 'सिद्धान्त बेचेर खानेमा पर्दिनँ'



सुनिल प्रजापति-प्रमुख, भक्तपुर नपा

### शत्रुका नजरमा आक्रामक छु

सानैदेखि नै राजनीतिमा लाग्यौं। पार्टीको नीति र निर्देशनबमोजिम नै पार्टीले गर्न भनेको कुरा गर्ने र बोल्न भनेको कुरा बोल्ने गर्छौं। पहिले संसदमा पनि पार्टी नीतिअनुसार नै बोल्ने गर्‍यौं। अहिले पनि कुनै महत्त्वपूर्ण कुराको निर्णय गर्दा पार्टीलाई नसोधी गर्दैनौं। पार्टीको नीति र निर्देशनमा काम गर्दा कतिपय अवस्थामा शत्रुको नजरमा आक्रामक स्वभाव भएको मान्छेमा पर्छौं। सैद्धान्तिक हिसाबमा पार्टीको विचारअनुसार चल्ने गर्छौं। पार्टीको निर्देशनलाई नै मुख्य बाटो मान्ने गरेका छौं। यस्तो बेला अलि आक्रामक हुनुपर्ने हुन्छ।

### सामान्य रूपमा सरल छु

सामान्य रूपमा सरल मान्छेमा पर्छौं। तसर्थ, घमन्डी हुने त प्रश्नै छैन। हामीले गरेका काम सबै ठीक छ भनेर भन्दैनौं। केहीमा कमजोरी भएमा कसैले सुझाब दिएमा सुधार गर्छौं। त्यस्तै, हाम्रो पार्टीको विधानमै झुटो नबोल्ने आचारसंहिता छ। तसर्थ, सानैदेखि यसैको पालनामा लागियो। झुटो बोल्दैनौं। झुटो बोल्नेभन्दा बरु प्रस्ट्याउने काम गरिन्छ।

### कुटियो, कुटाइ पनि खाइयो

रिस नभएको मान्छे त संसारमा कोही पनि हुँदैनन्। कुनै पनि गल्ती गरेको मान्छेले मै हुँ भन्ने सोचेर गल्ती अस्वीकार गरिरहेको भए ऊसँग म रिसाउँछु। २०३६ साल अघिदेखि विद्यालयमा पढ्दाको समयदेखि नै विद्यार्थी राजनीतिमा सक्रिय भएर लागियो।

पार्टीको सिद्धान्तअनुरूप गरिखाने वर्गको पक्षमा वकालत गरियो। यस क्रममा पञ्चेहरूले हेला गर्ने गर्थे। हेपेर 'ज्यापू' भन्थे। यस्तो बेला रिस उठ्थ्यो। उनीहरूलाई वर्ग–दुस्मन सम्झिन्थ्यौं। र, उनीहरूलाई कुटियो र कुटाइ पनि खाइयो।

### पन्क्चुअल हुन कोसिस गर्छु

व्यक्तिगत रूपमा कमजोरी नभएको मानिस त कोही पनि हुँदैन। हरेक ठूला घटना साना कमजोरीबाटै हुने भएकाले यस्ता कुरामा सचेत छौं। मेरा पनि सानातिना कमजोरी हुन सक्छन्। कुनै पनि कार्यक्रममा समयमा पुग्ने कोसिस गर्छौं।

कहिले काहीं समयमा पुग्न सक्दिनौं । आफ्नो कमजोरीप्रति कतिपय अवस्थामा अप्ठेरो महसुस हुन्छ ।

### सिद्धान्त बेच्दिनँ

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) सिद्धान्तका आधारमा राजनीति गर्ने पार्टी हो । तसर्थ, हामी सस्तो लोकप्रियताका लागि राजनीति गर्दैनौं । सिद्धान्त बेचेर खानेमा हामी पर्दैनौं । कसैले हामीलाई भक्तपुरमा मात्र सीमित पार्टी भन्ने आरोप लगाएको सुनिन्छ । हामीलाई स्थानीय नेताको आरोप लगाएको सुनिन्छ । यो सरासर गलत हो । संसदमा कहिल्यै पनि हामीले भक्तपुरका हौँ भन्ने सोचले मुद्दा उठाएका थिएनौं । जसले हामीलाई स्थानीय नेता सोच्छ ऊ नै स्थानीय (साम्प्रदायिक) हो । हामीले त अन्तर्राष्ट्रिय हिसाबले गतिविधि गरिहेका छौं ।

### विकासप्रेमीको ट्याग पचाएको छैन

हामी अहिले समाजको सेवाका निम्ति काम गरिरहेका छौं । गरिखाने वर्गका निम्ति शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकता सर्वसुलभ बनाउने योजना छ । ऐन, कानुन र नीति निर्माणमा कुसल निर्माता हुनु छ । ऐन, कानुन निर्माणमा यिनीहरू (नेमकिपा) राम्रो हुन् भनेर सबैले भनेको कुरा नै हो । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाजस्ता तीन निकायलाई सन्तुलन मिलाएर काम गर्दैछौं हामी । कुशलतापूर्वक अगाडि बढाउँछौं । यो हाम्रो स्वाभाविक कार्यतालिका हो । तसर्थ, केही सुधार गर्दैमा 'विकासप्रेमी' को ट्याग नलगाउँदा राम्रो ।

### भारतीय शासक वर्गको विरोधी हुँ

हाम्रो समथल भू-भागलाई मधेसभन्दा पनि तराई भन्न रुचाउँछौं । त्यहाँ तराईमा सामन्तहरूले शासन गरिरहेका छन् । तराईका मजदुर किसानलगायत तल्लो वर्गका जनता उठ्नुपर्छ, ती सामन्तविरुद्ध जाग्नुपर्छ भन्ने हाम्रो अभियान हो । यसैलाई नपचाएर त्यहाँका ठूला-ठालुले हामीलाई मधेसविरोधी हो भनेर प्रचार गरिदिन्छन् । कतिपय मधेसका सामन्ती नेताहरू भारतबाट सञ्चालित छन् । भारतका शासकीय रवैयाका कारण हामीमाथि थिचोमिचो भएको छ । तसर्थ, भन्न चाहन्छौं हामी मधेस होइन, मधेसका सामन्तहरूको विरोधी हौँ । भारतीय जनता होइन, थिचोमिचो गर्ने त्यहाँका शासकहरूका विरोधी हौँ ।

### पार्टीको निर्णयले मेयर भएको

पहिले सांसद (सभासद्) थियौं । संसदीय हिसाबले नै भूमिका खेल्यौं । संविधान निर्माण गर्ने क्रममा जनताका आधारभूत आवश्यकता र मौलिक हकबारे कुरा उठाइयो । ती विषयमा योगदान रह्यो । अहिले नगरपालिकाको प्रमुखमा निर्वाचित भएका छौं । जनतासँग प्रत्यक्ष जोडिएर काम गर्ने अवसर पाएका छौं । सक्रियताका हिसाबले एउटै हो । तर, भूमिकाको हिसाबले हेर्दा संसदमा नीति-निर्माण यता (नगरपालिका) विकास-निर्माण । आवश्यकताअनुसार पार्टीले खटाउने हो । यो आफ्नो रोजाइले भएको होइन । पार्टीको इमानदार सिपाही हौं, पार्टीको निर्देशन सबै कार्यकर्ताले पालना गर्नुपर्छ । यो पार्टी अनुशासन हो ।

### समाजवादी व्यवस्था आए नेतृत्वमा

उमेरका हिसाबले पाँच दशक पार गरिसक्यौं । राजनीतिमा उमेरको सीमा हुँदैन । निरन्तर राजनीतिमा सक्रिय रहनेछु । पार्टीको अगाडि व्यक्तिको कुरा गौण हुन्छ । राजनीतिमा उमेरका कारणले कोही युवा र पाको हुँदैन । नवीन विचार लिएसम्म कोही पनि बूढो हुँदैन । क्युबाका फिडेल क्यास्ट्रोकै उदाहरण दिऊँ न, उहाँ ८३-८४ वर्षसम्म पनि युवा नै रहनुभयो । कारण, उहाँको विचार नवीन थियो । अहिले देशमा पूँजीवादी व्यवस्था छ र नेमकिपा पूँजीवादी सरकारमा जानेछैन ।

### जनताका चाड मान्छु

धर्म आस्थाको विषय हो । धर्ममाथि जनताले विश्वास गरुञ्जेल हामीले पनि त्यसलाई आत्मसात् गर्नुपर्ने हुन्छ । यत्ति हो, राज्यको कुनै धर्म हुँदैन । तर, यहाँ धर्मपनिरपेक्षताको गलत प्रयोग भइरहेको छ । धर्मका नाममा हाम्रो सार्वभौमिकतामाथि नै हमला भइरहेको छ । पैसाको प्रलोभन देखाएर धर्मान्तरण गर्नु गलत हो । पुर्खाका हिसाबले हामी पनि हिन्दु हौं । तर, म आफूलाई हिन्दु नभनेर नेपालीमात्र भन्न मन पराउँछु । दसैं, तिहारलगायत जनताले मान्ने चाड मान्छु । मर्दा-पर्दा सबै विधि अपनाउँछु ।

### जीवनमै जिन्सपाइन्ट लगाइनँ

हामी प्रायः सामान्य पहिरन लगाउँछौं । स्कुल पढ्दासम्म घरमा बनाएको स्थानीय लुगा नै लगायौं । २०४३ सालदेखि स्थानीय निकायमा जनप्रतिनिधिका रूपमा विभिन्न तहमा काम गऱ्यौं । त्यसबेला दौरा-सुरुवाल पनि लगाएँ । मलाई कहिल्यै ह्यान्डसम हुने सोच आएन । जिन्सको पाइन्ट त अहिलेसम्म लगाएकै छैन ।

*(भक्तपुर नपाका प्रमुख प्रजापतिसँग दीपेन्द्र सापकोटाले गरेको कुराकानीमा आधारित)*

*साभार : नयाँ पत्रिका (२०७५ असोज १३)*

द्विशताब्दीऔं जन्म दिवस

# आफ्नो पिताबारे छोरीको संस्मरण



एलिनर मार्क्स

जेनीसँग विवाह गर्ने पक्कापक्की गर्दा कार्ल भर्खर सत्र वर्षका युवक थिए । उनीहरूको लागि पनि सच्चा प्रेमको बाटो त्यत्ति सुगम थिएन । कम उमेरका युवकको विवाहबारे कार्लका आमाबुबाको आपत्ति जनाउनु बुझ्न सजिलो कुरो हो । केही ठाक्कठुक्क भए तापनि जेनीप्रति आफ्नो गहिरो प्रेमबारे कार्लले आफ्नो पितालाई कस्तो गम्भीरताका साथ सुनाएका थिए भने कुरा उनीहरू (कार्ल र जेनी) बीचको सम्बन्धलाई लिएर कार्लको परिवारमा निम्त्याएको तनावबाट बुझ्न सकिन्छ । मेरा बुबा आफू उत्तिबेला वास्तवमै रिसले पागल भएको भन्नुहुन्थ्यो । तर यो समस्या चाँडै नै समाधान भयो । कार्ल अठार वर्ष हुन केही समयअघि उनी र जेनीको सम्बन्धलाई औपचारिक रूपमा स्वीकारियो । कार्लले आफ्नी सुन्दरी जेनीको लागि सात वर्ष कुर्नु पऱ्यो तर 'ती वर्ष पनि कार्लको लागि धेरै लामो समय लाग्यो किनभने उनी जेनीलाई निकै प्रेम गर्थ्यो ।'

सन् १८४३ को जुन १९ मा उनीहरूबीच विवाह भयो । केटाकेटी छँदै सँगसँगै खेल्दै र युवक युवतीको रूपमा विवाह गरेको यो प्रेम जोडी जीवन सङ्घर्षमा सधैं सधैं सँगै रहे ।

त्यो सङ्घर्ष के थियो ! वर्षौं वर्षका तीता अभावपूर्ण दिनहरू, अझ त्योभन्दा पनि खराब कुरा त निर्ममभन्दा निर्मम सन्देह, कुख्यात बद्ख्वाईं र चिसा मतभेदहरू । तर यी सबै-सबै दुःख र सुखमा दुई जीवनभरिका साथीहरू र प्रेमी कति पनि गलेनन् । कहिल्यै गुनासो गरेनन् । जीवनको अन्तिम घडीसम्म पनि उनीहरू एक अर्कोप्रति इमानदार रहे । अनि मृत्युले पनि उनीहरूलाई अलग गर्न सकेन ।

जीवनभर मार्क्सले आफ्नी श्रीमतीलाई प्रेम मात्र गरेनन्, बरु उनी जीवनभर जेनीसँग प्रेममा परे । मेरो अघि भावनाले ओतप्रोत र युवावयका प्रेम पत्रहरू छन् । यी पत्रहरू कार्लले अठार वर्षको हुँदा लेखेका हुन् । केही पत्रहरू कार्लले सन् १८५६ मा लेखेका छन्, जेनीले त्यत्तिबेलासम्म कार्लको छैटौं सन्तान जन्माइसकेकी थिइन् । सन् १८६३ मा कार्लकी आमाको निधन भयो । उनी आफ्नो जन्मथलो ट्रायर पुगे । त्यहाँबाट उनले जेनीको नाममा पत्र लेखे, 'मैले हरेक दिन वेस्टफालेन्स (रोइमास्ट्रास्सेमा) को तीर्थ यात्रा गर्ने गरेको छु । अरु सिङ्गो रोमन सम्पदाहरूभन्दा मलाई त्यसमा बढी चासो लागेको छ किनभने वेस्टफालेन्समा पुग्दा हरेक पटक म आफ्नो सुखद् युवा दिनहरू र मेलै पाएको सबैभन्दा प्रिय खजाना सम्झन पुग्छु । अनि दिनहुँ त्यहाँ जाँदा मलाई हरेक दिन सबैतिरबाट 'कुनै बेला ट्रायरकी सबभन्दा सुन्दर केटी' र 'रोधीघरकी राजकुमारी' को बारेमा सोधिन्छ ।' 'सिङ्गो सहरकै सबभन्दा चित्कार्षक राजकुमारीलाई आफ्नो श्रीमतीको रूपमा जीवन बिताइरहेको कल्पना मात्र पनि कति सुखद् कुरो हो ।'

आफ्नो बुबासँग मार्क्स गहिरो गरी जोडिएका थिए । आफ्नो बुबासँग कुरा गर्न कार्ल कहिल्यै पनि थाक्दैनथे । अनि उनी आफ्नो बुबाको एउटा पुरानो श्यामश्वेत तस्बिर सधैं आफूसँगै बोकेरै हिंड्थे ।

तर कोही पनि अरु अपरिचितलाई त्यो तस्बिर देखाउँदैनथे किनभने त्यो तस्बिरमा आफ्नो बुबाको रूप उनको वास्तविक रूपभन्दा भिन्न भएको उनको भनाई थियो । मेरो विचारमा उनको (कार्लका बुबा) मुहार ज्यादै राम्रो थियो, उनका आँखा र आँखीभौ छोराकै जस्ता थिए । मुख र चिउँडो भने कार्लको बुबाको नरम देखिन्थ्यो । सामान्यतः हेर्दा त्यो एकप्रकारको सुन्दर यहुदी रूप थियो । आफ्नो श्रीमतीको निधनपश्चात् मार्क्सले शारीरिक अस्वस्थतासँग लड्न लामो र दुःखदायी यात्रा गर्नुपऱ्यो । उनी सकेसम्म चाँडो आफ्ना अधुरा काम पूरा गर्न चाहन्थे । ती दिनहरूमा पनि मार्क्ससँग आफ्नो पिताको तस्बिर, काँचको सानो फ्रेममा राखिएको मेरी आमाको पुरानो तस्बिर र मेरी बहिनी जेनीको तस्बिर कहिल्यै खाली भएन । उनको निधनपछि हामीले ती तस्बिरहरू उनको कोटको गोजीमा भेटाएका थियौं । एंगेल्सले ती सबै तस्बिरहरू कफिन बाकसभित्रै राखिदिए ।

*(यो संस्मरण एलिनर मार्क्स (Eleanor Marx)ले जर्मनी भाषामा लेखेकी थिइन् । सन् १८९७-९८ मा प्रकाशित कार्ल मार्क्सले आफ्नो पितालाई लेखेका पत्रहरू सम्मिलित पुस्तकको लागि यो लेख तयार गरिएको हो ।)*

# Making Bhaktapur a rain-efficient city

**Rajani Shrestha (Joshi)[1], Sunil Duwal[2], Suman Duwal[2]**

**Abstract**

The potential use of rainwater to solve the water related problem of Bhaktapur Municipality of Nepal will be the prime target. The available data, expert's consultation, archival data, reports and researches were used to analyze the use of rainwater to manage the water stressed Bhaktapur Municipality. We have presented the principles of Bhaktapur Municipality to make Bhaktapur City a rain-efficient city. The provision of installation of Rainwater Harvesting in the household level, institutional level and recharge of the groundwater from the existing wells for future use of the water from the recharged shallow aquifer will solve the problem of water supply to some extent and will be helpful in managing the urban flood and overloading of the sewage treatment facilities.

**Introduction**

Almost all the human civilizations and settlements have flourished within the vicinity of the water bodies. Water is the source of the human civilization. The availability of the clean water is the most important aspect for the development in various aspects of human activities. The development of the human civilization starts with the availability of the water and in most cases the civilization ends due to water. From the ancient time, the height of the civilization is determined from the usage and management of the water (Haq, 2017; Novak & Giesen, 2014). Nepal being a mountainous country with most of the large rivers are snow-fed and originating from the mountains. Similarly the moist air from the Bay of Bengal, due to orographic lifting by the hills and mountains causes rainfall which has helped in the feeding the rivers originating from the Mahabharat and Chure ranges. With around 6000 rivers and rivulets, Nepal is one of the rich countries in the context of availability of the fresh water source, however, most of the urban settlements in the country are water stressed due to geographical location and concentration of population in the comfortable areas. This problem is faced by the almost all cities of Nepal including the cities within Kathmandu valley.

Every civilization got evolved from the source of water, mainly rivers such as Nile civilization, Mohenjodarro/Harrappa civilization etc. In Nepal within Kathmandu valley, Bagmati civilization has been evolved since 6th century as "Pranali" in the form of"Hiti" stone spouts and these seen today are from medieval period regarded as "Kirti" (Pradhan 1990). These stone spouts were supplied through canals named "Rajkulo" established for religious and social purposes. This system starts from foothills and supply water to the "Hitis", recharge the shallow aquifer and provide supply for farmlands (Raimund and Becker 1990; Pun 2001; Tiwari 2002; Shrestha and Shrestha 2002). At present, this system is out of function in Kathmandu Valley due to rapid urban growth / migration (Gautam, Thapa, & Prajapati, 2017).

The unplanned urbanization and population pressure in the cities inside the valley raised problems in various fields including water. The increasing population and shrinking surface water sources, Kathmandu valley is suffering from the water shortage. Various plans including the Melamchi project are in pipeline, however, it looks like the problem will not be solved from the project alone.

**Study Area**

Bhaktapur was founded in 8th century and has been the capital of Nepal Mandal(Kathmandu Valley) until 18th century AD from where the Newar culture was established. During the, medieval period art and architecture including culture reached to high level of time due to abundant availability of source of life line, the water. The town is surrounded by *Hanumante* river to the south and *Khasankhusung* river to the Northeast (Figure 1). These rivers have religious and ritual values till date. Thus every activity from dawn to dusk and rituals from birth to death and all kinds of festivals celebrated throughout the year according to the season are associated with use/availability of water that became daily life and culture of Newar people of Kathmandu Valley.

Bhaktapur district located 12km towards East of capital Kathmandu in the Kathmandu Valley. Bhaktapur Municipality is one of the smallest municipalities of the district with 6.88km$^2$(Figure 1). Bhaktapur Municipality is densely populated town from 8th century dates back from Lichhabi regime. Even before Malla regime, in 13$^{th}$Century water supply system existed in Lichhabi period. During Malla period, water supply was made advanced through *Rajkulo* system from the catchment areas from the foothills of Bhaktapur and connected to the city center to Stone spouts (*LowhanHiti* in Newari and *DhungeDhara* in Nepali). Similarly several ponds and wells were constructed to recharge ground water as well as for the domestic purpose and to enhance the micro climate of the city(Diwakar, Yami, & Prasai, 2008).




*Figure 1: Location of study Area(Bhaktapur Municipality)*

**Present Scenario of Water Supply in Bhaktapur Municipality**

Regarding Bhaktapur Municipality, municipal water supply has been managed from two sources; Mahadev Khola in the east and Tigni in the west. The supply from both source are not enough even in the wet season (HAZAMA ANDO CORPORATION and NJS CONSULTANTS Co., Ltd., 2015). The population of Bhaktapur Municipality is around 81740 (Census 2011) and population that requires water is around 92300 per day which includes domestic and international tourists. In Bhaktapur, water supply system is intermittent with maximum 1 to 3 hours once every 3-4 days. According to Kathmandu Upatyaka Khanepani Limited(KUKL), the daily maximum demand is 13.4 million liters per Day (MLD) in 2012 and is expected to increase to 16 MLD. The demand has not been met from the long time, however, city's water has been managed from two intake facilities at Bansbari and Manohara River(Figure 2). KUKL has been supplying water from Bansbari treatment plant to wards 6,7,8,9 and 10, North East zone and wards 1,2,3,4 and 5 towards South West zone of the municipality has been supplied from Bode Treatment plant. There is very high deficit in the water demand and supply. People has been managing water from the tanker supply from various private water supply tankers, from the wells (Duwal, 2017).

Figure 3 shows the demand and supply gap of water in Bhaktapur Municipality. The demand gap of approximately 12MLD water will somehow assumed to be fulfilled with the completion of the ambitious Melamchi Project in some fraction but the increasing population will demand more supply which can only be managed through wise and sustainable water management. In this regard, the solutions might be the use of Groundwater which has lots of disadvantages compared to its short term solution. Other solution might be the rejuvenation of the traditional system for example the Rajkulo System (Rijal, 1965) and groundwater recharge using the ponds/ wells etc (Gautam, Thapa, & Prajapati, 2017).To overcome the water shortage in the municipality, Rainwater Harvesting seems to be one the most appropriate and sustainable solution in comparison to other methods. When water becomes scarce, rainwater is the obvious supplementary alternative option for water supply (Haq, 2017). The sustainable water resource management needs proper analysis of the problem, well materialised scientific researches, synthesis and analysis from the researches and finally a vigorous discussion on the most appropriate solutions (Figure 4).




*Figure 2: Location of the water supply distribution system of Bhaktapur Municipality (HAZAMA ANDO CORPORATION and NJS CONSULTANTS Co., Ltd., 2015)*

**Rainwater harvesting**

Rain water is the free and nature gifted source, with proper treatment it can be used for drinking purpose. The major advantage of use of rainwater is the reduction of the stress in the water supply due to the use of drinking water for other purposes and reduces loads to sewers.




*Figure 3: Water Demand and Supply in Bhaktapur Municipality (HAZAMA ANDO CORPORATION and NJS CONSULTANTS Co., Ltd., 2015)*

Furthermore the interception of the rainwater from reaching to the river reduces the magnitude of flood in urban area and reduces soil erosion. Similarly, the shallow aquifer can be recharged with the use of rainwater in groundwater recharge by installation of recharge facilities or the recharge of the existing wells (Haq, 2017; Novak & Giesen, 2014; Duwal, 2017; Novak & Giesen, 2014). The harvesting of the rainwater includes collection of the rain and storage in tanks or recharge of the groundwater. The use of rainwater is not a new technology for Nepal. There are several evidences that rain has been harvested for irrigation, livestock use in the form of ponds, stone spouts from the prehistoric time (Dhaubhadel, Bhaktapurko Rajkulo ra Tyasko Aawashyakta, 2009; Dhaubhadel, Jal Samrachanaka Utkrista Vaastu-Dhungedhara, 2008; Rijal, 1965; Duwal, 2017; Gautam, Thapa, & Prajapati, 2017). Rainwater collection is practiced for the first time in recent history in 1960 Pokhara Hospital scientifically. Similarly in the Mission Hospital Palpa. Similarly, community level rainwater harvesting was done by Peace Corps Nepal in the health post of Ramechhap (Duwal, 2017). There are numerous organizations that have been working to response the water crisis using the rainwater harvesting. For example, UN-HABITAT in coordination with NGOFUWS and in Partnership with the ministry of Physical Planning and Works and Water Aid Nepal has promoted rainwater harvesting (Tiwari, 2006).

**Making Bhaktapur- a Rain Efficient City**

To make Bhaktapur a rain efficient city, a planned approach for the use of rainwater must be carried out. There must be planning in different level, such as in Municipality level, Ward level and community/household level. The conceptual planning of the water related problem in Bhaktapur Municipality can be described as in Figure 4. The municipality needs to prepare regulations and guidelines for rainwater harvesting in different levels of constructions. Similarly, trainings for masons, plumbers should be carried out by the municipality in coordination with other stakeholders. The findings of researches and studies done in the field of water, related to Bhaktapur municipality such as Duwal, 2017; Gautam, Thapa, & Prajapati, 2017,Diwakar, Yami, & Prasai, 2008,Ganesh, Koju, & Prajapati, 2017 will be used as the basis for solving water related problem in Bhaktapur Municipality. Bhaktapur Municipality has encouraged the students and researchers to do studies related to Bhaktapur Municipality. Municipality has provided some fundings for the researches with these studies and researches, the situation analysis, need assessments will be done and with the advice from the experts applicable solutions will be discovered and applied with the time being. Currently, Bhaktapur Municipality is facing water crisis and trying to manage on it in coordination of

different organizations such Kathmandu Uptyaka Khanepani Limited(KUKL) and private water suppliers, however, the problem is still escalating every year. To find out a sustainable solution, in depth study related to hydrology, groundwater, water quality and water resource management must be done. One of the sustainable solution might be the Rain Water Harvesting(RWH) which does not need huge budget and sophisticated technology. With the use of simple technical human resource and available materials, RWH can be applied at household level and this seems to be one of the appropriate to apply in Bhaktapur.




*Figure 4: Conceptual diagram for solution of water problem in Bhaktapur*

**Potential Rain Water Harvesting Scenario**

Bhaktapur Municipality is water-stressed, so it urgently needs some sources to fulfill the water demand. The historical evidences show that, there was a systematic water management using rain. The systematic use of rainwater for irrigation and water supply using rajkulo system managed the water need of Bhaktapur City. Due to increasing population, use of municipal supply from Bansbari and Bode will not solve the problem. Even distribution of water from Melamchi project does not seems to solve even a significant fraction of the problem. For this Bhaktapur Municipality must go further to solve the problem by rejuvenation of the traditional technology and proper utilization of the rain water by harvesting in the household, community and institutional levels.

The coverage of the builtup area of Bhaktapur municipality (houses only) is around 0.9km$^2$in 2015(Duwal, 2017). The analysis of the rainfall data from the year 1971 to 2014, 80% dependable rainfall data was calculated and the scenario of the rain water harvesting from the household when 10%, 30%, 50% and 80% houses uses RWH are shown in Table 1 and Figure 5. The scenarios were created assuming the short term and long term goals for rainwater harvesting installation in the households. From this scenario analysis, it can be observed that with installation of RWH in 80% of the households, the domestic demand can be fulfilled up to 36.6% (Table 1) in the wet season. In the recent years, the demand is not fulfilled even in the wet season and this problem seems to escalate in the coming years as the sources are shrinking and demand is increasing. To address this issue, the sustainable solution will the use of RWH for some extent of fulfillment of the demand.

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

*Table 1: Water Demand and Rainwater Harvesting Scenario*

| Month | Average rainfall (mm) | 80% Dependable rainfall(mm) | Monthly Water Demand($m^3$) | Rain Water Harvesting Builtup Area ($m^3$) | | | | Percentage Demand Fulfilled for when 80% household have RWH |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 80% | 50% | 30% | 10% | |
| Jan | 13.0 | 0.6 | 40200 | 368 | 230 | 138 | 46 | 0.1 |
| Feb | 21.6 | 5.6 | | 3228 | 2018 | 1211 | 404 | 0.8 |
| Mar | 31.9 | 8.3 | | 4780 | 2988 | 1793 | 598 | 1.2 |
| Apr | 57.5 | 20.2 | | 11599 | 7249 | 4350 | 1450 | 2.9 |
| May | 129.7 | 79.1 | | 45533 | 28458 | 17075 | 5692 | 11.3 |
| Jun | 257.3 | 155.3 | | 89361 | 55851 | 33510 | 11170 | 22.2 |
| Jul | 364.6 | 256.0 | | 147319 | 92074 | 55245 | 18415 | 36.6 |
| Aug | 340.1 | 247.1 | | 142156 | 88848 | 53309 | 17770 | 35.4 |
| Sep | 184.1 | 113.9 | | 65561 | 40976 | 24585 | 8195 | 16.3 |
| Oct | 47.2 | 7.2 | | 4129 | 2581 | 1548 | 516 | 1.0 |
| Nov | 6.6 | 0.0 | | 0 | 0 | 0 | 0 | 0.0 |
| Dec | 10.9 | 0.0 | | 0 | 0 | 0 | 0 | 0.0 |

Monthly Demand




*Figure 5: Demand and scenario of supply from Rain Water with application of RWH in households (Calculation based on Duwal, 2017 for rainfall data and building coverage data)*

**Examples of the sucessful Rainwater harvesting in Bhaktapur**

a) Institutional RWH at Khwopa Engineering College

Khwopa Engineering College has installed Rainwater Harvesting from it

b) Community Level Rainwater Harvesting at Libali

c) Household level Rainwater Harvesting




*Figure 6: RWH in Khwopa Engineering College*




*Figure 7: Proposed RWH plan in Bhaktapur Municipality Office*

**Rainwater Harvesting and Groundwater Recharge**

The recharge of the shallow aquifer will solve at least a fraction of water that is used for non-drinking purpose or with proper treatment even can be used for drinking as well.

The harvested rainwater can be stored in two ways, 1) Storage Tanks and 2) Recharge of the ground water through wells. In case of Bhaktapur there are more than 220 public wells (Diwakar, Yami, & Prasai, 2008) and 84 stone spouts (Bhaktapur Municipality, 2017) and 35 Ponds whose source of the water is the rain. These sources, specially wells and ponds can be used for storage of the excess rainwater that cannot be stored in the household tanks. This will help in the recharge of the shallow aquifer. The overuse and low recharge of the shallow aquifers in the urban area has significantly decreased the depth of shallow aquifer. In the urban areas, the runoff coefficient in higher and permeability is low so groundwater recharge rate is very low. Rainwater from the roof, roads and courtyards can be used to recharge wells.




*Figure 8: Deep wells in urban area that needs RWH for GW recharge and rejuvenation of the wells (Well data from (Ganesh, Koju, & Prajapati, 2017*

In case of Bhaktapur Municipality, the core city of Bhaktapur has numerous wells whose water level has dropped due to less recharge(Figure 6). These wells can be rejuvenated from the recharge through the rainwater. Most of the wells are surrounded by houses or inside the courtyards so the water from the roofs as well as the courtyards can be used to recharge the wells using the system shown in Figure 7. In case of the wells inside the courtyard, water from the roofs might not be available or might not be needed




*Figure 9: Rainwater Harvesting and Groundwater Recharge System*

for the recharge. The water from the roads and courtyards can be used for recharging after use of screens and gravel filters.

**Future plans for Rain Efficient Bhaktapur Municipality**

Bhaktapur Municipality will make a policy for harvesting rainwater during wet season and store for the dry season through municipal level, ward level and local/ level as shown below.

**1. LOCAL/ INDIVIDUAL LEVEL**

**i.** Rain Water harvest in household / residential level

New houses - abide with municipal regulations in installing RWH(inbuilt reserve tanks)

Existing houses - encourage in installing RWH(container)

*Municipality will provide technical assistance on installation.

**ii.** Institutional level - Schools/ Colleges/ Hospitals/Hotels & restaurants / Public Toilets -abide municipal regulations in installing RWH.

**2. WARD LEVEL**

**i.** Recharge of

- Well
- Stone spouts
- Ponds/ Water bodies

**ii.** Construction of reserve tanks in courtyards/ urban spaces where ever possible.

**3. MUNICIPALITY LEVEL**

**I.** Long Term Program

- Control runoff/flood
- Ground water recharge

**II.** Mid Term Program

- Regulation for rainwater harvest
- Guidelines on
  - Rainwater Harvesting installation
  - Rainwater Harvesting management
  - Rainwater Harvesting maintenance
  - Construction of Reservoirs

**III.** Short Term Program

- Awareness Programs on
  - Rainwater Harvesting
  - 3Rs : * Reduce
    *Reuse
    *Recycle
- Trainings in Rainwater Harvesting
  - Municipal level
  - Ward level
  - Community level

**Discussion and conclusion**

The major problem facing by Bhaktapur Municipality is the water crisis. The increasing population demands more and more municipal water supply whereas the sources of the water sources are shrinking every year. The increasing urbanization has decreased the groundwater storage as infiltration of the rainwater is intercepted which has affected the flow of the rivers in the dry seasons. This problem needs a sustainable solution. When water sources decreases then ultimate solution is the rainwater. Rainwater Harvesting is known to be one of the best options for the adaptation to water stress as it is decentralized and based on household level. So Bhaktapur Municipality is prioritizing this option of

adaptation to water stress. Moreover, to make this more effective, roof rainwater harvesting (RWH) will be made mandatory in the bylaws of building construction. Besides, people should be given subsidies for setting roof rainwater harvesting system in their existing house. By doing so, there will be less pressure in municipal water supply to some extent. Local level training will be organized frequently related to plumbing and designing RWH to enhance the efficiency of the system. Recharging the ground surfaces by the rainwater in wet season may help to get water from nearby wells in dry period. So in community level, the rainwater from the roofs, courtyards and streets will be diverted with proper technique to the wells to recharge the groundwater. Reservoirs will be constructed wherever possible to store the rain water during wet season.

**References**


– Bhaktapur Municipality. (2017, February). Bhaktapur Nagarpalikabhitra Raheka Dhungedhara. *Bhaktapur Monthly*, pp. 27-28.

– Dhaubhadel, O. P. (2008, September). Jal Samrachanaka Utkrista Vaastu-Dhungedhara. *Prabidhi*, pp. 25-28.

– Dhaubhadel, O. P. (2009). Bhaktapurko Rajkulo ra Tyasko Aawashyakta. *Utprerana Bulletin*, pp. 25-27.

– Diwakar, J., Yami, K. D., & Prasai, T. (2008). Assessment of Drinking Water of Bhaktapur Municipality Area in Pre-Monsoon Season. *Scientific World*, 94-98.

– Duwal, S. (2017, November). Rainwater Harvesting as an Adaptation for Water Stress Area: A Case Study of Bhaktapur Municiaplity along with the Analysis of Potential and Present Scenario. Lalitpur, 3, Nepal.

– Gautam, D., Thapa, B. R., & Prajapati, R. N. (2017). Indigenous water management in Nepal: cultural dimensions of water distribution, cascaded reuse and harvesting in Bhaktapur City. *Environ Dev Sustain*.

– Haq, S. A. (2017). *Harvesting Rainwater from Buildings.* Dhaka: Springer International Publishing.

– HAZAMA ANDO CORPORATION and NJS CONSULTANTS Co., Ltd. (2015). *Bhaktapur Water Supply Improvement Project in the Federal Democratic Republic of Nepal-Study Report.* Kathmandu: Ministry of Health, Labour and Welfare.

– Novak, C. A., & Giesen, G. E. (2014). *Designing Rainwater harvesting Systems-Integrating Rainwater Into Building System.* Hoboken, New Jersey: John Wiley and Sons Inc.

– Rijal, B. N. (1965, January 14). Bhaktapurko Rajkulo. *Purnima(4)*. kathmandu, Bagmati, Nepal.

– Tiwari, T. (2006). *Rainwater harvesting: Re-popularising an indigenous technology to Avert Water Crisis.*


(Footnotes)


[1] Deputy Mayor, Bhaktapur Municipality, Bhaktapur

[2] Department of Civil Engineering, Khwopa College of Engineering, Libali, Bhaktapur



**भक्तपुर नगरलाई स्वच्छ र सफा राखौं**

**भक्तपुर नगरपालिकाले हरेक महिनाको १ गते र १५ गते नगरका विभिन्न स्थानमा सफाइ कार्यक्रम गरिरहेको छ । यस पुनित कार्यमा सहयोग गरिदिनु हुन सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध गर्दछ ।**


**तस्बिर सच्याउनुहोस्**

गताङ्कको पृष्ठ ८१ को न्हुछेबहादुर नला, वडा नं. ५ र पृष्ठ ८२ को पूर्णभक्त बेकोजु, वडा नं. ८ को तस्बिर उल्टोपाल्टो छापिएकोले सच्याउनु हुन अनुरोध छ ।- 'भक्तपुर'

# भक्तपुर नगरपालिकाको
# सहकारी ऐन-२०७४ का मुलभूत व्यवस्थाहरू



*हरिराम सुवाल, वडाध्यक्ष-६, भनपा*

भक्तपुर नगरपालिकाको मिति २०७४ माघ ३, ४ र ५ गते बसेको दोस्रो नगरसभाले नगरपालिकाको निम्ति आवश्यक विभिन्न कानुन, नीति, निर्देशिका तथा नियमावलीहरू पारित गरेको थियो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा ऐन बनाउन सक्ने व्यवस्था गरेको छ। उक्त दफाले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको दोस्रो नगर सभाले भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ पारित गर्नुका साथै मिति २०७५ असाढ १० गतेदेखि २८ गतेसम्म बसेको तेस्रो नगर सभाले उक्त ऐनको केही दफाहरूमा समेत संशोधन गरेको छ। कानुन भनेको परिवर्तनशील छ। समय र परिस्थितिअनुसार कानुनमा परिवर्तन हुनु स्वभाविक हो। भक्तपुर नगरपालिकाले पनि विभिन्न सहकारीकर्मीहरूको सुझावहरू तथा सहकारीविद्हरूको सुझावहरूलाई समेतेर दोस्रो नगरसभाबाट पारित सहकारी ऐनमा केही संशोधनहरू गरेको छ। आगामी दिनहरूमा संशोधनको सिलसिला चलिरहनेछ। नेपाल सरकारले देशभरिका विभिन्न सरकारी कार्यालयहरू स्थानीय निकायलाई हस्तान्तरण गर्ने क्रममा डिभिजन सहकारी पनि स्थानीय निकायको मातहतमा आएको छ। सोही प्रक्रियाअनुरूप भक्तपुर नगरपालिकामा पनि नगरभरिका सहकारीहरूको जिम्मेवारी थपेको छ। भक्तपुर नगरपालिका निश्चय नै सरकारको नीतिअनुरूप नगरभरिका सहकारीहरू एउटै छातामुनि ल्याउनको लागि कानुनको आवश्यकता महसुस गरी सहकारी ऐन ल्याएको हो। यस सहकारी ऐनमार्फत नगरका सहकारीहरूको व्यवस्थापन गर्नको लागि निश्चय नै सहयोग पुग्नेछ। भक्तपुर नगर सहकारीको क्षेत्रमा पनि निकै अगाडि बढेको सबैसामु छर्लङ्ग छ। अझ यसलाई सुव्यवस्थित गर्नको लागि सहकारी ऐन आवश्यक छ। नगरका सकारीहरू व्यवस्थित गर्न ल्याइएको यस भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ कार्यान्वयनमा ल्याउनुका उद्देश्यहरूयस प्रकार छन् :

**उद्देश्यहरू**

क. सहकारी मूल्य, मान्यता र सिद्धान्तअनुरूप स्थानीय स्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्ने,

ख. सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्ने,

ग. समुदायमा आधारित, सदस्य केन्द्रित, प्रजातान्त्रिक, स्वायत्त र स्वशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्ने,

घ. सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवम् दिगो रूपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउने, र

ङ. समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने।

**सहकारी संस्थाको गठन तथा दर्ता**

भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ को परिच्छेद २ को दफा ३ देखि दफा ४ सम्ममा सहकारी संस्थाको गठन तथा दर्ता सम्बन्धमा व्यवस्था गरेको छ। यस ऐनको दफा ३ ले सहकारी संस्थाको गठन सम्बन्धमा व्यवस्था गरेको छ। जसअनुसार कम्तीमा ३० जना नेपाली नागरिकहरू आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन्। तर श्रमिक, युवालगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा १५ जना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सक्नेछन्। नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा सङ्गठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली प्रचलित कानुनबमोजिम दर्ता भएको आफ्नो पेशागत सङ्गठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिएबमोजिमका

शर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्। तर एकसय जनाभन्दा कम सङ्ख्या रहेको एउटै कार्यालयका कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिएबमोजिमका शर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्। संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उल्लिखित सङ्ख्या पुगेको हुनुपर्नेछ। तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन। यस ऐनबमोजिम गठन भएका सहकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारीसमक्ष दरखास्त दिनुपर्नेछ। दरखास्तसाथ देहायबमोजिमका कागजातहरू संलग्न गर्नुपर्नेछ :

(क) संस्थामा आबद्ध हुन चाहने प्रारम्भिक सदस्यहरूको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) संस्थामा आबद्ध हुन चाहने प्रारम्भिक सदस्यहरूको पासपोर्ट साइजको फोटो,

(ग) कार्य क्षेत्रभित्र बसोबास गरेको तर प्रस्तावित संस्थाको कार्य क्षेत्र बाहिरको नागरिकता भएका आवेदकहरूको हकमा नेपाली नागरिकताका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिका साथमा कार्य क्षेत्रभित्र बसोबास गरेको व्यहोरा प्रमाणित हुने देहायमध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि–

(अ) परिवारसहितको बसाईसराई गरी आएको भए सोको प्रमाणपत्र।

(आ) वैवाहिक सम्बन्धको आधारमा बसाइ सर्न परेको भए विवाह दर्ताको प्रमाणपत्र र नाता प्रमाणित।

(इ) घर भएको प्रमाणित गर्न जग्गाधनी पुर्जाको प्रतिलिपि र घर नक्सा इजाजतको प्रतिलिपि र तिरो तिरेको रसिद।

(ई) विगत पाँच वर्षदेखि सम्बन्धित कार्य क्षेत्रमा व्यवसाय गरी बसेको प्रमाणित हुने नवीकरणसहितको व्यवसाय इजाजत प्रमाणपत्र र नगरपालिकामा कर तिरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू।

(उ) कर्मचारीका हकमा स्थायी नियुक्ति पत्र, हाल कार्यरत कार्यालय वा निकाय खुल्ने प्रमाण।

(घ) बसोबासको आधारमा संस्था दर्ताको लागि आवेदन गर्ने व्यक्तिहरूमध्ये कम्तिमा ८० प्रतिशत आवेदकहरूको स्थायी बसोबास प्रस्तावित संस्थाको कार्य क्षेत्रभित्र हुनुपर्नेछ। यो अनुपात संस्थाले सधैं कायम राख्नुपर्नेछ।

(ङ) सहकारी संस्थाको प्रस्तावित विनियम,

(च) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(छ) सदस्यले लिन स्वीकार गरेको शेयर सङ्ख्या र शेयर रकमको विवरण।

यसरी प्राप्त दरखास्तसहितको कागजातहरू छानबिन गर्दा देहायबमोजिम भएको पाइएमा आर्थिक समितिमा पेश गरी सो समितिको सिफारिस र नपा बार्ड बैठकको निर्णयअनुसार दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी दर्ता प्रमाणपत्र दिनुपर्नेछ।

(क) दरखास्तसाथ पेश भएको विनियम यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्तअनुरूप सञ्चालन हुनसक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको।

तर प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले १५ दिनभित्र निवेदकलाई सूचना गर्नुपर्नेछ। यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका नगरपालिकाभित्र कार्य क्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐनबमोजिम दर्ता भएको मानिनेछ। एक स्थानीय तहभन्दा बढी कार्य क्षेत्र कायम भई यस भक्तपुर नगरपालिका क्षेत्रभित्र कार्य सञ्चालन गर्न चाहने संस्थाहरूले यस नगरपालिकाको स्वीकृति लिनुपर्ने र सञ्चालन भएका संस्थाहरूले वार्षिक प्रतिवेदन बुझाउनुपर्नेछ।

**कार्यक्षेत्र**

यस सहकारी ऐनले सहकारी दर्ता गर्दा यसको कार्यक्षेत्र सम्बन्धमा र पहिले दर्ता भई सञ्चालनमा रहेको सहकारीहरूको कार्यक्षेत्रको सम्बन्धमा व्यवस्था गरेको छ। जसअनुसार दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्य क्षेत्र देहायबमोजिम हुनेछ :

(क) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा जोडिएका तीन वडासम्म,

(ख) अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा पाँच वडासम्म,

(१) सदस्यहरूबीच स्वाबलम्बनको पारस्परिक अभ्यासको लागि आपसी साझा बन्धन (कमन बण्ड),

(२) संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक प्रजातान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान।

संस्थाले दर्ता भई व्यावसायिक सेवा प्रारम्भ गरेको दुई वर्षपछि भक्तपुर नगरपालिकाको स्वीकृति तथा देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्य क्षेत्र थप वडाहरूमा एवम् तोकिएबमोजिम जोडिएका नगरपालिकाहरूमा समेत विस्तार गर्न सक्नेछ ।

(क) संस्थाको व्यावसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य सञ्चालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरू अवलम्बन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा मापदण्डअनुसार भएको ।

संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन नभएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडामात्र कार्य क्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ । दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्य क्षेत्र पुनः निर्धारण गर्नुपर्नेछ । सहकारी संस्थाले नगरपालिकाको स्वीकृति मा जुनसुकै समय कार्य क्षेत्र घटाउन सक्नेछ ।

## संस्थाका उद्देश्य तथा कार्य

भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ को परिच्छेद ३ को दफा १५ र १६ ले सहकारी संस्थाको उद्देश्य तथा कार्यहरूको सम्बन्धमा उल्लेख गरेको छ । जसअनुसार यस कार्य क्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ । संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछ :

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्थाको व्यावसायिक प्रवर्द्धन तथा विकाससम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, स्थानीय तह वा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(ज) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## सदस्यता

भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ को परिच्छेद ५ ले संस्थाको सदस्यताको सम्बन्धमा व्यवस्था गरेको छ । जसअनुसार १६ वर्ष उमेर पूरा गरेका देहायबमोजिमका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछ :

(क) संस्थाको कार्य क्षेत्रभित्र बसोबास गरिरहेका,

(ख) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित शर्तहरू पालना गर्न मन्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(ङ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको,

(च) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको ।

(छ) सदस्यले शिक्षा शिविरमा बस्नुपर्दछ ।

नेपाल सरकार, प्रदेश सरकारका निकायहरू, स्थानीय सरकारका साथै संस्थाको कार्य क्षेत्रभित्रका विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्नेछैन । स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन बाधा पर्नेछैन ।

## साधारणसभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

यस ऐनको परिच्छेद ६ मा साधारणसभा, समिति तथा लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरेको छ । जसअनुसार सहकारी संस्थाको सर्वोच्च अङ्गको रूपमा साधारणसभा हुनेछ । सहकारी संस्थाका सबै सदस्यहरू साधारणसभाका सदस्य हुनेछन् । सहकारी संस्थाको साधारणसभा देहायबमोजिम हुनेछ :

(क) प्रारम्भिक साधारणसभा,

(ख) वार्षिक साधारणसभा,

(ग) विशेष साधारणसभा ।

**प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भएबमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

**वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक र लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति र लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण, विभाजन वा विघटनसम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिकलगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजुरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछ :

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(ग) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको उल्लंघन गरेमा,

(घ) दर्ता गर्ने अधिकारीले आदेश दिएमा ।

साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारणसभाको बैठक बोलाउनुपर्नेछ र साधारणसभाको बैठकमा उजुरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारीसमक्ष पेश गर्नुपर्नेछ । उल्लिखित अवधिभित्र समितिले साधारणसभा नबोलाएमा अर्थिक समितिको सिफारिसमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारणसभा बोलाउन सक्नेछ । सहकारी संस्थाको साधारणसभाको लागि गणपूरक सङ्ख्या तत्काल कायम रहेको सदस्य सङ्ख्याको ५१ प्रतिशत हुनेछ । तर पहिलोपटक डाकिएको साधारणसभामा गणपूरक सङ्ख्या नपुगेमा त्यसको ७ दिनभित्र दोस्रोपटक साधारणसभा बोलाउनुपर्ने र यसरी दोस्रोपटक बोलाइएको साधारणसभामा एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा साधारणसभाको गणपुरक सङ्ख्या पुगेको मानिनेछ । दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारणसभा गर्दा समान कार्यसूचीमा तोकिएबमोजिम सदस्य सङ्ख्याको आधारमा वडा–वडा वा अन्य पायकको स्थानमा सञ्चालक सदस्यहरूलाई पठाई साधारणसभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरू छनौट गरी त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

सहकारी संस्थामा साधारणसभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ । तर, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउनेछैन । उक्त बमोजिमको समितिमा उपलब्ध भएसम्म पदमा कम्तीमा एक महिला पदाधिकारी रहने गरी कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ । एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुनसक्ने छैन । कुनै संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा सहकारी बैङ्कबाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउनेछैन । तर वार्षिक दुई करोड रूपैयाँभन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रूपमा काम गर्न बाधा पर्नेछैन । वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ । यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनुपर्नेछ । समितिको कार्यावधि चार वर्षको हुनेछ ।

समितिले आफ्नो कार्यविधि समाप्त हुनुअघि अर्को समितिको निर्वाचन गराउनुपर्नेछ । समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले ६ महिनाभित्र समितिको निर्वाचन गराउन आर्थिक सम्पत्ति दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ । दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा

सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारीलाई जानकारी गराउनुपर्नेछ । समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधिसमेतलाई सहभागी गराई समितिको निर्वाचनसम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ । सो बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ । निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नुपर्नेछ । समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भएबमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिएबमोजिमको योग्यता पुगेका एकजना संयोजक र एकजना महिलासहित दुई जना सदस्यहरू रहने गरी साधारणसभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुनसक्ने छैन । लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने ⁄ गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने ⁄ गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोबार को निरीक्षण तथा मूल्याङ्कन गर्ने ⁄ गराउने,

(घ) समितिको काम कारबाहीको नियमित सुपरीवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारणसभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए ⁄ नभएको अनुगमन गर्ने,

(च) लेखासम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरीवेक्षणसम्बन्धी वार्षिक प्रतिवेदन साधारणसभासमक्ष पेश गर्ने,

(छ) आफूले पटक-पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारणसभा बोलाउन समितिसमक्ष सिफारिस गर्ने ।

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि ३ जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

लेखा सुपरीवेक्षण समितिको संयोजक र सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

## बचत तथा ऋण परिचालन

भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ को परिच्छेद ७ ले बचत तथा ऋण परिचालन सम्बन्धमा व्यवस्था गरेको छ । संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्थाबाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउनेछैन । तर यो ऐन प्रारम्भ हुनुअघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रूपमा दर्ता भई मुख्य कारोबारको रूपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्नेछ । दर्ता गर्ने अधिकारीले अन्यथा तोकिएकोमा बाहेक सेवा शुल्क र नवीकरण शुल्क सम्बन्धित संस्थाको नीति तथा कार्यविधिले तोकिएबमोजिम हुनेछ । बचत र ऋणको ब्याजदरबीचको अन्तर ६ प्रतिशतभन्दा बढी हुनेछैन । संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइनेछैन । संस्थाले कुनै पनि कम्पनीको शेयर खरिद गर्न सक्नेछैन । तर संस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनको लागि अचल सम्पत्ति खरीद तथा पूर्वाधार निर्माण एवम् संस्था र सदस्यहरूको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न बाधा पर्नेछैन । यो ऐन प्रारम्भ हुनुअघि कुनै संस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष अवधिभित्र हस्तान्तरण गरिसक्नु पर्नेछ । संस्थाले प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म वचत संकलन गर्न सक्नेछ । संस्थाले दर्ता गर्दाका बखतका सदस्यबाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्नेछैन ।

## संस्थाको कोष

भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ को परिच्छेद ९ ले संस्थाको कोषको सम्बन्धमा व्यवस्था गरेको छ । जसअनुसार संस्थाको कोषमा देहायबमोजिमको रकम

रहनेछ :

(क) शेयर बिक्रीबाट प्राप्त रकम,
(ख) बचतको रूपमा प्राप्त रकम,
(ग) ऋणको रूपमा प्राप्त रकम,
(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,
(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ–संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,
(च) व्यावसायिक कार्यबाट आर्जित रकम,
(छ) सदस्यता प्रवेश शुल्क,
(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

संस्थामा एक जगेडा कोष रहनेछ । जगेडा कोष अविभाज्य हुनेछ । जगेडा कोषमा देहायबमोजिमका रकम रहनेछन् :

(क) आर्थिक वर्षको खुद बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,
(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,
(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,
(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ । जगेडा कोषमा रकम छुट्याई बाँकी रहेको रकमको कम्तीमा २५ प्रतिशत रकम कोषमा वार्षिक रूपमा जम्मा गर्नुपर्नेछ । रकम सदस्यले गरेको वार्षिक कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनुपर्नेछ । संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि जगेडा कोषमा रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलब पाँच प्रतिशतले हुन आउने रकम संघीय कानुनमा व्यवस्था भएबमोजिमको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रूपमा जम्मा गर्नुपर्नेछ । उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी ज्येष्ठ नागरिक सुविधा, शिक्षा कोष, शेयर लाभांश, स्वास्थ्य बीमा कोषलगायत तोकिएबमोजिमका अन्य कोषहरू रहन सक्नेछन् । सहकारी ऐनमा भएको दोस्रो संशोधनअनुसार एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको १८ प्रतिशतभन्दा बढी हुनेछैन भन्ने व्यवस्था गरेको छ भने जगेडा कोषमा जम्मा भएको रकमबाट बचत तथा ऋण कारोबार गर्ने सहकारीको हकमा ५० प्रतिशतसम्म र अन्य सहकारीको हकमा ८० प्रतिशतसम्म सहकारी संस्थाहरूको संयुक्त लगानीमा स्थापना हुने उद्योग व्यवसायमा लगानी गर्नसकिने व्यवस्था दोस्रा संशोधनले गरेको छ ।

त्यस्तै जगेडा कोषको १० प्रतिशत बराबर रकम भक्तपुर नगरपालिकामा सुरक्षण कोषको रूपमा जम्मा गर्नुपर्ने व्यवस्था दोस्रो संशोधनले गरेको छ । नगरभित्रका सहकारीहरूमध्ये कुनै सहकारी कुनै कारणले टाटपल्टेमा वा केही कारणले सहकारीले बचतकर्ताहरूलाई बचत फिर्ता गर्न नसकेको अवस्थामा वा सञ्चालकहरूबीच विवाद आई सहकारी सञ्चालन गर्न नसक्ने अवस्था आई नगरपालिकाले चलाउनुपर्ने अवस्था आईपरेमा नगरपालिका सक्षम होस् भन्ने हेतुले यो प्रावधानको व्यवस्था गरेको हो । जसरी केन्द्रीय बैङ्कले देशभरिका बैङ्कहरूको केही प्रतिशत रकम सुरक्षणको रूपमा लिई बैङ्कहरूमाथि नियमन र नियन्त्रण गर्नुका साथै आवश्यक परेको अवस्थामा बैङ्कको व्यवस्थापन समिति नै आफैले नियन्त्रण गरी बैङ्कलाई व्यवस्थित र दुरुस्त बनाउने गरिन्छ, त्यसरी भक्तपुर नगरपालिकाले पनि आवश्यक परेको अवस्थामा सहकारीहरूको आर्थिक अवस्था कुनै कारणले बिग्रन गएमा नगरपालिकाले नियन्त्रणमा लिई व्यवस्थित पार्नको लागि यस्तो व्यवस्था गरिएको हो ।

### ऋण असुली तथा बाँकी बक्यौता

यस ऐनको परिच्छेद १३ ले ऋण असुली तथा बाँकी बक्यौता सम्बन्धमा व्यवस्था गरेको छ । कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको साँवा, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असुलउपर गर्न सक्नेछ । कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ । ऋणीले थप धितो नराखेमा धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असुलउपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असुलउपर गर्न सकिनेछ । यस दफाबमोजिम साँवा, ब्याज र हर्जाना असुलउपर गर्दा लागेको खर्चको रकम तथा असुलउपर भएको साँवा, ब्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनुपर्नेछ । कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानुनबमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनुपर्नेछ । धितो राखेको

सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्न सक्नेछ। आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोहीबमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनुपर्नेछ। संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधिभित्र ऋणको साँवा ब्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशीसहित कालोसूची प्रकाशनसम्बन्धी व्यवस्था कानुनबमोजिम हुनेछ। कसैले संस्थालाई तिर्नु, बुझाउनुपर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याजसमेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असुलउपर गरिदिन सक्नेछ। संस्था वा दर्ता गर्ने अधिकारीले कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ। रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानुनबमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी दिनुपर्नेछ। कुनै व्यक्तिले संस्थालाई तिर्नुपर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ। संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्थाउपर चलाएको कुनै कारबाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्थाउपर यस ऐन तथा प्रचलित कानुनबमोजिमको कुनै कसुरमा कारबाही चलाउन रोक लगाएको मानिनेछैन।

## एकीकरण, विघटन तथा दर्ता खारेज

यस ऐनको परिच्छेद १३ ले संस्थाको एकीकरण, विघटन तथा दर्ता खारेजी सम्बन्धमा व्यवस्था गरेको छ। यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ। एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य सङ्ख्याको बहुमतबाट निर्णय हुनुपर्नेछ। एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनुपर्नेछ। कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारणसभाको तत्काल कायम रहेका दुईतिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिनसक्नेछ :

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा।

प्राप्त निवेदनमा छानबिन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ। तर दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ :

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्क्रिय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्यविपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्तविपरीत कार्य गरेमा।

दर्ता खारेज गर्नुअघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि १५ दिनको समय दिनुपर्नेछ। संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ। संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ।

## समस्याग्रस्त संस्थाको व्यवस्थापन

यस ऐनको परिच्छेद १७ ले समस्याग्रस्त संस्थाको व्यवस्थापन सम्बन्धमा व्यवस्था गरेको छ। यस ऐनबमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रूपमा घोषणा गर्न सक्नेछः

(क) सदस्यको हितविपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्तबमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम तथा विनियमविपरीत हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाइ भोगिरहेको,

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नुपर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा दश प्रतिशत वा दश जनामध्ये जुन बढी हुन्छ सो बराबरका सदस्यहरूले दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिएकोमा छानबिन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको।

तापनि प्रचलित कानुनबमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी सङ्ख्या, औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ। समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्यका लागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले कार्यपालिकासमक्ष सिफारिस गर्नेछ। सिफारिस भई आएमा कार्यपालिकाले तोकिएबमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्नेछ।

**कसुर, दण्ड जरिवाना तथा पुनरावेदन**

यस ऐनको परिच्छेद १८ ले कसुर, दण्ड तथा पुनराबेदन सम्बन्धमा व्यवस्था गरेको छ। कसैले देहायको कुनै कार्य गरेमा यस ऐनअन्तर्गत कसुर गरेको मानिनेछ :

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रूपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस ऐन र यस ऐनअन्तर्गत बनेको नियम, विनियमबमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफूखुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(छ) झुटा वा गलत विवरण पेश गरी ऋण लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) संस्थाले यस ऐन र यस ऐनअन्तर्गत बनेका नियम, विनियमविपरीत लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रूपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुटा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रूपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा संस्थालाई एकपटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानी/नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानी नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुटा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरेमा वा गराएमा,

(ण) ऋणको धितोस्वरूप राखिने चल-अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेमा वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानुनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै कार्य गरेमा वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा तीमध्य कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुटो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा।

कसैले दफा (क) (ख) (ग) (ठ) (ड) र (थ) को कसुर गरेको देखिएमा दर्ता गर्ने अधिकारीले कसुर गर्ने पदाधिकारी वा व्यक्ति र निजको एकापरिवारको नामको चल अचल सम्पत्ति रोक्काका लागि सम्बन्धित मालपोत, बैङ्कलगायतमा लेखी पठाउनेछ र सङ्घीय कानुनअनुसार सजायसमेतका

लागि लेखी पठाउने सकिनेछ। कसैले (क) (ख) (ग) (ठ) (ड) र (थ) बाहेकका अन्य कसुर गरेको देखिएमा दर्ता गर्ने अधिकारीले कसुर गर्ने पदाधिकारी वा व्यक्ति र निजको एकापरिवारको नामको चल अचल सम्पत्ति रोक्काका लागि सम्बन्धित मालपोत, बैङ्कलगायतमा लेखी पठाउनेछ र संघीय कानुनअनुसार सजायसमेतका लागि दफा ८२ बमोजिम लेखी पठाउन सकिनेछ। कसुर गर्ने पदाधिकारी वा व्यक्ति र निजको एकापरिवारको नाममा नगरपालिकाबाट दिइने सेवा सुविधा र सिफारिस रोक्का गरी कालो सूचीमा समेत राखिनेछ। कसुर गर्न उद्योग गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ। कसुर गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पुऱ्याउने कुनै निकाय वा संस्था भए त्यस्तो निकाय वा संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐनबमोजिम हुने सजाय हुनेछ।

कसैको उजुरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब-किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई देहाएबमोजिम पाँच लाख रूपैयाँसम्म जरिवाना गर्नेछ :

(क) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमविपरीत सदस्यसँग ब्याज लिएमा रु. १० हजार देखि ५० हजारसम्म,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदरबीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा रु. १० हजारदेखि ५० हजारसम्म,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा रु. ५० हजारदेखि १ लाखसम्म,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजी कोषको तोकिएबमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा एक लाखदेखि एक लाख पचास हजारसम्म,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्यबाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा एक लाखदेखि दुइ लाखसम्म,

(च) प्राथमिक पूँजी कोषको १५ गुणाभन्दा बढी हुने गरी बचत सङ्कलन गरेमा १ लाखदेखि २ लाखसम्म,

(छ) शेयर पूँजीको १८ प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा २ लाखदेखि ३ लाखसम्म,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैरसदस्यसँग कारोबार गरेमा तीन लाखदेखि ४ लाखसम्म,

(झ) संस्थाले यो ऐनविपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा ४ लाखदेखि ५ लाखसम्म।

लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई देहायबमोजिम ३ लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ–

(क) नगरपालिका र दर्ता गर्ने अधिकारीको निर्देशन पालना नगरेमा पहिलोपटक रु. ५० हजार सो पछि पटकैपिच्छे दोब्बर,

(ख) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा ५० हजारदेखि एक लाखसम्म,

(ग) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा ५० हजारदेखि एक लाखसम्म,

(घ) यस ऐनबमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरू आफूखुसी परिवर्तन गरेमा १ लाखदेखि १ लाख पचास हजारसम्म,

(ङ) कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमका सस्थाहरूले सो दफाबमोजिम नगरेमा १ लाखदेखि १ लाख पचास हजारसम्म,

(च) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमविपरीत अन्य कार्य गरेमा १ लाख ५० हजार देखि ३ लाखसम्म।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नुअघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाइ पेश गर्न कम्तीमा १५ दिनको समयावधि दिनु पर्नेछ।

दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ७९ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पत्ति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ। सिफारिस प्राप्त भएमा सम्बन्धित निकायले त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता रोक्का राखी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनुपर्नेछ। जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसुर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ।

यसरी भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ ले निश्चयनै नगरभित्रका सहकारीहरू व्यवस्थित गरी देशमा नै सहकारीको क्षेत्रमा एक नमुना नगरको रूपमा प्रस्तुत गर्न सक्षम हुने आशा गर्न सकिन्छ।

# सम्पदा संरक्षण गर्न भक्तपुर नगरपालिकासँग सिकौं



राममणि भट्टराई

भक्तपुर सहरको स्थापना किरातकालमा नै भएको अनुमान छ । भक्तपुर यक्ष मल्लको पालाभन्दा अघिदेखि नै तात्कालीन काठमाडौं उपत्यका र सो आसपासको क्षेत्रको राजधानी र स्थापित सहर हो । यसको लिच्छवि र मल्लकालमा सांस्कृतिक वैभवको विकास भयो । तिब्बत र भारतको पाटलीपुत्रलगायतका राज्यहरूसँगको व्यापारिक सम्बन्धबाट प्राप्त आर्थिक स्रोतले यस भक्तपुरलगायत काठमाडौं उपत्यकाका जनताको जीवनस्तर माथि उठ्यो । त्यसका साथै भारत र चीनतर्फका जनतासँगको सम्पर्क भ्रमणबाट सांस्कृतिक आदानप्रदानबाट आर्थिक अवस्थाको साथै मूर्त तथा अमूर्त सम्पदा विकासमा त्यो समृद्धि प्रयोग भयो । मठ, मन्दिर, देवालय, शिवालय, धर्मशाला, पाटी-पौवा, ढुङ्गेधारा, पाटी, इनार, कुवा, स्नानघाट, दरबार, मूर्तिहरू आदिको स्वतन्त्र र मौलिक शैली तथा नाचगान, हस्तकला, मूर्तिकला, काष्ठकला, पौभाचित्र, थाङ्का, साहित्य (नाटक, कथा, कविता, आख्यान, कथात्मक वर्णन, विभिन्न लेखोट, धार्मिक तथा सांस्कृतिक रचनाहरू) आदिको माध्यमबाट नेवारी तथा नेपाली अमूर्त सम्पदालाई उच्चस्तरमा पुऱ्याएको देखिन्छ । भक्तपुरको साँफूकोठा (पुस्तकालय) भक्तपुर दरबार क्षेत्रमा नै रहेको भग्नावशेष (वि.सं. १८२६ मा गोरखाका राजा पृथ्वीनारायण शाहको आक्रमणबाट ध्वस्त भएको भनिएको) ढोकाको भव्यताबाट नै त्यस पुस्तकालयको भव्यताको अनुमान लगाउन सकिन्छ । उक्त साँफुकोठा जलेर नष्ट हुन ९ दिन लागेको थियो भन्ने भनाइले त्यसको भव्यता अनुमान लगाउन सकिन्छ । नाटक सिर्जनामात्र होइन डबलीहरूमा मञ्चनसमेत गर्ने परम्परा थियो । मेला पर्वमा सांस्कृतिक नाचगान गर्ने, नाटक देखाउने तथा भजन कीर्तन गर्ने समेत गरिन्थ्यो । स्थानीय नेवारी भाषाको अतिरिक्त मैथिली भाषाका नाटकहरू मञ्चन गर्ने परम्परा रहेको थियो । पोशाक तथा परिधानहरूमा स्थानीय परम्परागत लुगाहरूका अतिरिक्त दक्षिणी प्रभावले मिथिला प्रदेश तथा अन्य क्षेत्रका परिधान तथा भेषभुषा पनि सौखिन धनीमानी तथा राजपरिवार तथा भारदारहरूले लगाउने गर्थ्यो । यस्तै कतिपय लवाइमा तिब्बती सभ्यताको प्रभाव पनि परेको पाइन्थ्यो । मन्दिर तथा भवन निर्माणमा प्यागोडा शैली र शिखर शैलीमा चिनियाँ तथा दक्षिण भारतीय शैलीको प्रभाव भेटिन्छ ।

यी धरोहरहरूको निर्माणमा तिब्बतसँग व्यापार र दक्षिणतर्फ हालको भवनका विभिन्न राज्यसँगको व्यापारबाट प्राप्त मुनाफा नै मुख्य चमक मान्न सकिन्छ । यसरी तात्कालीन माध्यम व्यापारबाट प्राप्त समृद्धिले भक्तपुरलगायत काठमाडौं उपत्यकाको आर्थिक समृद्धिको साथै सांस्कृतिक समृद्धिले समकालीन अरु सहरहरूलाई निकै नै उछिनेको थियो । भक्तपुरलाई 'कलाको राजधानी' 'नाचगानको सहर' आदि नामले समेत चिनिन थाल्यो । हाल भक्तपुरका सम्पदा अवलोकन गर्न वार्षिक करिब २ लाख ५० हजार विदेशी पर्यटक आउने गरेका छन् र सो क्रम अझ बढ्दो छ । यसरी भक्तपुर क्षेत्रका सांस्कृतिक वैभव (मूर्त तथा अमूर्त सम्पदा) को विकासमा विगत र दशकभन्दा बढी समयदेखि नै भक्तपुर नगरपालिका लागिपरेकाले सम्पदा संरक्षणमा नेपालमा नै अगुवा रहेको देखिन्छ । भक्तपुर नगरपालिकाले सम्पदा संरक्षण खासगरी प्राचीन मठ, मन्दिरलगायतका मूर्त सम्पदाको संरक्षणमा आवश्यक हुने ठूलो लगानी जुटाउन स्थानीय गरिब जनतासँग कर लिएर सम्भव नहुने र 'पूर्वको रोम' को रूपमा समेत चिनिएको भक्तपुरको सम्पदालाई जोगाउनैपर्ने भएकोले विदेशी पर्यटकहरूबाट प्रत्येक पर्यटकबाट १ अमेरिकी डलरको हिसाबले २०५० साल साउन १ गतेबाट पर्यटन सेवा शुल्क लिन थालियो । यसरी उठाइएको स्रोतको उपयोग गरेर नगरपालिकाले युनेस्कोबाट विश्व सम्पदाको रूपमा घोषित क्षेत्रहरू खासगरी भक्तपुर दरबार परिसर र दत्तात्रय मन्दिर परिसरका सम्पदाहरूबाट सुरुआत गरी हाल सम्पूर्ण नगरपालिका क्षेत्रका प्राचीन सम्पदाहरूको संरक्षण गरेको छ । यसरी सेवा शुल्कको रूपमा संरक्षित र जीर्णोद्धार गरिएका सम्पदाहरू सयौंको सङ्ख्यामा भए पनि अझ धेरै सम्पदाहरू जीर्णोद्धारको पर्खाइमा रहेका छन् । भक्तपुर नगरपालिका क्षेत्रमा कैयौं सम्पदाहरू धेरै लामो अवधि बेवारिस अवस्थामा रहेकोले मूर्तिचोरको राष्ट्रिय/अन्तर्राष्ट्रिय गिरोहको चोरीको शिकार भए तर

पनि ती मूर्ति रहेका मठ–मन्दिरहरूको कलात्मकतामात्रै पनि अमूल्य भएकाले संरक्षण कार्यको सान्दर्भिकता ती सम्पदाहरूको हकमा समेत कम भएको छैन। भक्तपुरको पुरानो सहरी क्षेत्रको पूरै भागको वास्तुकलाको प्राचीनता जोगाउन सकेमा विश्व समुदायको ध्यान आकृष्ट हुने अवस्था छ। यसको लागि नगरपालिकाले अझै आफ्ना प्रयास बढाई लगानी बढाउनुपर्ने आवश्यकता छ। यहाँका कतिपय पोखरीहरू सन्तोषजक भए पनि अझै कतिपयको अवस्था सुधार्न अति आवश्यक छ। ढुंगेधाराहरूको प्राचीन रूप कायम भए पनि कृत्रिम रूपमै भए पनि पानी आउने व्यवस्था गरी सफा सुग्घर गर्न सकेमा स्थानीय समुदायले उपयोग गर्नुका अतिरिक्त पर्यटकहरू पनि आकर्षित गर्न सकिने थियो।

सम्पदा संरक्षणको साथै भक्तपुर करिब २ दशक अघिदेखिको स्थानीय जनप्रतिनिधिको अथक परिश्रम र जर्मन विकास परियोजनाको प्रयासमा हालको सफा सहरको रूपमा आएको हो। यस कार्यले पर्यटकलाई भक्तपुरमा आकर्षित गर्न अवस्य सहयोग पुगेको छ। पर्यटकबाट सेवा शुल्क लिन थालेपछि पर्यटकहरूलाई थप सेवा सुविधा विस्तारका साथै सम्पदाहरूको जीर्णोद्धारको कार्य अझ फराकिलो भएको छ। प्राचीन मठ, मन्दिर, पाटीहरूको पुनःनिर्माण तथा मर्मत सम्भारमा स्थानीय बासिन्दाको नगद तथा श्रमदानको माध्यमबाट सहयोग जुट्ने अनुपम उदाहरण छ। यसरी सहयोग जुटेको विषयमा सम्पदा संरक्षणमा क्रियाशील उपभोक्ता समूहले विभिन्न माध्यमबाट प्राप्त सहयोगको बारेमा सर्वसाधारणलाई जानकारी गराउने वा पारदर्शिताको व्यवहारबाट सहयोगदाताको स्रोतको सही उपयोग भएको विश्वस्त गराइएको पनि पाइन्छ। यसबाट सहयोगी समुदाय झन् उत्साहित हुने अवस्था छ। कुनै सम्पदाको संरक्षणमा स्थानीय जनसमुदायबाट पालैपालो श्रमदान गरी नगद आर्थिक सहयोग गर्न नसक्ने र नचाहनेले पनि श्रमको माध्यमबाट सम्पदा संरक्षणमा आफ्नो सहभागिता गराएको अवस्था छ। यस्ता श्रमदानको समन्वय सम्पदा संरक्षणसँग सम्बन्धित स्थानीय उपभोक्ता समितिले गर्ने चलन छ। कतिपय सम्पदाको निर्माण या स्थापना विगतमा आफ्ना पिता–पुर्खाले स्थापना गरेकाले त्यस्ता सम्पदाहरू उनकै हकवालाहरूले आफ्नै निजी खर्चमा संरक्षण र पुनःनिर्माण गरेको अवस्था पनि छ। कतिपयमा भने सम्बन्धित हकवालाले आफूले पनि राम्ररी संरक्षण नगर्ने र अरुलाई गर्न नदिएको अवस्था छ। यस्ता समस्या स्थानीय नगरपालिका, स्थानीय समुदायको पहलमा समस्या समाधानमा प्रयास भएको देखिन्छ।

समग्रमा भक्तपुर सम्पदा संरक्षणको अवस्था काठमाडौं उपत्यकाका मात्रै होइन नेपालमै अन्य स्थानीय तहको तुलनामा धेरै कामहरू भएका छन्। सम्पदा संरक्षणलाई नगरपालिकाले छुट्टै शाखाको गठन गरी सोही शाखामार्फत गर्ने गरेको छ। मूर्त सम्पदा संरक्षणमा कार्यरत यो शाखालाई अमूर्त सम्पदा संरक्षणसमेत गर्ने गरी दायित्व दिने र सोको लागि आवश्यक योग्यताको दरबन्दी, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने या अमूर्त सम्पदा हेर्ने छुट्टै शाखा स्थापनामध्ये एक गरिनु आवश्यक छ। यसबाट सम्पदा संरक्षणका क्षेत्रमा योजनाबद्ध प्रयासमा सघाउ पुग्छ। हालसम्म सम्पदा संरक्षण कार्य सम्पदाको संरक्षणको आवश्यकताको आधारमा वार्षिक योजना बनाई गरी आएकोमा दीर्घकालीन योजना तर्जुमा गर्न यसले सघाउ पुग्दछ। सम्पदा संरक्षणलाई नपाले प्राथमिक दायित्वको रूपमा अँगालेको यस नगरपालिकाले उल्लिखित कार्य गर्नुपर्ने देखिन्छ। नगरपालिकाले नगरका सम्पदाको नियमित मर्मत सम्भारका अतिरिक्त सरसफाइ, रंगरोगन, छानामा रहेका झारपात हटाउने, झल्लरहरू फेर्ने तथा अन्य आवश्यक कामलाई प्राथमिक दायित्वभित्र राखेको छ। यसले गर्दा नेपालका अन्य नगरपालिकाको तुलनामा भक्तपुर नगरपालिकाको सम्पदा संरक्षणमा ठूलो लगानी भएको छ। खालि आर्थिक लगानीमात्र होइन सम्पदा संरक्षणसम्बन्धी विश्वव्यापी मान्यताबमोजिम प्राचीनता र मौलिकताको संरक्षण, गुणस्तरीस्य निर्माण र प्राचीन सामग्रीलाई नै सकेसम्म प्रयोग जस्ता विषयमा नगरपालिकाले एउटा मानक (Standard) कायम गरेको छ। सम्पदा संरक्षण कार्यलाई सम्भव भएसम्म स्थानीय उपभोक्ता समितिमार्फत् कार्यान्वयन गर्ने, सकेसम्म ठेक्कामा नदिने, बरु अमानतमा काम गराउने कुराले कामको गुणस्तर, स्थानीय जनतालाई स्वामित्वबोध गराउने र पारदर्शिता स्थापना गर्ने प्रयास झल्किन्छ।

कतिपय सम्पदाको भग्नावशेषको रूपमा जगमात्र फेला परेमा त्यससँग सम्बन्धित सम्पदाको चित्र पत्ता लगाउने, नक्सा खोज्न या पुराना ऐतिहासिक सामग्रीको विज्ञबाट अध्ययन या स्थानीयवासीले बुढापाकाले श्रुति परम्परा (भन्दै र सुन्दै आएको आधार) मा पनि सकेसम्म नक्सा बनाई संरक्षण गर्ने अनुपम उदाहरण देखिन्छ। कतिपय चोरिएका सम्पदाको चित्र, फोटो या अन्य यस्तै प्रमाणको आधारमा त्यसको प्रतिकृति तयारी गरी सम्पदा संरक्षणसम्बन्धी काम गरेको अवस्था पनि छ। त्यसकारण सम्पदा संरक्षणलाई आफ्नो प्राथमिक दायित्व ठानेकोले संरक्षण गर्ने प्रयास गरिएको छ।

सम्पदा संरक्षणको मात्र कुरा गरेर सम्पदाको अवलोकन मार्फत् आर्थिक आर्जन गर्नेतिर ध्यान नदिएको भए भक्तपुर नगरपालिका सम्पदा संरक्षणमा यति सफल हुँदैनथ्यो। तर सम्पदा अवलोकन गर्न आउने पर्यटकबाट आर्थिक उपार्जन

समेत गर्ने र सोको अन्य सम्पदा संरक्षण, सरसफाइ र शिक्षा तथा स्वास्थ्य क्षेत्रमा लगानी गरेकाले अहिले सम्पदा पनि तुलनात्मक रूपमा बढी संरक्षित छन् र त्यसबाट प्राप्त आयबाट ६ वटा कलेज र २ वटा स्वास्थ्य संस्था सञ्चालित छ, जम्मा ६ लाख सरसफाइबाट वार्षिक आय र ६ करोड सरसफाइ खर्च गरी Cleanest City of Nepal को नाम पनि राख्न सफल भएको छ। सम्पदा संरक्षण र आयआर्जनलाई सँगै नजोडेको भए उल्लिखित विषयगत उपलब्धी सम्भव थिएन।

## समस्या

भक्तपुर नगरपालिकाले गरेका उल्लिखित उपलब्धीका बाबजुद निम्न समस्याहरू पनि छन्:–

१) फोहोरमैला व्यवस्थापनको स्थायी र दीगो समाधान एउटा ठूलो समस्या हो। हाल खाल्डाखुल्डी र नदी किनारामा गाड्ने समाधानले अर्को डुबानको समस्या परोक्ष रूपमा ल्याएको नै छ। त्यसको समाधानतर्फ पर्याप्त ध्यान जानुपर्ने देखिन्छ।

२) भक्तपुरको अति व्यस्त सडकमा इँटाको सट्टा ढुंगा बिछ्याएर मौलिकता देखाउन केही वर्षदेखि व्यापक बनेको प्रयास गुणस्तरीय ढुंगाको अभाव छ। यस्तै प्राचीन सम्पदाको कतिपय तेलिया इँटा (दाची अप्पा) सम्पदा क्षेत्रमा प्रयोग हुने भएकाले त्यस्तो इँटा र कलात्मक बुट्टाका इँटा पाउन कठिन भए पनि अति नै महँगो मूल्यमा पाइने अवस्था अर्को समस्या हो। यस्तै मल्लकालीन शैलीका झिंगटीहरू अहिले प्रचलनबाट बाहिर रहेकाले पुराना भवन भत्काएको मौकामा त्यस्ता झिंगटीहरू खरिद गरेर काम चलाएको अवस्था पनि छ। यो दीगो समाधान होइन। यस्तै सम्पदा संरक्षणमा पुराना किसिमका ज्याबल, अनुभवी कालिगड, ज्यामी र सम्पदा संरक्षणमा अभ्यस्त इन्जिनियरको पनि अभाव छ।

३) लुप्त भएका प्राचीन सम्पदाको चित्र तथा देखिजान्ने स्थानीय सुनीजान्ने व्यक्तिको आधारमा कतिपय सम्पदा संरक्षणको कार्य गर्नुपर्दा निकै कठिनाई व्यहोर्नुपर्छ। चोरिएका मूर्ति तथा अन्य सम्पदाको बाहिरी मन्दिर मात्रै बनाउने अवस्था पनि छ। सम्पदा संरक्षणको निम्ति कतिपय सम्पदा व्यक्तिगत स्वामित्वको भएको कारणबाट समेत बाधा पुगेको छ। अंशबन्डा या स्वामित्व विवाद बन्दा संरक्षण प्रभावित हुने गरेको छ।

४) हामीहरूको पूजापाठ गर्ने शैली पनि सम्पदा संरक्षण अनुकूल छैन। किनभने भक्तजनहरूको मूर्तिमा फूल, पानी, जमरा चडाउने, बत्ति बालेर मूर्तिमा या छेउमा राख्ने गर्नाले ढुंगाको मूर्ति विस्तारै चर्कने, फुट्ने तथा मूर्ति विस्तारै नष्ट भई ढुंगामा परिणत हुने अवस्था छ। यसलाई मूर्ति पूजक भक्तजनलाई सम्झाई बुझाई परिवर्तन गर्नुपर्छ। नत्र सम्पदा नष्ट हुन सक्छ। नेपालमा नै कतिपय र भारत तथा श्रीलंकामा मन्दिरमा पूजा गर्दा सोझै मूर्तिमा पूजा गर्नुको सट्टा मूर्ति समेतको संरक्षण भएको अवस्था छ। त्यस विषयमा जनचेतना बढाई त्यस पद्धतिलाई अँगाल्नुपर्ने देखिन्छ। गणेशको मूर्तिमा लड्डु कोच्याएको, मूर्तिमै कपासको बत्ती बालेको आदि दृश्यले संरक्षणको चेतना भएका व्यक्तिलाई अवस्य पच्दैन होला।

५) सम्पदा संरक्षणको अर्को पाटो सम्पदाको स्वामित्वको अवस्था : व्यक्तिगत स्वामित्वमा रहेका कतिपय सम्पदा विश्व सम्पदामा सूचीकरण गर्न लायक र उच्चत्तम कलात्मक छन्। तर ती सम्पदा धनीको आर्थिक कठिनाई, अनिच्छा या स्वामित्व विवादको आदि कारणले त्यी सम्पदाको संरक्षण हुन कठिन भएको अवस्था छ। त्यस्ता सम्पदा संरक्षण गर्न सम्पदा धनीलाई प्रेरित गर्ने, आर्थिक तथा प्राविधिक सहयोग गर्ने, त्यस्ता वस्तु नष्ट गर्न निरुत्साहित गर्ने या नगरपालिकाले त्यस्ता सम्पदा खरिद गर्ने जस्ता विकल्पहरू मध्ये कुनै विकल्प प्रयोग गरी संरक्षण गर्न आवश्यक छ।

६) नगरपालिकाले सम्पदा क्षेत्रका भवन निर्माणमा मोहोडा तिरको इँटा, टायल र काठको खर्चको ३५ प्रतिशत अनुदान दिने व्यवस्थाको प्रभावकारिता विगत लामो समयदेखि नै सो व्यवस्था भए पनि भवन निर्माणमा त्यस्तो माग गर्न नआउनु झञ्झट या अन्य कुन कारणले हो त्यति आकर्षित भएको–नभएकोले अध्ययन नै गरेर त्यस्तो प्रावधानतर्फ आर्कषित गर्न थप प्रयास गर्ने र अनुदानको प्रतिशत थपेर या अन्य कुनै आकर्षण देखाएर थप आर्कषक बनाउनु पर्ने देखिन्छ। नत्र यो प्रावधानकै प्रभावकारिता कमजोर भएको जस्तो देखिन्छ।

## नगरपालिकाबाट गर्नुपर्ने कार्यहरू

१) नगरपालिकाबाट सञ्चालित उच्च शिक्षालय (क्याम्पस) मा सम्पदा संरक्षण तथा निर्माणसम्बन्धी अध्ययनको व्यवस्था हुनु आवश्यक छ। स्नातक र स्नातकोत्तरसमेतमा यस्तो अध्ययन भएमा र संरक्षणसम्बन्धी विज्ञान नेपालमा नयाँ भएकोले यसले कलेज र राष्ट्र दुवैलाई फाइदा पुग्छ।

२) मूर्त सम्पदातर्फ नगरपालिकाबाट निश्चित शाखाले सोसम्बन्धी कार्य गर्ने गरी कार्य विवरणमा स्पष्ट व्यवस्था हुनुपर्छ।

३) कतिपय मेला, पर्व, जात्रा आदि आर्थिक अभावबाट लोप

हुने अवस्थामा पुग्न लागेको गुनासाको सम्बन्धमा तथ्य अध्ययन गरी सो सम्बन्धमा पहल गर्ने गरी समाधान गरिनुपर्छ ।

४) सम्पदा संरक्षण सम्बन्धमा दीर्घकालीन नीति तथा योजना निर्माण हुनुपर्ने र त्यसमा सामयिक र आवधिक संशोधन तथा परिमार्जन गरी अध्यावधि बनाउने व्यवस्था हुनुपर्छ ।

५) हालसम्म सम्पन्न संरक्षणका कार्यको पुनरावलोकन तथा समीक्षा गरी नयाँ नीति तथा योजना निर्माण गर्नुपर्ने ।

६) सम्पदा चोरीको घटना हुन नदिन बिजुली बत्ती तथा अन्य सुरक्षात्मक व्यवस्था हुनु आवश्यक छ ।

७) हनुमन्ते, खस्याङखुसुङ खोला आदिको सतह बढ्ने, साना खोलाबाट सम्पदामा बर्सेनी हुने गरेका (माटो थुपारी उचाइ बढ्ने) कटान, डुबान तथा अन्य प्रकोपको अस्थायी र स्थायी समाधान खोज्नुपर्ने देखिन्छ ।

८) स्वामित्व विवादको कारणबाट सम्पदा संरक्षणमा प्रभाव परेकोमा नपाको पहलमा विवाद समाधान गर्नु आवश्यक छ ।

९) कतिपय व्यक्तिले सम्पदा आफूले पनि संरक्षण नगर्ने र अरुलाई पनि गर्न नदिने परिस्थितिको अन्त्यको निम्ति पहल हुनुपर्छ ।

१०) सम्पदा मार्ग सकेसम्म सबै सम्पदाहरू एउटै हिंडाइमा जान सकिने गरी 'सम्पदादेखि सम्पदासम्म' नामको या कुनै उपयुक्त नामको आकर्षण पैदल मार्ग बनाई सम्पदा क्षेत्रको भ्रमण गर्ने व्यवस्था मिलाइनु उपयुक्त हुन्छ ।

११) नगरको फोहोर व्यवस्थापनमा नदी किनारासमेत प्रयोग हुँदा अन्य कारणले खोला साँघुरिई सम्पदा क्षेत्रमा यसको प्रत्यक्ष असर परेकोले यसको वैकल्पिक व्यवस्था हुनुपर्ने ।

१२) प्राचीन सम्पदाहरू जोगी, भिखमंगा, लागुपदार्थका अम्मली, प्रेमी–प्रेमिका, छाडापशु तथा भक्तजनसमेतबाट सही प्रयोग नगर्दा सम्पदाको गुणस्तर सुरक्षामा समेत असर परेकोले व्यवस्थापन गर्नुपर्ने । सुकुम्बासी तथा अव्यवस्थित बसोबासको भारसमेत सम्पदाले व्यहोर्नुपरेकोले सो समस्या समाधान गरिनुपर्ने ।

१३) सांस्कृतिक तथा अन्य चाडपर्वका भोजभतेर, पूजाआजा पछि सरसफाइमा पर्याप्त ध्यान नपुग्दा सम्पदाहरू फोहोरमा डुबेको अवस्थाबाट मुक्त गरिनुपर्छ ।

१४) फोहोर व्यवस्थापनको अतिरिक्त सम्पदा क्षेत्रलाई हरियाली व्यवस्थापन गर्ने विषयमा ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

१५) व्यक्तिगत घर भवन या यस्तै अरु कुनै वस्तु प्राचीन मूर्तिकला तथा वास्तुकलाका हिसाबले अत्यन्तै महत्त्वपूर्ण छ । तर सम्बन्धित घर या सम्पदाको मालिकले सो संरक्षण गर्न सकेन या चाहेन वा अझ भनौं नष्ट नै गर्न खोजेमा नगरपालिका आफैं या अन्य सरकारी/अन्तर्राष्ट्रिय सम्पदा संरक्षणसम्बन्धी निकायसँग मिलेर संरक्षण या स्वामित्व खरिद या अन्य उपायबाट सम्पदा जोगाउने व्यवस्था हुनुपर्छ ।

१६) सम्पदा सम्बन्धी नगरपालिकासँग संरक्षणविज्ञ, इतिहास तथा संस्कृतिविद्‌को दरबन्दी नभएकाले त्यस्ता व्यक्तिसँग संरक्षणको क्षेत्रमा सहयोग लिने व्यवस्था हुनुपर्ने ।

१७) सम्पदा क्षेत्रमा बनाइने भवनको मोहदाको निर्माणमा दिइने ३५ प्रतिशत अनुदानबाट त्यति प्रोत्साहित नभएको देखिन्छ ।

१८) नगरपालिबाट भक्तपुर नगर क्षेत्रका सम्पदाहरूको सम्बन्धमा पाठ्यक्रम निर्माण गरी सम्पदा, जनजीवन, चालचलन, जातीय बनावट, पेशा, धर्म, संस्कृति तथ मूर्त तथा अमूर्त कला, संस्कृतिको समेत विषय राखी पर्यटक पथ प्रदर्शक तालिम (कम्तिमा १ महिने) दिइनु आवश्यक छ ।

१९) भक्तपुर नगरका सम्बन्धमा अध्यावधिक गरी नगरको नक्सा र सम्पदा सम्बन्धी ब्रोसर बढी पर्यटक आउने घटीमा १० भाषामा बनाई निःशुल्क वितरणको व्यवस्था गरिनु उपयुक्त हुन्छ ।

२०) भक्तपुरको नदी किनाराहरू बढी सम्पदा भएको स्थल भएकाले विभिन्न माटो थुप्रिई पुरिने र नदी किनाराका सम्पदामा क्षति पुऱ्याउने अवस्था भएकाले ती घाटहरूको नियमित सरसफाइ र नदीको उकास नियन्त्रणको स्थायी व्यवस्था हुनु आवश्यक छ ।

२१) पर्यटनमा आएका यात्रीले स्वच्छ, सफा र स्वस्थकर सार्वजनिक शौचालयको आवश्यकता महसुस गर्ने हुनाले सो को व्यवस्थाको निमित्त क्रियाशील हुनुपर्ने देख्दछु ।

२२) भक्तपुर नगर क्षेत्रमा बन्ने सार्वजनिक भवनहरू सकेसम्म भक्तपुरे मौलिकता झल्कने किसिमको हुनु आवश्यक छ ।

२३) कतिपय सम्पदाको भग्नावशेषलाई नष्ट गरी या नचिनिने बनाई सम्पदालाई व्यक्तिगत जमिन या सम्पत्तिमा परिणत गरेका गुनासाहरू प्रसस्त पाइन्छन् । यस्ता सम्पदाहरू नष्ट हुनबाट जोगाउन पुराना नापी नक्सा र स्वामित्व सम्बन्धी अभिलेख र त्यस्ता सम्पदाको हालको अवस्था या स्वामित्वका अवस्था बुझ्नुपर्ने हुन्छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले सम्पदा संरक्षणको कामलाई स्थानीय गाउँ (नगर) पालिकाको वडा तहसम्म जिम्मेवारी दिएकाले स्थानीय सम्पदा संरक्षणमा लाग्नुपर्ने देखिन्छ । सार्वजनिक उपयोगलाई प्रोत्साहन गर्नुपर्छ ।

ऐतिहासिक धार्मिक र सार्वजनिक महत्त्वका

सम्पदाहरूलाई गैर कानुनी रूपमा व्यक्तिगत पसल, घर या अन्य प्रयोजनमा प्रयोग हुँदा सम्पदाको महत्त्व नै नष्ट हुने गरी उपयोग गरिएको, त्यहाँ बस्नेले जानी–जानी या अन्जानमा सम्पदा नष्ट गर्न सक्ने भएकाले त्यस्ता सम्पदाको संरक्षण स्थानीय नगरपालिका या गाउँपालिकाबाट हुनुपर्छ ।

सार्वजनिक सम्पदा जोगाउन पनि सार्वजनिक जमिनको अभिलेख राख्ने, निरीक्षण र प्रतिवेदन आवधिक प्रतिवेदन लिने गर्नुपर्दछ । कतिपय सरकारी संस्थाले पनि सम्पदालाई व्यापारिक प्रयोजनमा उपयोगको निम्ति भाडामा दिने र त्यस्ता भाडावालाले सम्पदालाई जानी–जानी वा अन्जानमा पनि नष्ट गरेको देखिन्छ । त्यस कृयाकलापलाई नियन्त्रित गरिनुपर्छ ।

नगरपालिकाबाट अमूर्त सम्पदा संरक्षणमा निम्न गतिविधि हुनु राम्रो हुने देखिन्छ –

१. जात्रा, मेला, पर्व, चाड, भजन, कीर्तन, गीत–संगीत, नाटकको परम्परालाई सरक्षण गरेको नाचगानको राजधानी भक्तपुर भने पनि अमूर्त सम्पदा संरक्षणमा थप कार्यहरू गर्नुपर्ने देखिन्छ ।
२. परम्परागत संगीतको मोह नयाँ पुस्तामा पनि राम्रैसँग हस्तान्तरण भएको छ । अझ बढी प्रयास हुनुपर्छ ।
३. प्राचीन देवदेवताको मुकुण्डो बनाउने परम्परा केही जातीय समुदाय नाचसँग सम्बन्धित रहेको तर सो श्रोतको अभावमा परम्परा थाम्न मुस्किल परेको देखिन्छ । कुमारी परम्पराको रक्षा गर्ने तर्फ पनि नगरपालिकाको ध्यान जानु पर्ने देखिन्छ ।
४. सांस्कृतिक नाचगान तथा संगीतको जनस्तरमा नै संरक्षण र पुस्तान्तरण र नपाबाट पनि त्यसमा लगानी हुनुपर्ने देखिन्छ ।
५. गाईजात्रा, बिस्केट जात्राजस्ता ठूलो जनसहभागिता हुने पर्वमा नगरपालिकाबाट आयोजकहरूसँग समन्वय र प्रोत्साहन दिनुपर्ने देखिन्छ ।
६. भादगाउँले टोपी, जुजुधौं जस्ता स्थानीय उत्पादनमा राम्रो पुस्तान्तरण र प्रविधि हस्तान्तरण हुँदै गएको छ । यसलाई निरन्तरता दिनुपर्ने देखिन्छ ।
७. भक्तपुरका सांस्कृतिक गतिविधिको झल्को दिने सांस्कृतिक गतिविधि पर्यटकलाई देखाउन सांस्कृतिक कार्यक्रम गर्ने सभाहल निर्माण गरी उनीहरूको चाहना अनुसार प्रदर्शनको व्यवस्था हुन सके राम्रो हुने देखिन्छ ।

**अन्तमा,**

भक्तपुर नगर क्षेत्र संसारको अन्य कुनै नगर क्षेत्रभन्दा भिन्दै विशेषतायुक्त छ । क्रिष्टोफर कोलम्बसले अमेरिका पत्ता लगाउनुभन्दा अगाडि भक्तपुरको भार्वाचो द्वार बनेको थियो । अन्य केही सम्पदाहरूको इतिहास पनि विश्व इतिहासको तुलनामा प्राचीनत्तम, विशिष्टत्तम र गौरव गर्न लायक छन्, यी सम्पदालाई आगामी पुस्तामा जस्ताको तस्तै हस्तान्तरण गर्नु हाम्रो कर्तव्य हुन जान्छ । यसको नियमित र योजनाबद्ध संरक्षण र मर्मत–सम्भारको तालिका बनाई कार्यान्वयन र कुनै प्राकृतिक प्रकोपको अवस्थामा त्यसको लागि थप संरक्षण र पुनःस्थापना मौकामै मौलिकता जोगाएर गरिनुपर्छ ।

*(लेखक भक्तपुर नपाका पूर्व कार्यकारी अधिकृत हुनुहुन्छ ।)*

**चिनियाँ नीतिकथा**

## दुई जना भिक्षुको तीर्थ यात्रा

सछ्वान प्रान्तको अमेइ पर्वतमा धेरै बौद्ध विहार थिए । विहारमा धेरै भिक्षु बस्थे । ठूला विहारमा बस्ने भिक्षुहरू धनी थिए । साना विहारमा बस्ने भिक्षुहरू गरिब थिए ।

एकदिन सानो विहारमा बस्ने एकजना गरिब भिक्षुले दक्षिण चीन सागरको एउटा टापूमा रहेको फूथ्यो पर्वतको तीथ यात्रामा जाने निधो गर्यो । ऊ ठूलो विहारमा बस्ने धनी भिक्षुसँग बिदाबारी हुन गयो ।

अमेइ पर्वतबाट फूथ्यो पवर्त पुग्न झण्डै डेढ हजार किलो मिटर यात्रा गर्नुपर्थ्यो । बाटोमा अनेकौं नदी, पहाड, जंगल पार गर्नुपर्थ्यो । गरिब भिक्षुको तीर्थयात्रामा जाने कुरा सुनेर धनी भिक्षुले अचम्म मान्दै भन्यो, 'तिमी के को भरमा यति लामो यात्रामा निस्कन लागेका छौ ? कसले तिमीलाई मदत गर्दैछ ?'

गरिब भिक्षुले जवाफ दियो, 'मेरो लागि एउटा पानीको भाँडा र एउटा भिक्षापात्र भए पुग्छ । तिर्खा लाग्दा पानीको भाँडामा पानी ओवाएर खाउँला । भोक लाग्दा भिक्षापात्रमा भिक्षा थापेर खाउँला ।'

धनी भिक्षुले भन्यो, 'फूथ्यो पवर्तको तीर्थयात्रा गर्न मैले धेरै वर्षदेखि तयारी गर्दैछु । तर कुनै न कुनै कुरा अपुरो भएर अहिलेसम्म जान सकेको छैन । यो तीर्थयात्रालाई तिमीले यति सजिलो ठानेका रहेछौ ।'

गरिब भिक्षु झण्डै वर्षदिनपछि फूथ्यो पवर्तको तीर्थयात्रा गरेर फर्क्यो । अनि ऊ धनी भिक्षुसँग भेट्न गयो । धनी भिक्षुले ऊ तीर्थ यात्राबाट फर्केको देखेर अप्ठ्यारो र लाज मान्दै भन्यो, 'तिमी तीर्थयात्राबाट फर्कि पनि सक्यौ ! तर म भनें अहिले पनि तयारी गर्दैछु !'

# eQmk'/sf] dNnsfnLg jƶfjnL



ओम धौभडेल

भक्तपुरको मल्लकालीन राजनीतिमा विशेषगरी जयस्थिती मल्लपछिको अवस्थादेखि अन्तिम मल्ल राजा रणजित मल्लसम्मको अवस्था नै सबैभन्दा महत्त्वपूर्ण समय हो। दोलाजीबाट राजा बनेका जयस्थिती मल्लको पूर्खाबारे हाम्रो इतिहास मौन छ। ने.सं. ४७४ आश्विनमा भक्तपुरको तेखाचो ल्याएका कुम्हरको त्यसको पाँच महिनापछि तत्कालीन भक्तपुरको एकमात्र उत्तराधिकारी रजल्लादेवीसित विवाह गरिदिएपछि जयस्थिती मल्ल सत्तामा आउन सफल भयो। यसमा रजल्लादेवीकी बज्यै देवलदेवीको भूमिका कस्तो रह्यो, यो छुट्टै पाटो छ। जयस्थिती मल्ल र रजल्लादेवीले श्री तलेजु भवानीलाई साक्षी राखी ने.सं. ५०० मा दीक्षा लिएपछि जयस्थिती मल्ल नेवार राजा बन्न पुगे। उनको ने.सं. ५१५ मा मृत्यु पछि उनका तीन सन्तानहरू बालिग भइसकेको अवस्थामा जेठा छोरा जयधर्म मल्ल, माहिलो जयज्योर्ति मल्ल र कान्छा जयकिर्ती मल्ल तीनैजनाको संयुक्त शासन चल्यो। जुन ने.सं. ५२८ सम्म कायम नै थियो। तर त्यसपछि के कस्तो घटना घट्यो जसको कारण तत्पश्चात् जेठा र कान्छालाई छोडेर माहिलो जयज्योर्ति मल्लको मात्र शासन कायम रहन पुग्यो। यसबारे हाम्रो इतिहास मौन छ। जयधर्म मल्ल र जयकिर्ती मल्लका सन्तान दरसन्तानहरूबारे केही उल्लेख छैन।

त्यतिमात्र होइन, त्यसताका भक्तपुर दरबारमा देखिएका भैरव मल्ल पनि रहस्यको विषय बन्न आउँछ। त्यसो त जयज्योर्ति मल्ल सफल हुनुको पछाडि उनकी श्रीमती संसारदेवीको ठूलो भूमिका देखिन्छ। यहींकै एक प्रभावशाली सामन्तको छोरी संसारदेवीका कारण जयज्योर्ति मल्ल सत्तामा आउन सफल भएको देखिन्छ। जयज्योर्ति मल्ल र संसारदेवीको तर्फबाट यक्ष मल्ल र जीव मल्ल दुई छोराहरूको जन्म भएकोमा बुबापछि जेठो यक्ष मल्ल राजा बने तापनि भाइ जीव मल्लको पनि उपस्थिति रह्यो। पछि जीव मल्लको अवस्था के भयो र उनका सन्तानबारे इतिहास मौन छ। यता यक्ष मल्लको कर्पुरदेवी, सरूपादेवी, उदयादेवी, जीवलक्ष्मी, जयतना, किर्तीलक्ष्मी, सरस्वतीदेवीलगायतका थुप्रै ब्याइते–ल्याइते श्रीमतीहरू रहेकोमा अन्यभन्दा कर्पुरदेवी र सरूपादेवी सफल भएको देखिन्छ।

ने.सं. ६०२ माघ शुक्ल दशमीको दिन यक्ष मल्लको मृत्युपछि राय मल्ल उमेरले जेठो भई राजगद्दीमा बसे तापनि रत्न मल्ल तथा रण मल्ललगायतका भाइहरू अति महत्त्वाकांक्षी बन्न पुग्दा नेपालको इतिहास नै बदल्न पुग्यो। भक्तपुर राजधानी रहेको विशाल मण्डलबाट कान्तिपुर छुट्टिन पुग्यो। यसक्रममा कान्तिपुरमा रत्न मल्लमात्र नभई उनको सहोदर भाइ अरि मल्ल र बहिनी रत्नादेवीसमेत लागे। एउटै आमाको कोखबाट जन्मेका रण मल्ल र पूर्ण मल्लमध्ये पूर्ण मल्लको अल्पायुमै निधन भएपछि एक्लिएका रण मल्ल बनेपामा आफ्नो अधिकार जमाउन पुगे। कान्तिपुरमा रत्न मल्लसित लागेका आफ्नै सहोदर भाइ अरि मल्लले आफ्नो पनि अधिकार जताउँदै रहे। तर उनको मृत्युपछि उनका छोरा इन्द्र मल्लको हत्या गरेकोबाट रत्न मल्लको एकलौटी अधिकार रह्यो। रत्न मल्लपछि उनका छोरा नरेन्द्र मल्ल, महेन्द्र मल्ल, सदाशिव मल्ल क्रमशः बाबु पछि छोरा हुँदै राजा बनेको भए तापनि सदाशिव मल्ल पछि कान्तिपुरमा दाजु पछि भाइ राजा बन्यो। यता बनेपामा रण मल्लका छोरा केशव मल्ल राजा बने। यता पाटनको इतिहासमा पनि सिद्धिनरसिंह देखि योगनरेन्द्र मल्लसम्म बाबु पछि छोराले राज्य चलाएको भए तापनि त्यसपछि पाटनको इतिहास अस्थिर बन्न पुग्यो।

कान्तिपुर र पाटनको दाँजोमा भक्तपुरको मल्कालीन इतिहास सरल छ। अर्थात् राय मल्ल, भुवन मल्ल, प्राण मल्ल, विश्व मल्ल, त्रैलोक्य मल्ल, जर्गज्योर्ति मल्ल, नरेश मल्ल, जगतप्रकाश मल्ल, जितामित्र मल्ल, भूपतिन्द्र मल्ल, रणजित मल्ल क्रमशः बुबापछि छोरा हुँदै राजा बनेको इतिहास भक्तपुरमा छ। तर पनि तत्कालीन समयमा भक्तपुरले हरेक क्षेत्रमा कान्तिपुर र पाटनसित प्रतिस्पर्धा गर्नुपरेको अवस्थाले यहाँका राजाहरूले ठूलो संघर्ष गर्नुपरेको यथार्थ हो। विशेषगरी यक्ष मल्लपछि राजा बनेको राय मल्ललाई इतिहासले कमजोर राजाको रूपमा चित्रण गरेको छ। त्रिपुरको गद्दी ताक्ने आफ्नै थुप्रै भाइ तथा भान्जाको बीचमा त्यस्ता भाइहरूलाई बरु केही राज्य नै दिएर भए पनि आफू त्रिपुरको राजा भइ छाडे। उनै राय मल्लको रत्नादेवीसित विवाह भई एकमात्र छोरा भुवन मल्लको जन्म भएको देखिन्छ।

उनै भुवन मल्ल ने.सं.६३० मार्ग कृष्ण सप्तमीको दिन राय मल्लको मृत्युपछि भक्तपुरको राजा बने। त्यसबेलासम्म त्रिपुरको दाबी गर्ने रत्न मल्ल, राम मल्ल, अरि मल्ल, रण मल्ल सबै जीवित नै थिए। यस्तो अवस्थामा भुवन मल्ल अर्थात् सुवर्ण मल्ल त्रिपुरका राजा बने। इतिहासमा उनीबाहेक अरु छोराहरूको उल्लेख छैन।

ने.सं. ६३९ माघ शुक्ल दशमीको दिन भुवन मल्लको मृत्यु उनका दुई छोराहरू जेठो प्राण मल्ल र भाइ जीत मल्लले संयुक्त शासन गरेको देखिन्छ। तत्कालीन समयसम्म उनीहरूकी आमा रुक्मिणी देवी जीवित रहेको हुँदा जेठो प्राण मल्लभन्दा भाइ जीत मल्ल बढी प्रभावशालीको प्रमाण तलेजुभित्र उनले राखेको कीर्तिबाट पुष्टि हुन्छ। पछि प्राण मल्ल एक्लैको शासन चल्यो। जीत मल्लको अवस्थाबारे हाम्रो इतिहास मौन छ। तर अहिले भक्तपुरमा रहेका प्राण मल्ल प्रधानाङ्गहरूको पूर्खा उनै जीत मल्ल रहेकोलाई यहाँ उल्लेख गर्नु आवश्यक हुन्छ। जीत मल्लपछि उनका छोराहरूलाई खौमा क्वाथनायक बनाइ दिएपछि खौमा क्वाथ हुँदै पछि नगदेशको समेत अधिकार प्राप्त गरे। प्राण मल्लको समयसम्म भक्तपुर दरबारमा उमेरले जेठो कैयौं मल्ल परिवारहरू जीवितै थिए। त्यसबेला वीर मल्ल, गोसाइ मल्ल आदि देखिन्छ। तत्कालीन समयमा कान्तिपुरका नेरन्द्र मल्लले प्राण मल्ललाई भन्दा जेठा वीर मल्ललाई नै पहिलो स्थानमा राखी पशुपति र चाँगुमा अभिलेख राख्न लगाइएको छ। यिनै प्राण मल्लको समयमा वीर मल्ल र गोसाइ मल्लहरूले भक्तपुरलाई तीन भाग लगाइ आफ्नो भागमा एकले अरुको हस्तक्षेप नगर्ने ढङ्गले भक्तपुर इनाचोमा स्वंग ल्वहँमा तीन राज्यको साँध राख्न लगाए।

ने.सं. ६६९ कार्तिक बदी १५ को दिन प्राण मल्लको मृत्युपछि उनका छोरा विश्व मल्ल भक्तपुरका राजा बने। तर उनकी गंगा रानीले आफ्नो पति जीवित छँदै त्रैलोक्य मल्ल र त्रिभुवन मल्ल दुई छोरा र आफूसमेतले त्रिभय राज्य चलाए। भक्तपुरलाई तीन राज्यमा विभक्त हुनबाट जोगाए। गंगा रानीको छत्र-छाँयामा जेठा त्रैलोक्य मल्लभन्दा पनि त्रिभुवन मल्ल बढी प्रभावशाली भइ निस्के। लामो समयसम्म यसरी तीनैजनाको शासन चल्दै गर्यो। ने.सं. ७२३ पछि त्रैलोक्य मल्लको एकलौटी शासन चल्यो। यसपछि त्रिभुवन मल्लको तथा उनका सन्तानहरूबारे इतिहास मौन छ। त्रैलोक्य मल्लको समयमा भक्तपुर दरबारभित्र कल्याण मल्ल ज्येष्ठ व्यक्ति रहेको एउटा प्रमाण रहेबाट उनी को हुन् अहिलेसम्म प्रकाशमा आउन सकेको छैन। त्रैलोक्य मल्लको मृत्युपछि उनका छोरा जर्गज्योर्ति मल्ल भक्तपुरका राजा बने। आफ्नी बज्यै गंगादेवीको रेखदेखमा हुर्केको जर्गज्योर्ति मल्ल एक योग्य, विद्वान एवम् सुधारक राजाको रूपमा लिइन्छ।

उनले लामो समयसम्म राज्य गर्ने क्रममा उनका दुई छोराहरू जेठा नरेश मल्ल र कान्छा कीर्ति मल्लले आफ्ना बुबाविरुद्ध अप्रत्यक्ष विद्रोह गर्न पुगे। विद्रोह त सफल भएन। बरु जर्गज्योर्ति मल्लले आफ्नो जीवनभर दुवै छोराहरूलाई राजकाजमा सामेल गराएनन्। यता जर्गज्योर्ति मल्लको अन्तिम अभिलेख ने.सं. ७५७ मा भेटिएको छ भन्ने नरेश मल्लको पहिलो अभिलेख ने.सं. ७५९ मा देखिएबाट करिब दुई वर्ष जतिको भक्तपुरको इतिहास अस्पष्ट छ। यसरी राजा बनेका नरेश मल्लको पनि ने.सं. ७६३ आश्विन कृष्ण पञ्चमीको दिन मृत्यु हुँदा उनका छोरा जगतप्रकाश मल्ल पाँच वर्षका बालक नै राजा घोषित भए। त्यसबेला दरबारभित्र उनकी आमा कमलादेवी र काकीआमा अन्नपूर्णलक्ष्मी देवीको साथै अन्य भाइ भारदारहरू अत्यन्त सक्रिय बन्न पुगे। जगतप्रकाश मल्लको पद्मावतीतर्फबाट जितामित्र र उग्र मल्ल नामका दुई छोरा तथा भानुमति नामकी छोरी रहेको देखिन्छ। ने.सं. ७९४ मा ३३ वर्षको युवाअवस्थामा बिफरले जगतप्रकाश मल्लको मृत्युपछि जेठोको नाताले जितामित्र मल्ल राजा बने। तर राजकाजमा सक्रिय रहेको उग्र मल्ललाई चिरिम्ह जुजु भनी जितामित्र मल्ल पछिको दोस्रो स्थान उनकै हुन्थ्यो।

लगभग २० वर्ष भक्तपुर दरबारमा सक्रिय उग्र मल्ल ने.सं. ८१५ भूपतिन्द्र मल्ल भक्तपुरको राजा भएपछि एकाएक कान्तिपुरतिर लागे। भक्तपुरमा आक्रमण गर्न आउँदा थिमीमा भयङ्कर युद्ध भयो। अन्तमा भक्तपुरबाट पराजित हुनुपर्यो। यसपछि उग्र मल्लको अवस्था के भयो कतै उल्लेख छैन। भूपतिन्द्र मल्लले लामो समयसम्म निर्धक्क शासन गरे। उनको मृत्युपछि उनका एकमात्र छोरो रणजित मल्ल भक्तपुरका राजा भए। रणजित मल्ल भक्तपुरको इतिहासमा त्यस्ता राजा हुन् जसले यक्ष मल्लभ‍ै धेरै छोराहरूको बुबा बने। उनको ब्याइते रानी बुद्धिलक्ष्मीको तर्फबाट वीर नरसिंह पछिमात्र जन्मेको देखिन्छ। यसअघि नै ल्याइते रानीहरूबाट अजित सिंह, अच्युत सिंह, मनोरथ सिंह, मनोहर सिंह, देवेन्द्र सिंह, उपेन्द्र सिंह, अवधुत सिंहलगायतका सात छोराहरू भएको देखिन्छ। यिनीहरू सबै ल्याइतेको तर्फका भएकोले राज्यका हकदार बन्न नसकेको अवस्थामा राज्यका हकदार वीर नरसिंहको अकालमै मृत्युपछि भक्तपुरको राजनीति कमजोर बन्न पुग्यो। यसको फाइदा उठाउँदै गोरखाका राजा पृथ्वीनारायण शाहले भक्तपुरमाथि आफ्नो अधिकार जमाए।

तर भक्तपुरमाथि जित हासिल गरिसकेपछि गोर्खाली सेनाले अपनाएको नीति हेर्दा उनीहरूले गोर्खाली सेनालाई सहयोग गरेको देखिंदैन। जितपछि गोर्खालीहरूले सबै मल्ल

परिवार भाइ–भारदारका साना–साना बच्चाहरूबाहेक सबै पुरुष महिलाहरूलाई चोकचोकमा कैद गरेको देखिन्छ। यसमा एक अति बिरामी भएका सम्भवतः युद्धमा घाइते भएका अच्युतसिंह काशीवास जान लागेका बाबु रणजित मल्ल र भाइ अवधुत सिंहलाई बिदाइ गर्न कान्तिपुरमा नेलसहित पुग्दा व्यथा चर्को भई उतै निधन भएकोबाट यसको पुष्टि हुन्छ। यसरी अवधुत सिंह आफ्नो बुबासित काशी जानु र अच्यूत सिंह तथा वीर नरसिंहको मृत्युबाहेक अरु पाँच राजकुमारहरू र अन्य भाइ–भारदारहरू सबै भक्तपुरमै रहेको देखिन्छ।

तर इतिहास तिनीहरूको शाखा–सन्तानहरूबारे मौन छ। त्यसो त यी सात राजकुमारहरूलाई रहन बनाएका सात बहालहरू यद्यपि भक्तपुरमा बाँकी नै छ। खौमा बाहा, कुथुछें बाहा, दुबसी बाहा, चोछे बाहा, भोग्ट्या बाहा, दथु बाहा आदि सबै मल्ल प्रधानाङ्गहरूकै आवास हो। तर पृथ्वीनारायण शाहले उपत्यका जितिसकेपछि तिनीहरू आफ्नो हैसियतमा फर्कनबाट बञ्चित गर्ने उद्देश्यले सर्वप्रथम मल्ल थरमाथि नै अघोषित प्रतिबन्ध लगायो। जो यहाँबाट रातारात भागे, बरु तिनीहरूले मल्ल थर नै राखे। जो भक्तपुरमै बस्न बाध्य भए। तिनीहरू प्रायः प्रधानाङ्ग हुनुपर्यो। प्रायःले आफ्नो थर परिवर्तन गर्न बाध्य हुनुपर्यो। यसै मेसोमा रणजित मल्लको पतनपछि भक्तपुरमा देखिएका आसाराम मल्ल र लक्ष्मी मल्ललाई यहाँ लिन सकिन्छ। अहिलेसम्म पनि उनीहरूका बारेमा थप जानकारी पाउन सकिरहेको छैन।

तर पनि प्रत्येक वर्ष आसाराम मल्ल र लक्ष्मी मल्ललाई माघशुक्ल षष्ठीको दिन सम्झने परम्परा भक्तपुरमा बाँकी नै छ। उक्त दिन ज्यापुख्व प्रधानाङ्ग, धौभडेल, धालाखुसी र पक्वानहरू मिलेर ती दुवैको नाममा श्राद्ध गर्ने परम्परा छ। त्यसको लागि एउटा गुठीको व्यवस्थासमेत छ। ती चारथरीमध्ये धालाखुसीबाहेक अहिले तीन थरिकाले यो गुठी पालैपालो सञ्चालन गर्दै आएको छ। थाकाली श्राद्ध भनिने यो परम्परामा आ–आफ्नो कुलका दिवंगत व्यक्तिहरूको नाममा तर्पण दिइसकेपछि अन्तमा आसाराम मल्ल र लक्ष्मी मल्लको नाममा तर्पण गर्छ। यहाँ बाहिरबाट हेर्दा धौभडेल, पकवान, ज्यापुख्व, प्रधानाङ्ग तथा धालाखुसी फरक–फरक थरका देखिएको भए तापनि सवै मिलेर उही आसाराम मल्ल र लक्ष्मी मल्लको नाममा तर्पण दिई सँगै भोज खाने चलन छ। जसका कारण यी चारैथरिका बीच रगतको नाता छ। यसैकारण यी चारथरिका दाजुभाइ हुन्। एक आपसमा बिहावारी चल्दैन भन्ने मान्यता छ। आसाराम मल्ल र लक्ष्मी मल्लको उदाहरणबाट तत्कालीन समयमा भक्तपुरमा यस्ता थुप्रै घटनाहरू भएको हुनुपर्छ।

यसरी रणजित मल्लको समयसम्म आइपुग्दा भक्तपुर राजदरबारमा बुबापछि छोरा हुँदै राजा बनेका यिनीहरू बाहेक थुप्रै अन्य मल्ल थरका व्यक्तिहरूबारे आजसम्म सोधखोज हुन सकिरहेको छैन। जयज्योर्ति मल्लको समयमा देखिएका भैरव मल्ल, यक्ष मल्लको भाइ जीव मल्ल, राय मल्लको पालामा देखिएका राम मल्ल, अरि मल्ल, रण मल्ल, भीम मल्ल, प्राण मल्लको भाइ जीत मल्ल, नरेश मल्लको भाइ कीर्ति मल्ल, जितामित्र मल्लको भाइ उग्र मल्ल तथा रणजित मल्लका सातबहाले सन्तानहरूलगायत बखत बखत देखिएका वीर मल्ल, गोसाइ मल्ल, अमृत मल्ल, कल्याण मल्ल, हेमन्त मल्ल, भैरव मल्ल जस्ता प्रभावशाली व्यक्तित्वहरूबारे बढीभन्दा बढी अध्ययन अनुसन्धान हुनसके भक्तपुरको मल्लकालीन वंशावलीको प्रारूप केही हदसम्म मूर्तरूपमा अगाडि आउने विश्वास छ।

**सन्दर्भ श्रोतहरू**


१. गोपालराज वंशावली
२. भाषा वंशावली भाग – २
३. पासुकाका विभिन्न अङ्कहरू
४. नेपालको ऐतिहासिक तथा सांस्कृतिक दिग्दर्शन
५. भक्तपुर दरबारका मल्लकालीन भारदारहरू
६. मेडियभल नेपाल भाग – ३
७. पूर्णिमाका विभिन्न अङ्कहरू
८. रत्न मल्ल र उनका समकालीन नेपालमण्डल



## 'भक्तपुर' मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस्।

साथमा सम्वन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइनेछ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला।

**रचना पठाउने ठेगाना :**

कमलविनायक (पुरानो जनस्वास्थ्य सेवा केन्द्र भवन)

email - bhaktapurmasik@gmail.com

# lnR5lj /ltgsf]/fHo Joj:yfM ;Gbe{k|rLg gkfnsf]Oltxf;



सह प्रा.डा. बलराम कायस्थ

**विषय प्रवेश**

नेपालको इतिहासमा लिच्छवि शासनकाल विविध दृष्टिकोणबाट निकै महत्त्वपूर्ण मानिन्छ । यसकालमा राज्यको सर्वाङ्गीण पक्षको उन्नति भएको थियो । लिच्छविकालमा स्थापना गरिएका अभिलेखहरू, मठ-मन्दिरहरू, निष्कासित गरिएका मुद्राहरूजस्ता पुरातात्त्विक स्रोत-सामग्रीका अतिरिक्त तात्कालीन समयमा नेपाल आएका चिनियाँ यात्रीहरूको टिपोट र पछिल्लो समयमा लेखिएका वंशावलीहरूबाट समेत तात्कालीन राज्य व्यवस्थाका विविध पक्षहरू जस्तैः राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, प्रशासनिक आदिका बारेमा यथार्थ जानकारी प्राप्त गर्न सकिन्छ । त्यस्ता स्रोतहरूका आधारमा लिच्छविकालको राज्य व्यवस्था समुन्नत अवस्थामा रहेको थियो भन्ने बुझ्न सकिन्छ । यसैकारण कतिपय इतिहासकारहरूले यस युगलाई स्वर्ण युग पनि भन्ने गरेका छन् ।

समकालीन ऐतिहासिक पुरातात्त्विक स्रोत-सामग्रीहरू उपलब्ध नभएको हुनाले लिच्छविकाल भन्दा अघिको प्राचीन नेपाली इतिहासलाई प्रामाणिक रूपमा प्रस्तुत गर्न सकिँदैन । यस परिस्थितिमा लिच्छविकाललाई नै नेपालको पहिलो ऐतिहासिक कालको रूपमा लिने गरिन्छ । तर बिडम्बना के छ भने उपलब्ध स्रोत-सामग्रीबाट लिच्छवि शासनकालका बारेमा पर्याप्त जानकारी मिले पनि लिच्छविहरूसम्बन्धी कतिपय प्रश्नहरू हालसम्म पनि अनुत्तरित नै रहेका छन् ।

जस्तोः लिच्छविहरू को थिए ? यिनीहरूको मूल थलो कहाँ थियो ? नेपालमा राज्य स्थापना गर्न कस्तो प्रयत्न गर्नुपरेको थियो ? र यिनको शासन कहिलेदेखि कहिलेसम्म रह्यो ? भन्ने जस्ता मूलभूत प्रश्नहरू कायमै रहेका छन् ।

**लिच्छवि वंश**

सामान्य अध्ययनका आधारमा लिच्छविहरू सूर्यवंशी क्षत्रीय थिए, यिनीहरू भारतको वैशालीबाट नेपाल आएका थिए र किराँतीहरूलाई हटाएर नेपालमा आफ्नो राज्य स्थापना गरेका थिए भन्ने देखिन आउँछ । वास्तवमा यहाँका लिच्छविहरू प्राचीन भारत वर्षको लिच्छवि राज्यसँग सम्बन्धित थिए भन्ने अधिकांश विद्वानहरूको धारणा रहँदै आएको छ । त्यसबेला गणतान्त्रिक राज्यहरू आपसमा मिलेर संघ राज्यमा आवद्ध हुने परिपाटी थियो । यसै क्रममा ईशापूर्व आठौं शताब्दीतिर भारतको उत्तरी बिहारमा बृज्जि वा बज्जी नामको संघ राज्य निकै प्रसिद्ध थियो । वर्तमान बिहारको मुजफ्फरपुरमा रहेको बषाढ नामक ठाउँमा नै प्राचीनकालमा लिच्छविहरूको वैशाली नामक वैभवशाली नगरी रहेको थियो । यही वैशाली नै लिच्छवि गणराज्यको साथै पुरै बृज्जिसंघ राज्यको पनि राजधानी भएर रहेको थियो । यसको उल्लेख बौद्ध साहित्यमा यत्रतत्र पाइन्छ । यताबाट बृज्जिसंघमा लिच्छवि राज्यकै प्राधान्यता थियो भन्ने देखिन्छ । त्यसबेला यस राज्यको भारत वर्षमा निकै ख्याति र प्रसिद्धि फैलिएको थियो । तर ईशापूर्व ४८५ मा आएर मगध सम्राट अजातशत्रुको आक्रमणले गर्दा यो लोकतान्त्रिक संघ राज्यको पतन भयो ।

आफ्नो राज्य पतन भएपछि वैशालीका यी लिच्छविहरू मिथिलाको बाटो हुँदै कमला नदीको किनारैकिनार आई पहाड छिचोलेर नेपाल उपत्यकामा प्रवेश गरे । यी सभ्य, सुसंस्कृत र शासन सञ्चालनमा राम्रो अनुभव भएका लिच्छविहरूले नेपाली समाजमा सहजै प्रतिष्ठा कमाए । अनि सोही प्रतिष्ठाको आधारमा लिच्छविहरूले किराँतीहरूलाई पराजित गरी यहाँ आफ्नो शासन कायम गरेका थिए । यसरी नेपालका लिच्छविहरू नै वैशालीका लिच्छवि हुन् भन्ने तथ्यलाई पुष्टि गर्ने कुनै पुरातात्त्विक प्रमाण नपाइए तापनि केही साहित्यिक स्रोतहरूले भने यसको सङ्केत दिएका छन् । पुराण र वंशावलीहरूमा पनि यस बारेमा केही उल्लेख गरेको छ । पशुपति पुराणमा किराँतीहरूलाई जितेर लिच्छविहरूले शासन आफ्नो हातमा लिए भन्ने वर्णन गरिएको छ । गोपाल राजवंशावलीमा पनि किराँतीहरूलाई लिच्छविहरूले पराजित गरेको वर्णन पाइन्छ । यसरी साहित्यिक स्रोतमा किराँतीहरूको पतन र लिच्छविहरूको उदयबारे उल्लेख गरिएको पाइन्छ । तर वैशालीका लिच्छविहरू नै नेपालमा आई तिनले किराँतीहरूलाई जितेर शासन गरेको भन्ने स्पष्ट उल्लेख कुनै पनि स्रोत-सामग्रीमा भेटिँदैन । तथापि उल्लिखित यी सबै सन्दर्भलाई जोडेर हेर्दा वैशालीका लिच्छवि र नेपालका लिच्छवि फरक होइनन्, एउटै हुन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ । जैन

ग्रन्थ आवश्यक सूत्रमा पनि वैशालीमा मगध सम्राट अजातशत्रुबाट पराजित भएपछि लिच्छविहरू त्यहाँबाट भागेर शरणार्थीका रूपमा नेपाल पसेको उल्लेख गरिएको छ।

**राज्य व्यवस्था**

भारतको वैशालीमा गणतन्त्रात्मक शासन चलाएका लिच्छविहरूले नेपालमा पनि शुरुमा जयदेव प्रथमदेखि वृषदेवसम्म सोही परम्परालाई निरन्तरता दिएका थिए भन्ने धारणा बाबुराम आचार्यको रहेको छ। हिन्दु धर्मका अनुयायी भए तापनि लिच्छवि शासकहरूमा सबै धर्मप्रति सहिष्णुताको भावना थियो। शैव, बौद्ध, वैष्णव, शाक्त सबै धर्मप्रति तिनको समान आस्था थियो। सामाजिक संरचना वर्ण व्यवस्थामा आधारित थियो। तात्कालीन नेपाली समाजमा १८ जातहरू विद्यमान थिए। राजाहरूमा आफ्ना प्रजाको हित सर्वोपरी ठान्ने प्रवृत्ति थियो। न्यायिक संरचना मजबुत थियो। चोरीजस्ता घटनालाई पनि संगीन अपराधहरूको समूह पञ्चअपराधमा गणना गरिन्थ्यो। अर्थव्यवस्था उन्नत थियो। जीवनयापनको आधार कृषि मात्र थिएन। उद्योग, व्यापारको विकास पनि उल्लेखनीय थियो। झारा वा विष्टि प्रथा राष्ट्र निर्माणको मुख्य कारक थियो। राज्य प्रशासन विकेन्द्रीकरणको सिद्धान्तमा आधारित थियो अर्थात् राज्यको अधिकार शक्ति केन्द्रमा मात्र सीमित नराखी ग्राम, तल, द्रङ्ग जस्ता स्थानीय निकायहरूलाई पनि सुम्पिएको थियो। मुद्राको निष्काशन तथा कर व्यवस्थाले आधुनिक अर्थ व्यवस्थाको परिपाटीलाई संकेत गर्दछ। लिच्छविकालीन कलालाई तात्कालीन आर्थिक, धार्मिक तथा सौन्दर्यभावको प्रकट रूप मान्न सकिन्छ। लिच्छविकालीन सभ्यतालाई नेपाली इतिहासको गौरवपूर्ण समयका रूपमा अर्थ दिने गरी इतिहासकारहरूले सो समयलाई स्वर्ण युग भन्ने गरेका हुन्। तर यस्तो सुसंस्कृत सभ्यताको अन्त्य कसरी भयो होला भन्ने विषय पनि विचारणीय छ।

राजा जयदेव द्वितीय लिच्छवि वंशका अन्तिम उल्लेखनीय शासक थिए। उनी पछिका लिच्छवि राज्य व्यवस्थाको बारेमा स्पष्ट जानकारी दिने आधिकारिक स्रोत–सामग्रीहरू पाउन सकिएको छैन। यसैले केही इतिहासकारहरूले लिच्छवि शासनकाललाई यही जयदेव द्वितीयको समयमा ल्याएर टुंग्याउने गरेका छन्। लिच्छविकाल नै जयदेवको समयमा त अन्त्य भएको होइन, तर उनी पछि भने शक्तिशाली शासकको अभावमा राज्यको पतन हुँदै गएको भने स्पष्ट छ। जे होस् पछिल्लो लिच्छविकालको इतिहास अन्धकारमय रहन पुगेको छ। यद्यपि केही अभिलेख, हस्तलिखित ग्रन्थ र वंशावलीहरूमा भने जयदेव द्वितीय पछिका विभिन्न राजाहरूको नामावली प्राप्त छ। जस्तोः शिवदेव तृतीय, मानदेव तृतीय, गणदेव द्वितीय, बलिराज, बलदेव, मानदेव चतुर्थ।

यसरी जयदेव द्वितीयको शासनकालसम्म उन्नत अवस्थामा रहेको लिच्छविशासन यसपछिको १४४ वर्षसम्म अर्थात् वि.सं. ९३४ सम्म सामसुम रहेको पाइन्छ। जगदीशचन्द्र रेग्मीका अनुसार यसका सम्भावित कारणहरूमा राज्यभित्र उठेको आन्तरिक कलह, राजपरिवारभित्रको फूट, विदेशी आक्रमण, सामाजिक स्थितिमा आएको व्यापक परिवर्तन आदि देखिन्छन्। लिच्छवि वंशको अन्त्यलाई बाबुराम आचार्यले नेपाल संवत्को आरम्भको घटनासँग जोडेर व्याख्या गरेका छन्। उनको विचारमा नेपाल संवत्को आरम्भ लिच्छवि वंशको अन्त्य र वैश्य ठकुरी वंशको उदयको घटनाको सम्झनास्वरूप भएको थियो। जगदीशचन्द्र रेग्मीले पनि लिच्छवि वंशका अन्तिम राजा मानदेव चतुर्थलाई मानी नेपाल संवत्को आरम्भ उनको शासनकालको अन्त्यका रूपमा व्याख्या गरेका छन्। तर धनबज्र बज्राचार्यले गोपाल राजवंशावलीलगायत अन्य तथ्य प्रमाणको आधारमा नेपाल संवत्को प्रारम्भ राजनैतिक परिवर्तनको द्योतक नभई सांस्कृतिक परिवर्तनको परिघटनाका रूपमा लिएका छन्। वास्तवमा लिच्छवि शासनको अन्त्यको निश्चित मिति तोक्न सकिने अवस्था छैन।

नेपालको सबभन्दा पुरानो मानिएको गोपाल राजवंशावलीमा गोपाल वंशलाई महिषपाल वंशले विजय गरेको, महिषपाल वंशलाई किराँतीहरूले परास्त गरी आफ्नो राज्य स्थापना गरेको, किराँतीहरूलाई लिच्छविहरूले पराजित गरी शासन गरेको कुरा स्पष्ट रूपमा वर्णन गरिएको छ। तर लिच्छविहरूलाई कुन वंशले पराजित गर्‍यो भन्ने कुरा कतै लेखिएको पाइँदैन। यसकारण जयदेव द्वितीय पछाडि पनि नामका अन्त्यमा देव थर आएका शासकहरू पनि लिच्छवि नै हुन् भन्ने देखिन्छ। यस आधारमा मध्यकालीन प्रसिद्ध शासक जयस्थिति मल्लको उदय हुनुभन्दा अघिका देव नामधारी शासकहरू पनि लिच्छवि नै भएको पुष्टि हुन्छ। जेहोस् लिच्छवि शासनकालको पछिल्लो काल र मल्ल वंशको शुरुकालबारे यथार्थ कुरा थाहा पाउन सकिएको छैन।

नेपालमा किराँतीहरू पछि शासन गर्ने लिच्छविहरू थिए भन्ने कुरा अबलाई निर्विवाद रूपमा सत्य सावित भइसकेको छ। तथापि लिच्छविहरूले किराँतीहरूलाई कसरी हटाउन सके ? यो कुन समयको घटना हो ? र यहाँ राज्य स्थापना गर्ने प्रथम लिच्छवि शासक को थिए ? भन्ने सम्बन्धमा निश्चित रूपमा केही भन्न सकिँदैन।

नेपालमा लिच्छवि शासनको स्थापना कहिले भएको थियो भन्ने सम्बन्धमा इतिहासकारहरूबीच मतमतान्तर रहेको

पाइन्छ । जस्तैः रमेशचन्द्र मजुमदारले लिच्छविहरूले ईशाको पहिलो वा दोस्रो शताब्दीमा शासन शुरु गरेको मान्दछन् । आफ्नो भनाइलाई पुष्टि गर्न उनले भाषा वंशावलीलाई आधार मानेका छन् । जसअनुसार मानदेवको शासनलाई २० पुस्ता मानेर उनले यो निर्क्यौल निकालेका हुन् । त्यस्तै अलेक्जेण्डर कनिंघमले नेपालमा लिच्छवि शासनको सूत्रपात ईशापूर्व चौथो वर्ष मानेका छन् । उनले अंशुवर्मालाई सैंतिसौं राजा मानेर प्रत्येक पुस्तालाई १७ वर्षको आयु दिएर यो तर्क गरेका हुन् अर्थात् अंशुवर्माभन्दा ६२९ वर्ष (१७x३७) अघि नेपालमा लिच्छवि शासन शुरु भएको देखिन्छ । जगदीशचन्द्र रेग्मीले भने नेपालमा लिच्छवि शासन ईशापूर्व तेस्रो शताब्दीमा शुरु भएको मानेका छन् । मानदेवसम्म कूल ३९ पुस्ता मानेर उनले यो तर्क गरेका हुन् । यसरी लिच्छवि वंशको थालनीबारे विद्वानहरूबीच मतैक्यता रहेको पाईंदैन । तर लिच्छवि वंशको थालनीबारे स्पष्ट रूपमा बुझ्न नसकिए तापनि अधिकांश विद्वानहरू ईश्वी शताब्दीको आरम्भसँगै नेपालमा लिच्छवि शासन शुरु भएको मान्दछन् । अस्तुः ।

**सन्दर्भ सामग्री**


१. आचार्य, बाबुराम, प्राचीनकालको नेपाल, काठमाडौं: श्रीकृष्ण आचार्य, वि.सं. २०६० ।

२. झा, हितनारायण, दि लिच्छविज (अफ वैशाली), वाराणसी: चोखम्बा संस्कृत सिरिज, ई.सं. १९७० ।

३. रेग्मी, जगदीशचन्द्र, प्राचीन नेपालको राजनीतिक इतिहास, काठमाडौं: ने.रा.प्र.प्र., वि.सं. २०३५ ।

४. .............., लिच्छवि संस्कृति, काठमाडौं: रत्न पुस्तक भण्डार, वि.सं. २०२६ ।

५. बज्राचार्य, धनबज्र, लिच्छविकालका अभिलेख, काठमाडौं: ने.ए.अ.केन्द्र, त्रि.वि., वि.सं. २०३० ।

६. शर्मा, बालचन्द्र, नेपालको ऐतिहासिक रूपरेखा, बाराणसी: कृष्णकुमारीदेवी, वि.सं. २०४२ ।

७. *शाह, ऋषिकेश, एनसिएन्ट एण्ड मिडियभल नेपाल, न्यू दिल्ली: मनोहर पब्लिसर्स, ई.सं. १९९२ ।*


*(डा. कायस्थ भक्तपुर बहुमुखी क्याम्पस भक्तपुरका इतिहास विभागका विभागीय प्रमुख हुनुहुन्छ । (Email:balaram.kayastha@gmail.com) मा उहाँसँग सम्पर्क गर्न सक्नुहुन्छ ।)*

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
